## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री ताहिर अली अन्सारी,** दे.पु.नं. २०६७-CI-०३३९, निषेधाज्ञा, *रामतपेश्वर दास वि. अवधकिशोर प्रसाद समेत*

कब्जा खिचोला गर्ने आशंका जनाई निषेधाज्ञाको दावी गरिएको जग्गामा निवेदकको निर्विवाद हकभोग रहेको भन्ने कुरा निज निवेदकले देखाउन सकेको पाइँदैन । निर्विवाद हकभोग देखाउन नसकेको स्थितिमा निषेधाज्ञाको आदेश जारी हुन सक्दैन । त्यसमा अझ विपक्षीहरूको विवादित जग्गामा भोग बसोबास रहेको भनी लिखित जवाफमा उल्लेख भएको र सो कुरालाई पुनरावेदकले अन्यथा जिकीर लिन सकेको नहुँदा आशंकाको अवस्था समेत देखिएन । निषेधाज्ञाबाट यथास्थितिमा राख्नको लागि आदेश जारी हुनेमा काम नै सम्पन्न भई आशंका नै समाप्त भइसकेपछि निषेधाज्ञा जारी हुनुको कुनै प्रयोजन रहँदैन । विवादित जग्गाको हक बेहकका सम्बन्धमा धनुषा जिल्ला अदालतमा विचाराधीन निर्णय बदर मुद्दाबाट ठहरेबमोजिम हुने नै हुँदा प्रस्तुत मुद्दामा मागबमोजिमको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृतः टीकाराम आचार्य
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०६९ साल असार २१ गते रोज ५ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री ताहिर अली अन्सारी,** दे.पु.नं. २०६७-CI-०५२२, परमादेश, *नेपाल विद्युत प्राधिकरण जनकपुर केन्द्र जनकपुरको अख्तियारप्राप्त ऐ.का केन्द्र प्रमुख कुशेश्वरप्रसाद साहू वि. अनीतादेवी जयसवाल*

कुनै व्यक्तिले अरू व्यक्ति बसोबास गरिरहेको घर खरीद गर्ने क्रममा घरमा जडान भएको बिजुलीबाट विद्युत उपभोग गरेबापतको बक्यौता तिर्न बाँकी रहेको छ, छैन भन्ने कुरा थाहा जानकारी नलिई त्यस्तो घर खरीद गरी लिएको होला भनी अनुमान गर्न सकिँदैन । त्यसका अतिरिक्त विद्युतशक्ति उपभोग गरेको बक्यौता बाँकी रहेको घरमा स्वामित्व परिवर्तन हुँदै गएको आधारमा नयाँ लाइन जडान गरिदिँदै जाने हो भने एकातिर विद्युत प्राधिकरणको बक्यौता रकमको असूलउपरमा स्वाभाविक रूपमा नकारात्मक असर पर्छ र अवरोध खडा हुन्छ भने अर्कोतर्फ सर्वसाधारणलाई विद्युत सेवाको वितरणमा राज्यको स्रोत साधन र क्षमतामा समेत असर पर्दछ । तसर्थ पहिलेको घरधनीले तिर्न बाँकी रहेको बक्यौतालाई आधार बनाई यी प्रत्यर्थी अनीतादेवी जयसवालले खरीद गरी लिएको घरमा विद्युत जडान गर्न अस्वीकार गर्न मिल्ने ।

इजलास अधिकृतः टीकाराम आचार्य
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०६९ साल असार २१ गते रोज ५ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६६-CI-०८८६, निषेधाज्ञामिश्रित परमादेश, *मुख्तार मियाँ वि. जिल्ला शिक्षा कार्यालय, कपिलवस्तु समेत*

अवकाश र निलम्बन गर्ने गरी भएको निर्णयबारे स्पष्टीकरण पेश गर्न निवेदक महेन्द्र प्राथमिक विद्यालयलाई लेखी पठाइएकोमा विद्यालयबाट स्पष्टीकरण पेश नभएकाले शिक्षकहरू तुल्सीराम जैसवाल र राजाराम कल्वारलाई काजमा राखिएको भन्ने उल्लेख गरिएको पाइयो । निज शिक्षकहरूलाई विद्यालयमा पठाउने गरी कुनै निर्णय भएको भन्ने मिसिल कागजबाट देखिन आएको छैन र लिखित जवाफमा पनि सो सम्बन्धमा कुनै निर्णय भएको उल्लेख गरेको पाइँदैन । शिक्षकहरू तुल्सीराम र राजाराम सरकारी स्रोतबाट तलव खाने स्वीकृत दरबन्दीका शिक्षक हुन् भन्नेमा कुनै विवाद रहेको छैन । निज शिक्षकहरूलाई जिल्ला शिक्षा कार्यालयमा बसेको बैठकको निर्णयबमोजिम जिल्ला शिक्षा कार्यालयमा काजमा राख्ने गरी विपक्षी शिक्षा समितिबाट २०६५।५।३१ मा निर्णय भइसकेको भन्ने मिसिल कागजबाट देखिन आएको छ । उक्त काजमा राख्ने गरी भएको निर्णय बदर नभई यथावत रहेको अवस्थामा मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुन सक्ने अवस्था हुँदैन । शिक्षा ऐन, २०२८ को दफा १२ को उपदफा (६) को खण्ड (च) मा शिक्षा कार्यालयबाट खटिएको शिक्षकलाई हाजीर गराई काममा लगाउने तथा ऐ. को खण्ड(झ)

मा जिल्ला शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयले दिएको आदेश तथा निर्देशनहरूको पालना गर्नुपर्ने भनी सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा उल्लेख भएको पाइयो। साथै शिक्षा नियमावली, २०५९ को नियम २५ को उपनियम १ को खण्ड (द) मा जिल्ला शिक्षा कार्यालयले दिएको निर्देशनअनुरूपका काम गर्ने भनी सामुदायिक विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार उल्लेख भएको देखिन्छ। ऐन र नियमको उल्लिखित व्यवस्थालाई हेर्दा निवेदकको मागबमोजिमको निषेधाज्ञा र परमादेशको आदेश जारी हुन नसक्ने।

इजलास अधिकृतः टीकाराम आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवते २०६९ साल असार २१ गते रोज ५ शुभम्।

४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री ताहिर अली अन्सारी,** दे.पु.नं. २०६८-CI-०५७६, परमादेश, *हकमा समेत लक्ष्मीप्रसाद अधिकारी वि. हरिशरण आचार्य*

गुठी व्यवस्थापन समितिको कार्यकाल बाँकी रहँदै अर्को व्यवस्थापन समिति गठन गरिएको हुँदा बरबुझारथ गर्नुपर्ने होइन भनी यी पुनरावेदकले जिकीर लिए तापनि हरिशरण आचार्यलाई गुठी व्यवस्थापन समितिको अध्यक्ष बनाउने निर्णयउपर कुनै चुनौती नदिएको र उक्त निर्णय यथावत् रहिरहेको अवस्थामा निवेदकको मागबमोजिम बरबुझारथ गर्नुपर्ने होइन भन्ने पुनरावेदन जिकीर मनासिब नहुने।

इजलास अधिकृतः टीकाराम आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल असार २१ गते रोज ५ शुभम्।

५

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री ताहिर अली अन्सारी,** दे.पु.नं. २०६६-CI-०९५७, परमादेश, *याममाया गुरुङ वि. यूनाइटेड वचत तथा ऋण सहकारी संस्था लि. समेत*

निवेदक आफैं मालपोत कार्यालयमा उपस्थित भई आफ्नो जग्गा सहकारी संस्थाको नाममा धितो दिएको विषयलाई लोप गरी अन्य विषयहरूलाई उल्लेख गरी निवेदन दिएको पाइयो। आफूलाई परेको पीरमर्काको उपचार पाउनका लागि अदालतमा निवेदन लिई आउँदा सत्य साँचो व्यहोरा उल्लेख गरी सफा हात लिएर प्रवेश गर्नुपर्नेमा सो नगरी निवेदक अदालतमा प्रवेश गरेको देखिनुको साथै धितो जग्गा लिलाम बिक्री भैसकेको भन्ने लिखित जवाफ रहेको छ। परमादेशको मागबाट लिलाम बदर हुने पनि होइन। तसर्थ, निवेदन खारेज हुने।

इजलास अधिकृतः टीकाराम आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल असार २१ गते रोज ५ शुभम्।

६

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६६-CI-०७१९, ०७२०, लिखत दर्ता बदर, *देवकुमार साहू वि. सिमलकुमार साहू समेत, प्रेमचन्द साहू वि.सिमलकुमार साहू समेत*

प्रतिवादीहरूका बीच विवादित जग्गाका हक हस्तान्तरण हुँदा वादीमध्येका सिमलकुमारको जन्म भैसकेको अवस्था देखिँदैन। यसरी जग्गा हस्तान्तरण गर्दाको बखत अस्तित्वमा नै नरहेको र हक नै सिर्जना भै नसकेका वादी सिमलकुमारको हकमा समेत लिखत बदर गर्न न्यायोचित नहुने।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६८ साल चैत २६ गते रोज १ शुभम्।

- यसै लगाउको फौ.पु.नं. ०६६-CR-०४९२, ०४९३, जालसाजी, *देवकुमार साहू वि. सिमलकुमार साहू समेत, प्रेमचन्द साहू वि.सिमलकुमार साहू समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

७

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रकाश वस्ती,** रि.नं. ०६४-WO-१०५२, उत्प्रेषण समेत, *विजयरामभक्त माथेमा समेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

साविकमा निवेदकरूको नाममा दर्ता स्रेस्ता कायम भएको जग्गा पछिल्लो नापीबाट सार्वजनिक बाटो कायम गरी नेपाल सरकारको नाममा दर्ता स्रेस्ता कायम गर्दा निवेदकहरूलाई बुझेको वा निजलाई आफ्नो

सबूद प्रमाण पेश गर्ने अवसर प्रदान गरेको भन्ने मिसिल संलग्न कागजातबाट देखिँदैन । यस प्रकार एकाको नाममा दर्ता रहेको जग्गा निजलाई कुनै थाहा जानकारी नै नदिई सम्बन्धित जग्गाधनीलाई बुझ्दै नबुझी नेपाल सरकारको नाममा दर्ता कायम गर्ने गरेको नापी गोश्वाराको मिति २०६२।५।६ को निर्णय प्राकृतिक न्यायको सिद्धान्तअनुरूप देखिन नआएबाट निवेदकहरूको नाममा दर्ता कायम रहेको जग्गा निजहरूलाई नबुझी नेपाल सरकारको नाममा दर्ता गरेको मिति २०६२।५।६ को निर्णय बदर भई अब जो जे बुझ्नुपर्ने हो बुझी ठहरेबमोजिम निर्णय गर्नु भनी विपक्षी मालपोत कार्यालय, कलंकीको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल चैत २६ गते रोज १ शुभम् ।

८

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** मुद्दा नं.२०६६-CR-०८७५, मोटरसाइकल चोरी, *रोशनकुमार यादव वि. नेपाल सरकार*

चोरीको मोटरसाइकलसँगै प्रतिवादीहरू पक्राउ परेको र जाहेरवालाले प्रतिवादीहरूलाई चिनी सनाखत गरेको समेत अवस्थामा अदालतसमक्ष गरेको प्रतिवादीहरूको इन्कारी बयानभन्दा अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साविती बयान स्वतन्त्र प्रमाणहरूबाट पुष्टि भएबाट बढी विश्वसनीय देखिन आएबाट प्रतिवादीहरूको अदालतमा आरोपित कसूरमा इन्कारी बयान गरे पनि सो इन्कारी बयान पुष्टि हुन नसकेकोले दावीअनुसार कसूर गरेको ठहर हुने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी
कम्प्युटरः मुकुन्द विष्ट
संवत् २०६८ साल चैत २६ गते रोज १ शुभम् ।

९

**का.मु.स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** फौ.पु.नं. २०६७-CR-००२४, सवारी ज्यान, *नेपाल सरकार वि. रामकुमार महतो चौधरी समेत*

सवारी चालक अनुमति पत्र प्राप्त नगरेको व्यक्तिमा सवारी चलाउन आवश्यक पर्ने दक्षता, कुशलता, र क्षमताको अभाव रहेको हुन्छ । त्यस्तो व्यक्तिले सवारी चलाउँदा दुर्घटना हुने वा सम्भावित जोखिमी परिणाम आउने कुरा सहज रूपमा जानकारी लिने वा अनुमान गर्न सकिने विषय हो । त्यसरी सवारी चलाउनमा दक्षता र अनुभव नभएको व्यक्तिले सवारी चलाउँदा ठक्कर लागी वा किचेर मानिस मर्न सक्छ भन्ने सम्भावित परिणामको पूर्व कल्पना वा जानकारी हुँदाहुँदै निजले सवारी चलाएर मान्छेलाई ठक्कर दिई मार्ने क्रियालाई लापरवाहीपूर्वक सवारी चलाएको भनी मान्नुपर्ने ।

प्रतिवादी रामकुमार महतोले सवारी चालक अनुमतिपत्र बिना सवारी चलाउँदा दुर्घटना भई मानिस मर्न सक्छ भन्ने कुराको परिणाम जानीजानी लापरवाहीपूर्वक सवारी चलाएको देखिँदा उल्लिखित ऐनको दफा १६१ (२) अनुसारको कसूर गरेको देखिन आयो । तसर्थ निज प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐनको १६१(२) बमोजिम कसूरदार ठहर भै २ वर्ष कैद सजाय गर्नुपर्ने ।

इजलास अधिकृतः टीकाराम आचार्य
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०६९ साल असार ३ गते रोज १ शुभम् ।

१०

**का.मु.स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** फौ.पु.नं. २०६७-CR-०४६७, RC-००२०, कर्तव्य ज्यान, *नेपाल सरकार वि.दलबहादुर सारू समेत, नेपाल सरकार वि. दलबहादुर सारू*

कविता कुमालले गरिदिएको कागज, प्रतिवादी दलबहादुरले लगाउने गरेको टोपी लास नजिक भेटिएको दशी प्रमाण, रूमा थापालगायतका व्यक्तिहरूको किटानी बकपत्र, घटनास्थल प्रकृति मुचुल्काको विवरण समेतका प्रमाणबाट प्रतिवादी दलबहादुर सारूको वारदातमा संलग्नता रहेको कुरा पुष्टि हुन आएको देखिँदा निजलाई अभियोग दावीबमोजिमको सजाय हुने ।

वादी पक्षका साक्षीहरूले अनुमानको भरमा पोलसम्म गरेको पाइए तापनि सो कुरालाई अन्य कुनै पनि स्वतन्त्र प्रमाणबाट समर्थित हुन सकेको नपाइँदा प्रतिवादीहरू शेरबहादुर, पृथिमा र चनिसराको वारदात घटाउनमा संलग्नता रहेको भन्ने प्रमाणित हुन सकेको पाईंदैन । यस्तो अवस्थामा अनुमान र शंकाको आधारमा

निज प्रतिवादीहरूलाई कसूरदार ठहर गर्न न्यायको सिद्धान्त र कानूनअनुरूप नहुने ।

प्रतिवादीमध्येका दलबहादुर सारूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने र अन्य प्रतिवादीहरूले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः टीकाराम आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल असार ३ गते रोज १ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६६-CI-०५५५, ०५५६, फैसला बदर अंश, *गुलजारी केवटिन समेत वि. चन्नर केवट, तुफानी केवट समेत वि. चन्नर केवट*

उखडामा प्राप्त जग्गा समेत अंशियाराबीच बण्डा लाग्ने भनी यस अदालतबाट (*नेकाप* २०४६, अङ्क ७ नि.नं. ३८९४, पृष्ठ ७९४) सिद्धान्त प्रतिपादन भैरहेको परिप्रक्ष्यमा प्रतिवादीसाथ सगोलमा रहेका उखडाबाट प्राप्त जग्गा समेत अंशबण्डा हुन सक्ने देखिन्छ । २०४० सालमा दे.नं. ७९२ को अंश मुद्दामा पैतृक सम्पत्ति नभएको र उखडा जग्गा बिक्री हुँदा वादीको एक भाइ अंशियाराबाट दायर मुद्दामा दावी पुग्न नसक्ने गरी मिति २०४१।१२।२१ मा भएको फैसला त्रुटिपूर्ण भै बदर भएको अवस्थामा मुलुकी ऐन, अ.बं. ८५ नं. बमोजिम प्राङ्न्यायसम्बन्धी कानूनी व्यवस्था आकर्षित भई यी वादीले अंश नपाउने भन्दा अंश जस्तो नैसर्गिक हकबाट बञ्चित हुन जाने अवस्था सिर्जना हुन पुगी सो कानूनी र न्यायिक दृष्टिले समेत उपयुक्त देखिन नआउने ।

वादी प्रतिवादीहरूबीच नातामा विवाद नभएको, अघि अंश पाएको एवं रीतपूर्वकको बण्डापत्र भएको भनी प्रतिवादीबाट प्रमाण पेश भएको नदेखिनुको साथै यस अदालतद्वारा प्रतिपादित उल्लिखित नजीर समेतबाट वादीले अंश पाउने देखिएकोले २०४० सालको दे.नं. ७९२ को अंश मुद्दामा रूपन्देही जिल्ला अदालतबाट मिति २०४१।१२।२१ को फैसला समेत बदर गरी प्रतिवादीरूबाट पेश भएको तायदाती फाँटवारीको सम्पूर्ण सम्पत्तिको ४ भागको १ भाग अंश वादीले पाउने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६८ साल चैत २१ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६६-CI-०५५३, ०५५४, अंश नामसारी, *गुलजारी केवटिन समेत वि. फौदार केवट समेत, तुफानी केवट समेत वि. फौदार केवट समेत*
- २०६६-CI-०५५७, ०५५८, मिलापत्र फैसला बदर, *तुफानी केवट वि. चन्नर केवट, रामदेव केवट वि. चन्नर केवट*

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-CI-०३७२, जग्गा खिचोला मेटाई घर उठाई सडक जग्गा सार्वजनिक कायम गरिपाऊँ, *राजेन्द्र साहू वि. रामसुन्दर यादव*

सार्वजनिक सडकमा कसैलाई घर बनाउन अनुमति दिने अधिकार प्रचलित ऐनले गाउँ विकास समितिलाई प्रदान गरेको देखिँदैन । वादीले भत्काई सार्वजनिक सडक कायम गरिपाऊँ भनेका घरहरू आफ्नो हक स्वामित्वको जग्गामा निर्माण गरेको भन्ने प्रतिवादीको प्रतिउत्तर जिकीर रहेको भएको पाइँदैन । प्रतिवादीले निर्माण गरेका विवादित घरहरू सार्वजनिक सडकक्षेत्रभित्र रहेको देखिँदा व्यक्तिगत हक अधिकारभित्रको पर्ने भन्न नमिली सार्वजनिक सडकमा बनेको देखिएकोले उक्त घरहरू उठाई सार्वजनिक सडक कायम गर्नुपर्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुगाना

इति संवत् २०६८ साल फागुन ३ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको WO-१०१०, उत्प्रेषणमिश्रित परमादेश समेत, *इयुसफ्ट ओभरसिज नेपाल प्रा.लि. को तर्फबाट ऐ.को अधिकारप्राप्त धनकुमार राई वि. राजश्व अनुसन्धान विभाग, हरिहरभवन ललितपुर*

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ को समूह ७ ले मुद्रण भैसकेको (Printed) किताबलाई समेटेको देखिए पनि Online सेवामार्फत् कारोवार हुने E-book लाई समेटेको देखिन नआएकोले E-book को बिक्री कारोवारलाई मूल्य अभिवृद्धि कर छूट हुने कारोवार मान्न नमिल्ने ।

करसम्बन्धी प्रचलित नेपाल कानूनबमोजिम नेपाल सरकारको निर्णयअनुरूप कर अधिकृतको रूपमा तोकिएको राजश्व अनुसन्धान अधिकृतले उक्त मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा तोकिएको कानूनी प्रावधानबमोजिम करदाताले तिर्नुपर्ने कर निर्धारण गर्नसक्ने नै देखिएकोले निवेदकका हकमा राजश्व अनुसन्धान विभागका राजश्व अनुसन्धान अधिकृतबाट मूल्य अभिवृद्धि कर ऐनबमोजिम लाग्ने कर निर्धारण गरेको कार्यलाई कानूनी क्षेत्राधिकार विहीन रहेको भनी मान्न नमिल्ने ।

अनुसन्धानबाट निवेदकले तिर्नु, बुझाउनु पर्ने गरी निर्धारण गरिएको कर रकम निवेदक कम्पनीका सञ्चालक विदेशी नागरिक रहेको कारण राज्य छाडी जानसक्ने वा आफ्नो सम्पत्ति अरू कसैलाई हस्तान्तरण गर्ने, हटाउने, वा लुकाउने सम्भावना भई कर असूली हुन नसक्ने अवस्थालाई मध्यनजर राखी निवेदकको खाता रोक्का राखेको भन्ने अनुसन्धानसम्बन्धी मिसिलबाट देखियो । म्यादभित्र बुझाउनुपर्ने कर कुनै करदाताले नबुझाएमा करदाताको चल, अचल सम्पत्ति कब्जामा लिई कर असूल गर्न सक्ने गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१(१)(ख), र दफा २३(घ) तथा आयकर ऐन, २०५८ को दफा ११०(१)(ख) ले कर अधिकृतलाई अधिकार दिएको देखिँदा उक्त कानूनी व्यवस्थाअनुसार निवेदकको चल सम्पत्तिको रूपमा रहेको खाताको नगद रकम रोक्का राख्न र त्यसबाट निर्धारित कर रकम असूलउपर गर्न कुनै कानूनी बाधा रहेको नदेखिँदा निवेदकको खाता रोक्का राख्ने कार्यलाई कानूनविपरीत भएको भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल जेठ २३ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६७-CR-०५०८, ०५३२, कर्तव्य ज्यान, *टीका घर्ती वि. नेपाल सरकार, नेपाल सरकार वि. नेत्रबहादुर महरा*

प्रतिवादी टीका घर्तीले जीवित बच्चा जन्माई उक्त बच्चालाई घाँसले पुरेर छाडी आमाले पूरा गर्नुपर्ने कर्तव्य पूरा नगरेको कारणबाट मृतक बच्चाको मृत्यु भएको तथ्य स्थापित भई यी प्रतिवादी टीका घर्तीको कारण कर्तव्यबाट मृतक बच्चाको मृत्यु भएको देखिन आयो । यस्तो अवस्थामा यी पुनरावेदक प्रतिवादी टीका घर्तीलाई अभियोग माग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जन्मकैदको सजाय हुने ।

तर यी प्रतिवादी टीका घर्तीले तत्काल कसूर गर्दाको अवस्थामा निजको उमेर १८ वर्ष मात्र भै पूर्ण परिपक्व भएको अवस्था नहुनुको साथै निजले वैवाहिक सम्बन्ध नभएको व्यक्तिसँग अवैधानिक शारीरिक सम्पर्क राखेको कारणबाट गर्भधारण गरेकोले सामाजिक लोकलाजबाट बच्नको लागि उल्लिखित अपराध गरेकोले यी पुनरावेदक प्रतिवादी टीका घर्तीलाई कानूनबमोजिम ठहर भएको सजाय गर्दा चर्को पर्ने देखिएको र ठहरबमोजिम सजाय गर्नु न्यायोचित नदेखिएकोले निजलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ३(तीन) वर्ष, ४(चार) महिना २ (दुई) दिन मात्र कैद सजाय हुने ।

प्रतिवादी टीका घर्तीले प्रतिवादी नेत्रबहादुर महरालाई पोल गरेको कुरा तथ्ययुक्त रूपमा स्थापित हुन सकेको देखिएन । ज्यानसम्बन्धी महलको १३(४) नं. को कसूर हुनलाई कुनै जीवित व्यक्तिलाई मार्नलाई कर्तव्य गराउन तत्काल अह्राउने व्यक्तिलाई सजाय हुने व्यवस्था हो र त्यस्तो कसूर तथ्ययुक्त तरीकाले स्थापित भएको अवस्थामा मात्र कसूरदारलाई सजाय हुने हो । सो बाहेक अन्य स्वतन्त्र र तथ्ययुक्त प्रमाणको अभावमा ज्यान जस्तो गम्भीर अपराधमा केवल सहअभियुक्तको तथ्य र आधार बिना गरेको पोललाई मात्र आधार मानी ज्यानसम्बन्धी महको १३(४) नं. को कसूर ठहर गर्नु न्यायोचित् नहुँदा निज प्रतिवादी नेत्रबहादुर महराले आरोपित कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

इति संवत् २०६८ साल चैत ८ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४-CI-०८१८, फैसलाबमोजिम घरजग्गा फुकुवा, *इन्दिरादेवी शर्मा वि. नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय समेत*

यिनै वादी र प्रतिवादीबीच चलेको मिति २०५९।९।२९ मा भएको फैसलामा वादीले गरिदिएको लिखतको शर्तबमोजिम रू. २,९३,०००।- सम्मको रकम दाखिला गर्न ल्याएका बखत धितोमा रहेको निजको कि.नं. १९७ को घरजग्गा प्रतिवादी नेपाल बैंक लिमिटेडले फुकुवा गरी दिनु पर्ने ठहऱ्याई गरेको फैसला अन्तिम भैसकेको अवस्थामा अहिले आएर बैंक ग्यारेन्टीसम्म बसेकाले रकम लिए खाएको नभै बुझाउनु नपर्ने भन्ने वादीको पुनरावेदन जिकीर मनासिब देखिन आएन। पुनरावेदक वादीले बैंक ग्यारेन्टी दिएको रू. २,९३,०००।- विपक्षी बैंकलाई बुझाएको बखत कि.नं. १९७ को घरजग्गा फुकुवा गरिदिनु पर्ने।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६९ साल जेठ १६ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६३ सालको CI-०११६, ००६२, जग्गा खिचोला मेटाई घर उठाई चलन, *लक्ष्मीदेवी पोखरेल वि. ललितादेवी पोखरेल समेत, ललितादेवी पोखरेल समेत वि. लक्ष्मीदेवी पोखरेल*

मिति २०६१।४।१३ मा भएको नक्सा मुचुल्कामा उल्लिखित न.नं. १२ को विवादमा आएको जग्गाको पूर्व विन्दू अर्थात् न.नं. १२ को उत्तरतर्फ ३ फीट जग्गा वादीको कायम गरी सो न.नं. १२ को उत्तरपूर्वको विन्दुबाट न.न. ३७ को आँपको रूख प्रतिवादीको कायम गरी सो आँपको रूखको फेदको पश्चिम बिन्दुसम्म सीधा रेखाबाट पश्चिमतिर पर्न जाने हदसम्मको न.नं. १० र १२ को जग्गासम्म वादीको कायम गरी सोही हदसम्मको जग्गा प्रतिवादीले खिचोला गरेको ठहर गरेकोमा यस अदालतबाट मिति २०६८।२।१२ को आदेशानुसार भई आएको नक्सा मुचुल्काको समग्र विश्लेषणबाट पनि पुनरावेदन अदालतले लिएको आधार प्रमाणको मूल्याङ्कनअनुरूप नै प्रतिवादीको खिचोला मेटाई पुनरावेदक वादीले चलन पाउने।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६८ साल माघ ८ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-WH-००४४, उत्प्रेषण, बन्दीप्रत्यक्षीकरण समेत, *रवीन्द्रबहादुर सिँह समेत वि. गृह मन्त्रालय समेत*

बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा १८ ले यस ऐनअन्तर्गत सजाय हुने मुद्दा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा समावेश भएको मानिनेछ भन्ने व्यवस्था गरेको देखिनुको साथै सरकारी वकीलसम्बन्धी नियमावली, २०५५ को नियम १६ ले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूचीभित्रका मुद्दा वा नेपाल सरकार वादी हुने मुद्दामा महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भएबमोजिम मुद्दा चल्ने, नचल्ने निर्णय गर्ने अधिकार जिल्ला न्यायाधिवक्तालाई तोकेको देखिँदा विपक्षी जिल्ला सरकारी वकील कार्यालय, बाराको क्षेत्राधिकारअन्तर्गत अनुसन्धान तहकीकात भएको, प्रस्तुत रिट निवेदनमा उल्लिखित बैंकिङ्ग कसूर तथा अपराध मुद्दाको अभियोग विपक्षी जिल्ला सरकारी वकील कार्यालय, बाराबाट पुनरावेदन अदालत, वाणिज्य इजलास हेटौंडामा दायर गरेको कार्यमा कुनै कानूनी त्रुटिको विद्यमानता नदेखिँदा यी रिट निवेदकहरू रवीन्द्रबहादुर सिँह र राधाकृष्ण अमात्यको निवेदन मागबमोजिम आदेश जारी गर्न नपर्ने।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६८ साल फागुन १ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-WO-०३३४, उत्प्रेषण, परमादेश, *रामरतन महतो वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

निवेदकले कानूनविपरीत ठेक्का दिएको भनी दावी लिई उजूरी दिएको विषय आधिकारिक निकायमा कारवाहीको प्रक्रियामा भई निर्णय हुन बाँकी रहेको अवस्थामा अन्तरिम रूपमा माछा मार्न ठेकेदारलाई फुकुवा गरेकोसम्म अनुसन्धान आयोग वा विशेष अदालतमा समेत उजूर गर्नसक्ने वैकल्पिक उपचारको मार्ग रहेकोमा सो उपचारको मार्ग अवलम्बन गरेको देखिन आएन । सामान्य कानूनसअन्तर्गत निवेदकलाई वैकल्पिक उपचार रहँदारहँदै एउटा संवैधानिक निकायमा विचाराधीन कारवाहीको विषयमा यस अदालतको रिट क्षेत्रबाट हस्तक्षेप गर्दा अन्तिम निर्णय हुँदाका बखत समेत अवरोध पुग्न जाने देखिँदा सो गर्न उपयुक्त देखिन नआउने ।

निवेदकले दावी गरेको विषय अख्तियार दुरूपयोग अनुसन्धानको कारवाहीको सिलसिलामा रही अन्तिम निर्णय भैसकेको नदेखिएको र अन्तरिम रूपमा माछा मार्न रोक्का फुकुवा गरेउपर चित्त नबुझेमा उजूर गर्नसक्ने निवेदकलाई वैकल्पिक उपचारको मार्ग समेतको विद्यमानता रहेकोले मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल जेठ १७ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको स.फौ.पु.नं. ०६६-CR-०८१५, भ्रष्टाचार, *नेपाल सरकार वि. सुनीता सुवेदी (वस्ती)*

उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमीले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई मिति २०६५।५।२० को पत्रसाथ पठाएको प्रमाणीकरणको आधारमा कसूर कायम गरी मिति २०६५।६।२६ मा मात्र अनुसन्धान अधिकृत तोकी रीतपूर्वक अनुसन्धान कार्य प्रारम्भ भएको देखिन्छ । सो भन्दा अघि यी प्रतिवादी सुनीता सुवेदीको प्रमाणपत्रका सम्बन्धमा अन्य थप छानबीन गरिएको लगायतका कुनै पनि अनुसन्धान तहकीकातका कामकारवाही भएको वा विवादित प्रमाणपत्रलाई अन्यथा गरे भनेको भन्ने कुरा पनि देखिँदैन । यस्तो अवस्थामा यस अदालतको पूर्ण इजलासबाट प्रतिपादित *प्रमिला राई वि. नेपाल सरकार* भएको भ्रष्टाचार मुद्दा (*नेकाप* २०६८, पुस नि.नं. ८६९७, पृष्ठ १६७५) को सिद्धान्त समेतको आधारमा कसूर कायम नगर्दाको अवस्थासम्म यी प्रतिवादी सुनीता सुवेदी (वस्ती) को विवादित प्रमाणपत्रको निरन्तरता पाइरहेको हुँदा तथा उक्त प्रमाणपत्र अन्यथा नभएसम्म उक्त विवादित प्रमाणपत्रको अस्तित्व निरन्तर रही नै रहने हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ (२) को प्रयोजनार्थ उक्त विवादित प्रमाणपत्रको अस्तित्वलाई भ्रष्टाचारको सम्बन्धमा निरन्तर कार्य भएको मान्नुपर्ने ।

शैक्षिक योग्यताको विवादास्पद प्रमाण पत्रले निरन्तरता पाइरहेको अवस्थामा उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमीले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई २०६५।५।२० को पत्र साथ पठाएको प्रमाणीकरणको आधारमा कसूर कायम गरी मिति २०६५।६।२६ मा अनुसन्धान अधिकृत तोकी मिति २०६६।५।१० मा अभियोगपत्र दायर गरेको देखिँदा प्रस्तुत मुद्दामा हदम्याद नघाई अभियोग दायर भएको भन्न नमिल्ने हुँदा मुद्दा पुनः निर्णयको लागि विशेष अदालत, काठमाडौंमा पठाउनु पर्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६८ साल चैत १ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६८ सालको RC-००१७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जगबहादुर राना*

प्रतिवादी जगबहादुर रानाले अदालतमा बयान गर्दा विगत एक महिना अघिबाट सुमित्राले आफ्नो बुढालाई मलाई गोलीले सुट गरी देऊ भनेको हुँदा निज मृतक विरूद्ध रिस लिएको थिएँ मिति २०६६।६।५ मा आफ्नै गोठबाट आउदै गर्दा आफ्नो हातमा भएको खुर्पाले रक्सी पार्दै हो वा भाँडा धुँदै गरेको सुमित्रालाई दुई पल्ट घाँटीमा प्रहार गरी मारेको हुँ । सर्जमीन र वस्तुस्थिति मुचुल्काको व्यहोरा ठीक हो, कानूनले जसो गर्छ भोग्न तयार छु । कमै सजाय भए राम्रो हुने थियो, आइन्दा

यस्तो काम गर्ने थिइन, दशीको खुर्पा देखेँ चिनेँ सुमित्राको हत्या गर्न प्रयोग गरेको यही हो । साक्षी र वकील केही पनि राख्न सक्दिन भनी मृतकलाई आफूले मार्नुपर्नेसम्मको कारणसहित सिलसिलावद्ध रूपमा कर्तव्य गरी मारेको कुरालाई स्वीकार गरी आरोपित कसूरमा पूर्ण रूपमा सावित भई बयान गरेको पाइयो । साथै मिसिल संलग्न मृतकको फोटोलाई समेत प्रतिवादीले बयान गर्दा देखेँ, चिनेँ, सनाखत गरेँ, कर्तव्य गरी मारिएकी मृतक यिनै हुन् भनी उल्लेख गरेका र उक्त लासको टाउको र शरीर छुट्टाछुट्टै भएको समेतका मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादी जगबहादुर रानाले मृतक सुमित्रा आलेलाई कर्तव्य गरी मारेको शंकारहित तवरबाट पुष्टि भइरहेको देखिएकोले प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १ नं. र ऐ. १३(१) नं. विपरीतको कसूरमा ऐ. १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल माघ २० गते रोज ६ शुभम् ।

११

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको WO-०६७५, उत्प्रेषणयुक्त परमादेश समेत, *शिवकुमारी ठठेर वि. चक्रमान भन्ने चिरकुट थारू चौधरी समेत*

न्यायिक प्रक्रियाअन्तर्गत विवादका सबै पक्षहरूलाई आफ्नो भनाई राख्ने पर्याप्त र उचित अवसर प्रदान गर्नु अर्थात् सुनुवाइको उचित र पर्याप्त मौका प्रदान गर्नु प्राकृतिक न्यायका सिद्धान्तको मुख्य उद्देश्य हो । यो नेपालको न्याय प्रणालीको प्राथमिक र मूलभूत विशेषता पनि हो । सुनुवाइको मौका दिनुको अर्थ कागजमा देखावटी प्रक्रिया पूरा गर्न मात्र नभएर वास्तवमा नै सम्बन्धित पक्षले त्यस्तो अवसर कानूनअनुरूप प्राप्त गरेको छ भनी देखिनुपर्ने ।

देखावटी रूपमा तयार गरिएको कागजी प्रक्रियाले मात्र प्राकृतिक न्यायको सिद्धान्तको उद्देश्य पूरा गर्दैन । वास्तविक रूपमा सम्बन्धित पक्षले सुनुवाइको मौका दिएर आफूउपरको दावी वा आरोपको खण्डन वा प्रतिवाद गर्न नपाएको अवस्थालाई सुनुवाइको उचित मौका दिएको भन्न मिल्दैन र त्यस्तो सुनुवाइको मौकाले स्वच्छ सुनुवाइको मापदण्ड पूरा गरेको छ भनी भन्न पनि नमिल्ने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल माघ १३ गते रोज ६ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CI-०४४६, बाटो हक कायम दर्ता बदर, *राजकुमार साह कलवार वि. रामजीप्रसाद साह कलवार समेत*

जनकपुर शहरीक्षेत्र नापी क्याम्पबाट मिति २०४५।७।१९ मा भएको सरजमीन मुचुल्कामा यी पुनरावेदक प्रतिवादी राजकुमार समेतले कि.नं. ७७ देखि दक्षिणको जग्गाधनी हामी दाजुभाइहरूको आवतजावत गर्ने बाटो हो भनी आफ्नो व्यहोरा समेत लेखाएको पाइन्छ । उक्त कि.नं. ७७ कित्ताकाट भै प्रत्यर्थी प्रतिवादीहरूको नाम दर्ताको कि.नं. १०४ तथा १०५ कायम भएको र सो जग्गाको दक्षिणमा कि.नं. ७९ को जग्गा रहेकोमा पनि विवाद छैन । यस्तो स्थितिमा कि.नं. ७९ को जग्गाको आकृति र प्रकृति समेतबाट बाटो देखिएको कि.नं. ७९ भित्र रहेको साझा बाटोको जग्गालाई प्रत्यर्थी प्रतिवादीले दर्ता गराई लिएको देखिँदा सो दर्ता बदर भै उक्त साझा बाटो पूर्ववत् कायम हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल असार १३ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६७-CI-०४४५, पूर्ववत् बाटो कायम गरी दर्ता बदर गरिपाऊँ, *राजकुमार साह कलवार वि. रामजीप्रसाद साह कलवार समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६६-CI-०३६६, अग्नि बीमा दावी बारे,

*नेपाल इन्सुरेन्स कम्पनी लिमिटेड प्रधान कार्यालयका अधिकारप्राप्त केशव दुवाडी वि.पदमा कम्प्युटर इन्स्टिच्यूटका प्रोप्राइटर गोविन्दप्रसाद पाण्डे*

पुनरावेदक कम्पनी र प्रत्यर्थी बीमित ओम कम्प्युटर इन्स्टिच्यूटबीच भएको अग्नि बीमा लेख हेर्दा कम्प्युटर, प्रिन्टर तथा इलेक्ट्रोनिक्स सामानहरूको अग्नि बीमा भएको र सो सम्बन्धमा बीमाका विभिन्न शर्तहरू तोकिएको देखिन्छ । ती शर्तहरूमा Electronic Short Circuit को कारणबाट हुन गएको आगलागीलाई समावेश नगर्ने कुरा उल्लेख भएको पाइदैन । अग्नि बीमाको अर्थ र सीमा कुनै कारणबाट आगलागी भएको तथा सोबाट क्षति भएमा बीमा कम्पनीलाई प्रिमियम तिरेको अवधिमा सो घटना भए सो क्षति बीमा कम्पनीले व्यहोर्ने भनी प्रत्याभूति गर्नु हो । विद्युत सर्ट सर्किट (Electronic Short Circuit) बाट आगलागी हुँदाको अवस्थामा पनि विद्युतबाट निस्कने आगोको झिल्को (Sparking) को कारणबाट नै आगलागी हुने हो । जुनसुकै कारण, अवस्था र प्रकृतिको आगलागी भए पनि अग्नि बीमाको परिधिभित्र पर्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल बैशाख १३ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-WO-१०७७, उत्प्रेषण, परमादेश, *मुस्तकिम राइन वि. जिल्ला वन कार्यालय, सिरहा लाहान समेत*

निवेदकलाई सेवाबाट हटाउँदा कुनै कार्यविधिगत त्रुटि देखिएको नभई निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० बमोजिम विभागीय सजाय गर्न पाउने अख्तियारवालाले सजाय नगरी निमित्त जिल्ला वन अधिकृतले कुनै निर्णय नगरी च.नं. ५८१ मिति २०६६।८।२८ को पत्रद्वारा अधिकारविहीन रूपमा निवेदकलाई सेवाबाट हठाइएको देखिएको तथा विपक्षीहरूको सो कार्यलाई अधिकारविहीन ठहऱ्याई सो कार्य प्रारम्भमा नै बदर गरिसकेपछि पुनः निजामती सेवा ऐन, २०४९ को दफा ६२ बमोजिमको अधिकारीबाट विभागीय सजायको आदेश सम्पन्न गर्नु भनी प्रशासकीय अदालतका बहुमत सदस्यहरूबाट व्यक्त राय (निर्णय) कानूनसंगत् नहुँदा सो हदसम्मको प्रशासकीय अदालतको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल असार १२ गते रोज ३ शुभम् ।

## इजलास नं ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६४-CR-०७३१, जवर्जस्ती करणी, *नेपाल सरकार वि. शंकर विश्वकर्मा*

रायकितावमा व्यक्त भएको रायमा फरक राय व्यक्त गरी लिखित फैसला तयार गर्दा फैसलाको स्थिरता वा निर्णयको अन्तिमताको सिद्धान्तमा वाधा पुग्ने ।

न्यायाधीशले मुद्दाको सुनुवाई गरी राय कितावमा राय व्यक्त गरी सही समेत व्यक्त गरेपछि सो राय स्वयं निर्णयकर्तालाई पनि वन्धनकारी हुन्छ, अन्यथा राय नै काम रहन नसक्ने र निर्णयहरू अविश्वसनीय, अभरपर्दो तथा जतिखेरपनि दुरुपयोग गर्न सकिने किसिमको हुन जान्छ । त्यस्तो प्रश्न अनुशासनको हिसावले गम्भीर पनि हुन जाने ।

पीडितले जाहेरी तथा अदालतको वकपत्रमा आफ्नो उमेर १३ वर्ष भनी लेखाएको देखिन्छ । पीडित पढ्ने बालमन्दिर प्राथमिक विद्यालयको रेकर्डअनुसार निजको जन्म मिति २०४८।५।१२ भनी उल्लेख भएको देखिएको स्थितिमा उक्त मितिबाट वारदातको मिति २०६२।३।२८ मा निजको उमेर १४ वर्ष पूरा भएको देखिँदैन । चिकित्सकबाट पीडितको उमेर सम्बन्धमा परीक्षण गर्दा निजको उमेर १४ वर्ष पूरा भएको देखिँदैन । चिकित्सकबाट पीडितको उमेर सम्बन्धमा परीक्षण गर्दा निजको उमेर १३ वर्षदेखि १६ वर्ष भनी उल्लेख गरेको पाइयो । प्रतिवादी स्वयंले पीडितको उमेर १४-१५ वर्षको भनी उल्लेख गरेको यस स्थितिमा उल्लिखित आधार प्रमाणबाट उनको उमेर १६ वर्ष नपुगेको देखियो । यस्तो नाबालिका १६ वर्ष भन्दा मुनिको स्वास्नी मानिसलाई सहमतिले नै करणी गरे

पनि मुलुकी ऐन, जवर्जस्ती करणीको महलको १ नं. को कसूरभित्र पर्ने ।

प्रतिवादीले सहमतिले करणी गरेको भने पनि जाहेरवालीले सहमति नभनी जवर्जस्ती करणी गरेको भनी जाहेरी आफैंले दिई अदालतमा बकपत्र समेत गरेको देखिन्छ । उमेर नपुगेकी नाबालिकालाई करणी गरेको तथ्य पुष्टि भैरहेको र प्रतिवादीले करणी गरेको भनेको अवस्थामा पीडित नाबालिकाको सहमति रहेको जिकीर साँचो भए र उमेर पुगेको भए क्षम्य हुन सक्छ तर उद्योग हुने अवस्था रहँदैन । नावालिका भन्ने पीडितको जिकीर भएको अवस्थामा र अन्यथा प्रमाणित भएमा करणी गरेको रहेछ भने कसूरको गुरुत्व बढ्ने कुरा आउँछ । उमेर पुगे वा नपुगेका महिलाको जवर्जस्ती करणी भएको भए सजायको मात्रासम्म फरक पर्न सक्दथ्यो । प्रतिवादी स्वयंले पीडितलाई सहमतिमा करणी गरेको तथ्यलाई स्वीकार गरेको, पीडित स्वयंको निजउपर किटानी जाहेरी तथा वकपत्र भै विशेषज्ञको शरीर परीक्षण प्रतिवेदनबाट समेत करणी भएको वारदात पुष्टि भै रहेको अवस्थामा मनोगत आधारमा लाग्ने नसक्ने दफा लगाई उद्योगको कसूर ठहऱ्याउनु कानून र न्यायको दृष्टिकोणले स्वीकार्य नदेखिँदा अभियोग दावीबमोजिम प्रतिवादीलाई मुलुकी ऐन, जवर्जस्ती करणीको महलको १ नं. कसूरमा ऐ.को ३ नं.को देहाय दफा २ बमोजिम सात वर्ष कैद र ऐ.को १० नं. बमोजिम जाहेरवालीले प्रतिवादीको अंशबाट आधा अंश क्षतिपूर्तिस्वरूप भराइ लिन पाउने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल बैशाख ४ रोज २ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती**, ०६८-CI-००७०, अबण्डा जग्गा बण्डा छुट्याई पाऊँ, *देवनाथ शाह तेली वि. नन्दुसाह तेली समेत*

विवादित जग्गा यी पक्ष विपक्षबीच २०३६ सालमा अंशबण्डा हुनु पूर्वदेखि नै पैतृक सम्पत्तिको रूपमा रहेको र वादी प्रतिवादीले आ-आफ्नो भाग हिस्सा भोगचलन गर्दै आइरहेको कथन देखिन्छ । बण्डापत्र मौन रहेको.अवस्थामा सामूहिक भोग गरिरहेको भन्ने वादीहरूको कथनलाई प्रतिवादीले इन्कार गरी भरपर्दो प्रमाणबाट त्यसलाई पुष्टि गर्न सकेको अवस्था छैन । पैतृक सम्पत्तिका हकमा एकलौटी भोग गरिआएको भन्ने कथनले त्यो निजको एकलौटी भन्न न्यायसंगत् हुँदैन । सो जग्गा निजी आर्जनको भन्ने प्रतिवाद जिकीर समेत नभएको तथा बण्डा नभई सगोलमा राखी भोगचलन गरी आएको सम्पत्तिबाट आफ्नो अंशभाग छुट्याई पाऊँ भनी जहिलेसुकै माग गर्ने अधिकार कानूनले अंशियारलाई प्रदान गरेको परिप्रेक्ष्यमा दावीको सम्पत्तिबाट यी वादीहरूले आफ्नो अंश भाग छुट्याई लिन पाउने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल चैत २२ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-CI-०६७३, मोही कायम गरिपाऊँ, *अब्दुल माबुद खाँ वि. रामप्रसाद पासी*

पुनरावेदक वादीलाई पुनरावेदन अदालतबाट मुद्दाको पुर्पक्षको लागि जानु भनी शुरू भूमिसुधार कार्यालय, कपिलवस्तुमा मिति २०६३।३।२९ को तारिख तोकी पठाएकोमा सो तारिख वादीका वारेसले गुजारी कानूनले थाम्ने थमाउने अवधि समेत व्यतीत् भएकोमा त्यसरी गुजारेको तारिख थाम्ने थमाउने म्याद व्यतीत भइसकेपछि मुद्दाको तथ्यमा प्रवेश नगरी भूमिसुधार कार्यालय कपिलवस्तुबाट डिसमिस फैसला गर्नुपर्नेमा दावीको जग्गामा वादीको मोहियानी हक कायम हुने ठहऱ्याई फैसला गरेको देखिँदा सो त्रुटिपूर्ण फैसला उल्टी भै अ.बं. १७९ बमोजिम दावी नै खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल माघ २७ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-CI-००२४, निर्णय बदर मोही नामसारी, *हरिप्रसाद शर्मा समेत वि. सानुबाबु थापा मगर समेत*

गुठीको जग्गाको मोहियानी हकको तेरो मेरो सम्बन्धमा निर्णय गर्ने अधिकार गुठी तहसील तथा खर्च कार्यालयलाई नभएकोमा आफ्नो अधिकारक्षेत्र नै नभएको

विषयमा तथ्यभित्र प्रवेश गरी दावीको जग्गाको मोही महलबाट इन्द्रदमन मगरका नाउँको मोही लगत कट्टा गर्ने गरी निर्णय गरेको कार्य अधिकारक्षेत्रविहीन भएबाट त्यस्तो अधिकारक्षेत्रको अभावमा गुठी तहसील तथा खर्च कार्यालय ललितपुरबाट भएको निर्णय वदर हुने हुँदा मोही नामसारी सम्बन्धमा निर्णय गर्न सम्बन्धित भूमिसुधार कार्यालयमा नालेश गर्न जानु भनी सुनाइ दिनुपर्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल माघ २७ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-१२४८, मोही लगत कट्टा, *महेशप्रसाद आचार्य वि. शिव टुटु सतार*

२०४९ सालमा मोहीको मृत्यु भएको तथ्यलाई गुमराहमा पारी झूट्टा रूपमा २०३३ सालमा नै मोहीको मृत्यु भएको भनी मोही लगत कट्टाका लागि निवेदन दिई सोही निवेदनलाई समर्थन गर्ने गरी भएको मुचुल्का समेतका आधारमा रूजु रहेका मोहीलाई भागी बेपत्ता भएको भन्ने अर्थ गरी भएको मुचुल्का समेतको आधारमा भूमिसुधार कार्यालय, मोरङ्गबाट भएको निर्णय कानूनसंगत् नदेखिने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल माघ २७ गते रोज ६ शुभम् ।

- यसै प्रकृतिको ०६७-CI-०९७९, मोही लगत कट्टा, *विदुरप्रसाद आचार्य वि. शिवटुटु सतार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-WO-११२७, उत्प्रेषण परमादेश, *रोशन खनाल समेत वि.परराष्ट्र मन्त्रालय समेत*

एकैपटक एउटै प्रश्नपत्र तथा पद्धतिबाट चयन भएका परीक्षार्थीहरूलाई विज्ञापन नम्बर तथा सिफारिश मितिका आधारमा नभै सबै विज्ञापन नम्बरमा छनौट भएकाहरूलाई एउटा टोकरीमा हाली निज समावेश भएको परीक्षाको मूल्याङ्कनमा प्राप्त गरेको अङ्कबाट नै तिनीहरूको योग्यताक्रमको निर्धारण हुनुपर्ने ।

लोकसेवा आयोगबाट सम्बन्धित निकायमा सिफारिश गर्नुपूर्व सिफारिशको योग्यताक्रम निर्धारण गर्दा समान श्रेणी र पदमा विभिन्न विज्ञापन नम्बर वा समूह वर्गका व्यक्तिहरूलाई आयोगले अवलम्बन गरेको परीक्षामा तिनीहरूले प्राप्त गरेको अङ्कको आधारमा बढी अङ्क प्राप्त गर्ने व्यक्तिलाई सिफारिशको योग्यताक्रममा सबैभन्दा माथि अर्थात् एक नम्बरमा राखी सोहीबमोजिम क्रमबद्ध रूपले बाँकीको समेत योग्ताक्रम कायम गरी सिफारिश गर्नु वैज्ञानिक, न्यायोचित र तर्कसंगत् हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल असार २४ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४-WO-०२२१, उत्प्रेषणयुक्त परमादेश, *गणेशबहादुर खत्री वि. सन्तोष सिल्वाल समेत*

मोही हुँ भन्नेले मोही प्रमाणपत्र पेश गर्न नसकेको र सो प्रमाणपत्र आफूसँग रहन नसकेको कुनै कारण र आधार समेत नभएको अवस्थामा निज उक्त कि.नं. ३१६ को जग्गाको कानूनबमोजिमको दर्तावाल मोही भन्ने अवस्था नदेखिने ।

विवादित जग्गामा मोहीबाट घरवारीको लागि जग्गा झिक्न कारवाही चलाई मिति २०३१।१२।६ मा तत्कालीन ललितपुर नगरपालिकाबाट जग्गा झिक्न पाउने फैसला भइसकेपश्चात् मिति २०३१।१२।२४ को नगरपालिकाको पत्रबाट सो जग्गाको मोही लगत कट्टा भैसकेको जग्गामा मोही कुनै निस्सा वा प्रमाणपत्र बेगर आफूलाई दर्तावाल मोहीको संज्ञा दिई निर्विवाद दर्तास्रेस्ता समेतको हक स्वामित्व कायम रहेको जग्गाधनीले कानूनबमोजिम विवादित जग्गामा पर्खाल लगाउन पाउने गरी ललितपुर उपमहानगरपालिकाबाट भएको त्यस्तो कानूनबमोजिमको निर्णयबाट अन्यथा भनी अर्थ गर्ने अवस्था समेत नदेखिने ।

विपक्षीको निर्विवाद हक स्वामित्व र दर्ता स्रेस्ता कायम रहेको मोही लगत कट्टा भैसकेको जग्गामा पर्खाल निर्माण गर्न पाउने गरी मिति २०६३।१२।२१ मा भएको नक्सा पास निर्णय समेतका कामकारवाहीमा

कुनै कानूनी त्रुटि नदेखिएकोले निवेदकको मागबमोजिमको आदेश जारी गर्नु नपर्ने ।
इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल चैत २१ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५-CI-०९०६, परमादेश, *बाबुलाल अहिर वि. श्री जनजागृति मा.वि. गुठी प्रसौनी गा.वि.स. वडा नं. ५ नवलपरासी*

पुनरावेदक बाबुलाल अहिर शिक्षा ऐन, नियमबमोजिमको शिक्षक भएको नभई निज सो ऐन नियममा व्यवस्था नै नभएको विद्यालय व्यवस्थापन समितिले आन्तरिक रूपमा निर्णय गरी नियुक्ति गरेको पियन पदको कर्मचारी भएको यस अवस्थामा निजलाई जुन प्रक्रियाबमोजिम नियुक्ति गरिएको थियो सोहीबमोजिम अवकाश दिएको कार्यमा कुनै कानूनी त्रुटि नभएको र निवेदकले दावी समेत यो कानूनको त्रुटि गरेको भनी स्पष्ट भन्न नसकी मिति २०६०।६।३० देखि निलम्बनमा राखिएकोमा मौकामै उजूरबाजुर नगरी निलम्बन गरेको चार-चार वर्ष पछि अधिक बिलम्ब गरी आफू नियुक्ति भएको पद नै खारेज गरी विद्यालय व्यवस्थापन समितिबाट अवकाश दिने गरी निर्णय भइसकेको विषय हेरी परमादेशको आदेश गर्न सक्ने अधिकारको विद्यमानता नदेखिएको अवस्थामा पुनरावेदकको निवेदन खारेज हुने ।
इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल चैत २० गते रोज २ शुभम् ।

- यसै प्रकृतिको २०६४-WO-०५८२, उत्प्रेषणयुक्त परमादेश, *बाबुलाल अहिर वि. जिल्ला शिक्षा कार्यालय, नवलपरासी समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६५-CR-०७१०, अपहेलना, *बाबुलाल अहिर वि. श्री जनजागृति मा.वि. गुठी प्रसौनी गा.वि.स. वडा नं. ५ नवलपरासी*

विपक्षीले अदालतको अपहेलना गऱ्यो भनी अनुनय विनय गरी दावी गर्दैमा विपक्षीलाई झिकाउनु पर्नेसम्मको स्थिति नदेखिएको अवस्थामा कारण देखाउ आदेशको जानकारी प्राप्त गरेको मिति २०६४।६।१७ भन्दा अगावै मिति २०६४।६।१४ मा यी पुनरावेदकको पद खारेज गर्ने भै निवेदकलाई अवकाश दिने गरी भएको निर्णयबाट प्रथम दृष्टिमा नै अदालतको अपहेलना भएको भन्ने अवस्था नहुँदा विपक्षीलाई म्याद जारी गरिरहनु नपर्ने भई निवेदन दावी नै पुग्न नसक्ने हुँदा खारेज हुने ।
इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल चैत २० गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-WO-०४१६, उत्प्रेषण, *शान्ति श्रेष्ठ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग*

कानूनबमोजिमको दर्ता गरी हकभोग गरेको आफ्नो दर्ता स्रेस्ताभित्रको जग्गामा निर्णय गर्दा जग्गाधनीलाई निजको आफ्नो भनाई वा सबूद प्रमाण पेश गर्ने उचित र पर्याप्त मौका दिइनु पर्नेमा त्यस्तो मौका नै नदिई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निवेदिकालाई बुझेको वा आफ्नो कुरा राख्ने उचित अवसर दिएको नदेखिएकोले आयोगको त्यस्तो निर्णयले कानूनी मान्यता पाउन नसक्ने ।

अदालतबाट प्रमाणको मूल्याङ्कन र विवेचना गरी कानूनबमोजिम भएको फैसलाको विपरीत हुने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अदालतबाट फैसला भै बोलेको विषयमा विवादित भनी निर्देशन दिन सक्ने अधिकार नदेखिने ।

अदालतको फैसलाले बोलेको यस्तो विषयमा सो फैसला बदरतर्फ दावी नलिई अन्तिम भएर बसेको फैसलाप्रतिकूल गर्ने गरी आयोगले निर्देशन दिन पनि मिल्दैन । दिन्छ भने पनि सो न्यायिक निर्णयमाथिको हस्तक्षेप हुने भई आपत्तिजनक हुन जान्छ । त्यस्तो विषयमा स्वयं अख्तियार दुरूपयोग अनुसन्धान आयोग संयममा रहन र आफ्नो अधिकारक्षेत्रको सीमभित्र रहन जरूरी हुन्छ, अन्यथा अन्य कानूनी प्रक्रियाको विषय हुन जाने ।

निवेदिकाको दर्ता हकभोग विवादित कि.नं. ३३६ को जग्गामा अदालतबाट भएको फैसलाबमोजिम नै दर्ता कायम रहेको अवस्थामा निवेदिका जग्गाधनीलाई आफ्नो कुरा भन्ने मौका नै नदिई प्राकृतिक न्याय सिद्धान्तको

विपरीत नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ द्वारा प्रदत्त सम्पत्तिसम्बन्धी हकमा पक्षलाई आघात पर्ने निर्णय अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गर्न नमिल्ने हुँदा आयोगको मिति २०६६।९।९ को निर्णय र सोका आधारमा भए गरेका कारावाही एवं निर्णय समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

इति संवत् २०६८ साल चैत २४ गते रोज ६ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CI-०८९८, हक कायम, *मैते दमाई वि. मानकुमार महर्जन*

२०३१।९।१८ को चारकिल्लासँग उक्त नक्सा नं. ५ को चारकिल्ला मिल्न आएको देखिई उक्त घर वादीको लिखतभित्रको देखिन आयो। सो बाहेक अन्य घरजग्गा वादीको लिखतभित्रको देखिन नआएको हुँदा मिति २०३१।९।१८ को लिखतअनुसार कि.नं. ७४ को जग्गामध्ये नक्सा नं. ५ मा उल्लिखित जग्गा क्षेत्रफल ०-३-० को घर जग्गामा वादीको हक कायम हुने।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल असार २७ गते रोज ४ शुभम्।

- यसै लगाउको ०६६-CI-०८९९, दोहोरो लिखत बदर, *मैते दमाई वि. मानकुमार महर्जन* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-०९७४, उत्प्रेषण परमादेश, *श्रीराम के.सी. वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

रा.प.विशिष्ट श्रेणीको बढुवा प्रक्रियामा २०६६।३।१९ को निर्णयले समावेश नगराएकोले सो बदर गरी बढुवा प्रक्रियामा समावेश गराई पाऊँ भन्ने नै निवेदकको मुख्य जिकीर रहेको सन्दर्भमा हेर्दा निजलाई बढुवा प्रक्रियामा समावेश गराइसकिएको भन्ने लिखित जवाफबाट देखिन आएको छ। सो कुरालाई निवेदकतर्फबाट सप्रमाण खण्डन हुन सकेको छैन। सोको अतिरिक्त बढुवाको लागि निजको आवश्यक अङ्क गणना समेत गरियोस् भन्ने न निवेदकको दावी छ, न त यस रिट निवेदनबाट उक्त कुरामा बोल्न मिल्ने नै देखिन्छ।

तसर्थ, यी निवेदकलाई बढुवा प्रक्रियामा समावेश गराई नै सकेको देखिँदा निवेदन मागबमोजिम आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल असार ३१ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८-WH-००८०, बन्दीप्रत्यक्षीकरण, *लक्ष्मण रायको हकमा रिसेन राय वि.राजश्व अनुसन्धान विभाग, हरिहरभवन पुल्चोक समेत*

राजश्व अनुसन्धान अधिकारीबाट निवेदकलाई धरौटी माग गरेकोमा निवेदकले धरौटी रकम दाखिला नगरेबाट कानूनबमोजिम नै निवेदकलाई थुनुवा पूर्जी दिई थुनामा राखेको अवस्थालाई गैरकानूनी थुनाको संज्ञा दिन नमिल्ने।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल असार ११ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-WO-०२९६, उत्प्रेषणयुक्त परमादेश, स्काइ लाइट प्रा.लि.का म्यानेजिङ्ग डाइरेक्टर *प्याट्रिशिया ओ सुलेमान वि. बालमुकुन्द श्रेष्ठ समेत*

एक दिन गैरहाजीर भएको भन्ने आधारमा दोस्रो चेतावनी दिएको र तत्पश्चात् निजलाई काममा हाजीर हुन नदिएको अवस्थामा यी विपक्षी बिना सूचना लगातार ३० दिनभन्दा बढी निवेदक कम्पनीको काममा उपस्थित नभई गयल भएको भनी निवेदक कम्पनीले विपक्षी बालमुकुन्द श्रेष्ठलाई अवकाश दिने सम्बन्धमा लिएको आधार र कारण विश्वसनीय नदेखिँदा श्रम ऐन, २०४८ को दफा ५३ ले निर्दिष्ट गरेबमोजिमको प्रक्रिया पूरा नगरी विपक्षी बालमुकुन्द श्रेष्ठलाई मिति २०६७।४।१८ मा अवकाश दिने निर्णयमा गम्भीर कानूनी त्रुटि देखिएकोले मिति

२०६७।४।२० को अवकाशपत्रलगायतको सम्पूर्ण कामकारवाही बदर गरी निजलाई कम्पनीमा हाजीर गर्न नदिएको मिति २०६६।१२।३१ देखि श्रम अदालतबाट निर्णय भएको मिति २०६६।३।१५ सम्मको पारिश्रमिक, उपदान तथा सञ्चय कोषलगायतको सम्पूर्ण रकम निवेदक प्रतिष्ठानबाट विपक्षी बालमुकुन्द श्रेष्ठले भुक्तानी पाउने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६९ साल असार ५ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६८-WO-०२९५, उत्प्रेषणयुक्त, *प्याट्रिशिया ओ सुलेभोन वि. बालमुकुन्द श्रेष्ठ* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८-WO-०४९४, उत्प्रेषणयुक्त परमादेश, *श्रीहर्ष कोइराला वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय समेत*

नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० कानूनका कुनै शब्द समूहको सही अर्थ निकाल्न, व्याख्या गर्न आवश्यक देखिएमा सहारा लिन बनेको कानून हो । कानूनमा रहेको प्रष्ट व्यवस्थाको प्रतिकूल हुने गरी अर्थ गर्न यस ऐनको सहारा लिइने होइन । सस्पेण्ड वा बर्खास्त गर्न पाउँछ भन्ने उल्लिखित शब्दहरूले नै आरोप लगाई कारवाही हुने कुरालाई इंगित गर्दछ । यस्तो अवस्थामा पदबाट हटाउँदा वा कारवाही गर्दा त्यस्तो व्यक्तिलाई सफाइको मौका समेत दिनुपर्ने ।

नेपाल सरकारले जब जसलाई चाह्यो सो पदमा नियुक्त गर्ने र जब चाह्यो हटाइदिने हो भने त्यस्तो निर्णय स्वेच्छाचारी हुन्छ । किटान गरिएको पदावधिभित्र नियुक्त भएको पदाधिकारीले आफ्नो कार्य जिम्मेवारी र इमानदारीपूर्वक गरेको छैन, लापरवाही गरेको छ वा सो काम गर्न असक्षम छ भने मात्र सोही आधारमा हटाउन सकिने हो । त्यसमा पनि हटाउनु अघि निजलाई सुनुवाइको मौका प्रदान गर्नै पर्छ । प्राकृतिक न्यायको लागि र सुशासनको लागि पनि सो आवश्यक छ । सुनुवाइको मौकाले स्वेच्छाचारी निर्णय गर्ने प्रवृत्ति र प्राप्त अधिकारको दुरूपयोग गर्ने आकांक्षालाई नियन्त्रण गर्ने ।

बिना कारण र आधार जिम्मेवारीपूर्वक काम गरी आएको पदाधिकारीलाई हटाउनु भनेको अधिकारको न्यायोचित प्रयोग नगर्नु हो र त्यस्तो निर्णय स्वेच्छाचारी निर्णय हुने हुँदा निवेदक श्रीहर्ष कोइरालालाई बी.पी. कोइराला मेमोरियल प्यानेटोरियम तथा अब्जरभेटरी र विज्ञान संग्राहलय विकास समितिको कार्यकारी निर्देशक पदबाट अवकाश दिई विपक्षी दिनेशराज भुजूलाई सो पदमा नियुक्ति गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट भएको २०६८।८।१२ को निर्णय तथा निवेदक श्रीहर्ष कोइरालालाई अवकाश दिइएको विपक्षी नेपाल सरकार, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०६८।८।१५ को पत्र एवं सो सम्बन्धी अन्य कामकारवाही समेत कानूनविपरीत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल असार ३ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-CI-०००८, मोही नामसारी, *कृष्णदेव बास्कोटा समेत वि. अनत चौधरी*

एउटा निर्विवाद कायम भइरहेको मोही र निजको मोहियानी हकलाई प्रमाणै नलाग्ने २०२२ सालमा भरिएको १ नं. फारामको आधारमा मिति २०६२।९।१० मा चुनौती दिइएकोले स्थापित मोहीलाई अनावश्यक दुःख दिने नियतले ग्रस्त भएर प्रस्तुत मुद्दा दायर भएको देखिँदा पुनरावेदन अदालतले मोही अधिकलाललाई बुझी सही निर्णय गर्नुपर्नेमा नबुझी तथ्य र प्रमाणको गलत विवेचना गरी गलत निर्णय गरेको स्पष्ट देखिने ।

वादीले दावी गरेको कि.नं. १७९ र कि.नं. १८० को स्थापित मोही पाँचु चौधरी भएकोमा निजको परलोक पछि निजको छोरा अधिकलाल चौधरीको नाममा मोही नामसारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६९ साल असार २९ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** रिट नं. ०६७-WO-०९९०, उत्प्रेषण, परमादेश, *श्रीकृष्ण सुवेदी समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

कसको, कुन निर्णय बदर गराउन यो रिट निवेदनमा उत्प्रेषणको माग गरिएको हो सो नितान्त प्रारम्भिक र आधारभूत कुरा रिट निवेदनमा उल्लेख नभएबाट ठोस र वास्तविक कानूनी उपचार प्राप्त गर्नु भन्दा सार्वजनिक हक र सरोकारसम्बन्धी सैद्धान्तिक, बौद्धिक वा नीतिगत वहस चलाउनेतर्फ प्रस्तुत रिट निवेदन बढी उन्मूख रहेको स्पष्ट देखिन्छ। यो अमुक आदेश, निर्णय बदर गरिपाऊँ भनी स्पष्ट मागदाबी नभएबाट मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्नु नपर्ने ।

परमादेशको माग गर्नुको पनि आधार र कारण रिट निवेदनमा स्पष्टसँग खुलाइएको छैन । बिपक्षी बनाइएका शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (PABSON) र राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएशन (N PABSON) को हकमा कुनै पनि आदेश जारी गर्न रिट निवेदनमा माग गरिएको छैन । आदेश जारी हुन दावी नगरिएका ती विपक्षीहरूका नाममा दावी भन्दा बाहिर गएर कुनै पनि स्थायी किसिमको र विशेष प्रकृतिको आदेश जारी गर्ने अवस्था नै रहेन । रिट निवेदनको भित्री व्यहोराबाट उपरोक्त निकायहरू पनि शिक्षा ऐन र नियम ठीकसँग कार्यान्वयन नगर्ने, नगराउने कार्यमा संलग्न रहेको भन्ने सम्म उल्लेख गरिएको देखिएको छ । तर किटानी रूपले विपक्षीमध्ये नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र शिक्षा मन्त्रालयको नाममा मात्र आदेश जारी हुन माग गरिएकोले उक्त दुई निकाय बाहेकका अन्य बिपक्षीहरूका नाममा परमादेशलगायत कुनै पनि आदेश जारी गर्नु नपर्ने ।

प्रधानमन्त्री र मन्त्रिपरिषद्को कार्यालयले र शिक्षा मन्त्रालयले कानूनले गर्न नहुने खास कुन काम गरेका हुन् वा कानूनले गर्नुपर्ने खास कुन काम नगरेका हुन् भन्ने पनि रिट निवेदनमा स्पष्टसँग केही उल्लेख गरिएको छैन । यस्तै उक्त निकायहरूको नाउँमा के कस्तो परमादेशको आदेश जारी हुनुपर्ने हो भन्ने सम्बन्धमा पनि रिट निवेदनमा स्पष्ट खुलाइएको छैन । खास कुराको दावी नभएको अवस्थामा माग गरिएअनुसार परमादेशको आदेश उपरोक्त निकायहरूका नाममा जारी गर्नुपर्ने अवस्था नदेखिने ।

विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र शिक्षा मन्त्रालयको नाममा देहायबमोजिम गर्नु गराउनु भनी निर्देशनात्मक आदेश जारी हुनेः-

१. शिक्षा ऐन, २०२८ को दफा ३ अनुसार निजी विद्यालय सञ्चालन गर्न अनुमति दिनुपूर्व विद्यालय सञ्चालन गर्न उचित र पर्याप्त पूर्वाधार खडा गरे, नगरेको, कडाईका साथ सम्बन्धित निकायले हेर्नुपर्ने,
२. सामुदायिक र संस्थागत विद्यालयहरूमा पनि भौतिक सुविधाका पर्याप्तता र पढाईको स्तरबारे गम्भीरतापूर्वक र कडाईका साथ जिल्ला शिक्षा कार्यालयबाट निरन्तर अनुगमन र निरीक्षण हुनुपर्ने,
३. निजी विद्यालय लगायत कुनै पनि विद्यालयले माध्यमिक स्तरसम्मको कुनै कक्षामा भर्ना शुल्क लिन नपाउने कुरा सुनिश्चित गर्ने,
४. भर्ना परीक्षा लिने विद्यालयले आफू कहाँ उपलब्ध सिट संख्याको दोब्बर भन्दा बढी आवेदक विद्यार्थीलाई भर्ना परीक्षामा समावेश गराउन नपाउने र भर्ना फर्म एवम् परीक्षा दस्तूर क्रमशः रु. २५।- र रु. १००।- भन्दा बढी लिन नपाउने व्यवस्था गर्ने गराउने,
५. सम्बन्धित निकायबाट पूर्व स्वीकृति नगराई कुनै पनि शुल्क लिन नपाइने साथै एक पटक निर्धारित गरिएको शुल्क तीन वर्षसम्म बढाउन नपाउने र बढाउने स्वीकृति प्रदान नगर्ने कुरा सुनिश्चित गर्नुपर्ने,
६. पूर्व स्वीकृत मुख्य पाठ्यपुस्तक, सहायक वा बैकल्पिक पाठ्यपुस्तक र पाठ्य सामग्री बाहेक अन्य र अनधिकृत पाठ्यपुस्तक एवम् पाठ्यसामग्री पढाउन नपाउने र विद्यालयले आफ्नो पाठ्यक्रममा स्वीकृत भन्दा बाहेक कुनै पनि पुस्तक वा पाठ्य सामग्री समावेश गर्न नपाउने,

७. कुनै सामुदायिक, संस्थागत वा निजी विद्यालयले बिक्री कक्ष खोली विद्यालय-पोशाक र सामग्री एवम् पाठ्यपुस्तक र पाठ्य सामग्री बिक्री गर्न नपाउने,
८. शिक्षा ऐन, २०२८ अनुसारको शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयबाट गरिने अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने र ती निकायले दिइएको निर्देशन पालन नगर्ने विद्यालयहरूमाथि प्रभावकारी कारबाही गर्ने गराउने,
९. भौतिक पूर्वाधार अनुसार विद्यालयहरूको क, ख, ग, घ र ङ गरी पाँच श्रेणीमा वर्गीकरण गर्ने र सोहीअनुसार न्यूनतम् र अधिकतम् शुल्क निर्धारण गर्ने,
१०. शिक्षा नियमावली, २०५९ को नियम ६, ७, १६, ३१, ३२, ३४, ३५, ३६, ३७ मा भएको व्यवस्था र शुल्क सम्बन्धमा शिक्षा ऐनको दफा १६घ एवम् शिक्षा नियमावलीको नियम १४५क, १४६, १४७ र १५०क मा भएको व्यवस्था प्रभावकारी ढंगले लागू गर्ने गराउने,
११. शिक्षा ऐन, र नियमावलीको समग्र अनुगमन व्यवस्था प्रभावकारी बनाउँदै यस निर्देशनलाई कडाईका साथ लागू गर्न शिक्षा नियमावलीमा आवश्यक परिवर्तन र परिमार्जन समेत गर्ने गराउने ।

इजलास अधिकृत : विश्वनाथ भट्टराई
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत २०६९ साल जेठ १० गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-WO-०८४६, उत्प्रेषण, परमादेश, *सुनुवार सेवा समाज केन्द्रीय समिति, काठमाडौंबाट अख्तियारप्राप्त मनप्रसाद सुनुवार वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत*

राष्ट्रिय सम्मेलनमा निर्वाचन मण्डलको अध्यक्ष चयन र निर्वाचन मण्डलका आचारसंहिता जस्ता प्रारम्भिक कुराहरूमा विवाद उठेपछि पनि यी निवेदक अध्यक्ष भएको केन्द्रीय कार्य समितिको चयन सर्वसम्मतिले भएको हो भनी अनुमान गर्ने आधार पनि छैन । यसका साथै सर्वसम्मतिबाट चयन भएको भए सहमति जनाउनेको लिखित सहमतिको अभिलेख अनिवार्य रूपमा राख्नुपर्नेमा सो पनि रहेको छैन । कुनै अभिलेख बेगर केही सदस्यले आफू वा आफ्नो समूह सर्वसम्मतबाट चयन भएको भनी घोषणा गरे पनि यस्तो घोषणा न त संस्थाको विधानबमोजिम हुन्छ न त सरूवा दर्ता ऐनअनुरूप नै हुन्छ । वास्तवमा नै सर्वसम्मत् भएको भए सो विवादित केन्द्रीय कार्यसमितिको विरूद्धमा प्रमुख जिल्ला अधिकारीसमक्ष उजूरी नै पर्ने थिएन । उजूरी परेको तथ्यले पनि मिति २०६७।९।१० मा सम्पन्न अधिवेशनले सर्वसम्मत् केन्द्रीय कार्यसमिति गठन गरेको भन्ने कथन मिथ्या देखिने ।

त्रुटिपूर्ण निर्वाचन प्रक्रिया र सोबमोजिम सर्वसम्मत् चयन भएको भनिएको कार्यसमितिले वैधानिकता पाउन सक्ने अवस्था हुँदैन । त्यसरी विधानविपरीत घोषणा गरिएको कार्यसमितिलाई बदर गरी अर्को साधारणसभा बोलाउने भनी प्रमुख जिल्ला अधिकारीबाट मिति २०६७।१०।१२ मा भएको निर्णय संस्था दर्ता ऐनको दफा ११ अनुसार निर्देशन दिन पाउने अधिकारभित्रैको कुरा भएकोले सो निर्णय कानून प्रतिकूल रहेको नदेखिने ।

इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६९ साल असार १८ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७-WO-०७४९, उत्प्रेषणयुक्त परमादेश, *मधेश शहीद रमेश महतो प्रतिष्ठान र आफ्नो तर्फबाट समेत लक्ष्मण महतो वि. संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय समेत*

स्पष्ट कानूनी हकको आधारबेगर बजेट पुस्तिकामा विनियोजन गरिएको रकम यी निवेदकले नै पाउने गरी यस अदालतले हस्तक्षेपकारी भूमिकाको निर्वाह गर्ने गरी आदेश जारी गर्न मिल्ने हुँदैन । जुन उद्देश्य, प्रयोजन, काम र संस्थाको लागि विनियोजन गरिएको हो सोको पहिचान गर्ने र सही कामका लागि, सही संस्थालाई रकम प्रदान गर्ने जिम्मेवारी पनि सरकारकै हुन आउँछ । यस कार्यकारिणी प्रकृतिको

काममा सरकारको नियत र क्षमतामाथि नै शंका गर्ने गरी निवेदकलाई विनियोजित रकम दिनु भनी आदेश जारी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

उपलब्ध साधन र स्रोतको विनियोजन गर्दा र राज्यकोषबाट रकम वितरण गर्दा स्वेच्छाचारी ढंगले गर्नु राज्य सञ्चालनका लागि स्थापित मूल्य र मान्यताविपरीतको कुरा हो । राज्यकोष खर्च गर्ने आधिकारिक निकायको रूपमा रहेको सरकार राज्यको एक अङ्ग भएकोले यसले प्रचलित कानून र निश्चित् मान्यता एवं निर्धारित मापदण्डअनुसार खर्च गर्नुपर्ने ।

राज्यकोषबाट कुनै पनि रकम कुनै निजी व्यक्ति वा संस्थालाई बढी पारदर्शी ढंगले प्रदान गर्ने वा वितरण गर्ने प्रयोजनका लागि कानून बनाउनु, आवश्यक देखिँदा त्यस्तो कानून नबनेसम्मका लागि राज्यकोषबाट रकम प्रदान गर्ने प्रयोजनका लागि देहायका कुराहरू समेत खुल्ने गरी निर्देशिका बनाएर निजी व्यक्ति वा संस्थालाई राज्यकोषको रकम वितरण वा प्रदान वा खर्च गर्नु भनी विपक्षी संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय समेतका नाममा निर्देशात्मक आदेश जारी हुने ।

निर्देशिकामा समावेश गर्नुपर्ने न्यूनतम् कुराहरू:

क) सहायतास्वरूप रकम प्राप्त गर्नसक्ने लक्षित व्यक्ति वा संस्थाको परिचयात्मक विवरण,
ख) सो व्यक्ति वा संस्थाले गर्ने गरेको कार्य वा सेवाको प्रकृति,
ग) सो व्यक्ति वा संस्थाले समाज, समुदाय वा राष्ट्रलाई पुऱ्याइरहेको वा पुऱ्याउने योगदानको विवरण,
घ) प्रदान गरिने रकम, उपयोगको तरिका र शीर्षक,
ङ) त्यसरी रकम उपलब्ध गराउँदा समाजका कमजोर वर्ग वा सामाजिक, आर्थिक र सांस्कृतिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदायको उत्थान तथा सामाजिक न्यायप्रति राज्यको उत्तर दायित्व पूरा गर्नमा सहयोग गर्ने प्रतिवद्धता ।

इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६९ साल असार १८ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. ०६६-WO-१२३१, उत्प्रेषण, परमादेश, *जमुना पन्थी वि. पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखरा समेत*

ऐन नियममा ट्रेड यूनियन गठनसम्बन्धी व्यवस्था नै नभएको अवस्थामा पनि गठन गरिएको ट्रेड यूनियनले कानूनी मान्यता प्राप्त गर्न नसक्ने अवस्थामा ट्रेड यूनियनको पत्रलाई वा ट्रेड यूनियनको पदाधिकारी भएको भन्ने कुरालाई आधार बनाई स्वास्थ्य सेवाको कर्मचारीलाई सरूवा गर्न, नगर्न वा भएको सरूवा बदर गर्न वा नगर्न मिल्ने हुँदैन । यस अवस्थामा कानूनविपरीत ट्रेड यूनियनको पत्रको आधारमा यी निवेदिकाको कपिलवस्तु पिपरामा भएको सरूवा बदरको निर्णय पनि कानूनसम्मत् नहुँदा कायम हुन सक्ने देखिन नआउने हुँदा रिट निवेदिका जमुना पन्थीलाई कपिलवस्तुको पिपरा प्राथमिक स्वास्थ्य केन्द्रमा सरूवा गरिएको २०६६।१२।२५ को पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयको निर्णय बदर गरेको सोही निर्देशनालयको २०६७।२।१४ को निर्णय कानूनी त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशले बदर हुने ।

नेपाल स्वास्थ्य सेवा ऐन र नियमावलीको व्यवस्थाबमोजिम आवश्यक परे यी निवेदिकाको परिस्थिति समेत विचार गरी सरूवा गर्नु भनी विपक्षी पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखराका नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई
इति संवत् २०६९ साल असार १३ गते रोज ४ शुभम् ।

११

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५-CI-०१६०, हक कायम, *वीरेन्द्रप्रसाद विश्वकर्मा वि. सुखाई विश्वकर्मा*

नक्सा मुचुल्काबाट वादीको भोगचलनमा रहेको न.नं. ५ को जग्गाको क्षेत्रफल ०-०-१४ न.नं. ७ को जग्गाको क्षेत्रफल ०-०-७.०२ भन्ने रहेको देखिँदा सो जग्गाको कुल क्षेत्रफल ०-०-२१.०२ धुर रहेकोबाट निज वादी पुनरावेदकका बाबु कुसुमलालले २०३७ सालमा पाएको ०-०-२१ धुर जग्गा निजले भोगचलन

गरेको जग्गाबाट पुगेको नै देखिन आउने हुँदा नक्सा नं. ५ र ७ का जग्गामा सम्म वादीको हक कायम हुने ।

इजलास अधिकृतः चुरामन खड्का

इति संवत् २०६९ साल असार १७ गते रोज १ शुभम् ।

१२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. ०६६-WO-००५७, उत्प्रेषण, परमादेश, *महेश्वर यादव आजाद समेत वि. माध्यमिक विद्यालय सन्हैठा, सिरहा समेत*

निवेदकले दावी गरेको र विवादित भनिएको विद्यालय व्यवस्थापन समितिको कार्यविधि समाप्त भई नयाँ व्यवस्थापन समिति छनौट प्रक्रिया प्रारम्भ भैसकेको देखिएकाले यो रिट निवेदन अब प्रयोजनहीन भैसकेको छ । प्रयोजन समाप्त भइसकेकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिँदा प्रस्तुत रिट खारेज हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

इति संवत् २०६९ साल असार १३ गते रोज ४ शुभम् ।

१३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-RC-००८७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रेमबहादुर नेपाली*

अदालत समेतमा मृतकको लास आफू समेत भई सेती नदीमा लगी फालेकोमा सावित भई बयान गरेको समेतमा आधार र प्रमाणबाट यी प्रतिवादी डम्बर भन्ने प्रेमबहादुर नेपालीले हाल फरार रहेका सुनील भन्ने सोवितबहादुर वि.क. सँग बसी रक्सी समेत सेवन गरेको र सोही घरमा डेरा गरी बस्ने जानकी परियारलाई कर्तव्य गरी मारी सेती नदीमा फालेको भन्ने कसूर अपराध शंकारहित तवरबाट पुष्टि हुन आयो । यी प्रतिवादी निर्दोष हुन् भन्ने कुराको पुष्टि हुने कुनै सबूद प्रमाण मिसिलबाट नदेखिँदा प्रतिवादी डम्बर भन्ने प्रेमबहादुर नेपालीलाई आरोपित कसूर गरेको भनी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम जन्मकैद हुने ।

इजलास अधिकृतः चुरामन खड्का

इति संवत् २०६९ साल असार १९ गते रोज ३ शुभम् ।

१४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्र.डा.श्री भरतबहादुर कार्की,** ०६८ सालको ०६८-RC-०१०७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चन्द्रबहादुर गुरुङ*

अदालतमा समेत प्रतिवादी चन्द्रबहादुर गुरुङले अभियोग दावीलाई स्वीकार गरी कसूर गरेको भनी सावित भएको र सो सावितीलाई प्रत्यक्षदर्शी भनिएकी मञ्जू गुरुङ समेतले अदालतमा आई बकपत्र गरी पुष्टि गरिदिएको देखिन्छ । शव परीक्षण प्रतिवेदनबाट अत्याधिक रक्तस्राव (Severe Hamorage) को कारणबाट मृत्यु भएको भन्ने देखिएको र प्रतिवादीले हत्या गर्दा प्रयोग गरेको खुकुरी र खुर्पा समेत वारदातस्थलबाट बरामद भएको बरामदी मुचुल्काबाट देखिएको अवस्था साथै मिसिल संलग्न सबूद प्रमाणबाट यी प्रतिवादी चन्द्रबहादुर गुरुङले धारिलो हतियार खुर्पा र खुकुरी समेतले निर्ममतापूर्वक हत्या गरेको निःसन्देह रूपमा पुष्टि हुन आयो । प्रतिवादीको यस्तो कार्य जघन्य अपराध भएकोले अभियोग दावीबमोजिम निज प्रतिवादी चन्द्रबहादुर गुरुङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६९ साल असार १९ गते रोज ३ शुभम् ।

१५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-WO-०३२२, उत्प्रेषण/परमादेश, *लटु यादव वि. निम्न माध्यमिक विद्यालय, सिरहा समेत*

विद्यालयको मिति २०६५।७।२२ को पत्रमा चुनावको कार्यक्रम प्रकाशित गरिएको, विद्यालयकै मिति २०६६।७।२७ को पत्रद्वारा मिति २०६५।८।६ गते हुने मतदानमा शान्ति सुरक्षाको व्यवस्था मिलाई दिनु भनी प्रहरी कार्यालयमा पत्राचार भएको र जिल्ला शिक्षा कार्यालयलाई पनि १ जना प्रतिनिधि खटाई पठाई दिनु भनी मिति २०६५।७।२५ मा पत्राचार गरेको समेत देखिन्छ । त्यस्तै उम्मेद्वारको नामावली प्रकाशन गरिएको, मतदान शुरू भएको मुचुल्का खडा गरी निर्वाचनको नतीजा समेत घोषणा भएको पत्राचार

मिसिल संलग्न प्रमाणबाट देखिन्छ । विद्यालयका अभिभावकहरू २८४ मध्ये २८२ जनाले मतदानमा भाग लिएको भन्ने उल्लेख गरेबाट यी निवेदकले मात्र थाहा नपाउनु पर्ने वस्तुनिष्ठ आधार देखिन नआउने ।

मिति २०६५।८।६ मा गठन भएको विद्यालय व्यवस्थापन समितिको तीन वर्षे कार्यकाल समेत समाप्त भैसकेको अवस्था हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६९ साल असार २६ गते रोज ३ शुभम् ।

१६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-MS-००२५, अदातलको अपहेलना, *लटु यादव वि. रामाशिष यादव समेत*

यस अदालतबाट पहिला जारी अन्तरिम आदेश निष्क्रिय भइसकेको र यसैसाथ पेश भएको यिनै निवेदकले दिएको २०६५ को रिट नं. ३२२ को रिट निवेदन खारेज हुने ठहरी आज यसै इजलासबाट फैसला भइसकेको अवस्थामा यस अदालतबाट पहिला जारी भएको अन्तरिम आदेशको उल्लंघन गरी यस अदालतको अपहेलना विपक्षीहरूबाट भएको भन्न नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६९ साल असार २६ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको फौ.पु.नं. CR-०२३७, लुटपीट, *रामप्रसाद अधिकारी समेत वि. चन्द्रादेवी अधिकारी*

प्रतिवादीहरूले विभिन्न जातका ५१ वटा रूख विरूवाहरू लुटपीट गरी लगेको भनी वादीले दावी गरे तापनि १२ वटा मात्र रूखहरू काटी लगी लुटपीट गरेको देखिएकोले उक्त १२ वटा रूख विरूवाहरू लुटी लगेको तर्फ बिगो कायम गर्ने सन्दर्भमा वादीले दावी गरेको मूल्यबमोजिम लुटपीटको ६ नं. ले प्रति रूखको रू. ५०९८।०३ का दरले हुने जम्मा रूख १२ को बिगो रू. ६१,१७६।३६ प्रतिवादीहरूबाट वादीलाई भराइदिने र सो बिगोको जनही पच्चीस प्रतिशतका दरले प्रतिवादीलाई जरीवाना समेत हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६९ साल जेठ ७ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको दे.पु.नं. CI-०३७४, खिचोला मेटाई अपुताली हक कायम दर्ता चलन, *दशरथ चमार समेत वि. चन्द्रावती चमार*

मर्नेको छोरा नभई विधवा बुहारी भएमा निजले छोरा सरह अपुताली पाउँछे त्यस्ता कोही नभएमा विवाहिता छोरी, विवाहिता छोरी पनि नभए निजका छोरा, अविवाहित छोरी र निजहरू पनि नभए त्यस्तो अपुताली ऐनबमोजिम हकवालाले पाउँछन् भन्ने कानूनी व्यवस्थाबमोजिम जसको अपुताली पाउने हो, त्यसको हाँगामध्ये विवाहिता छोरीमा पहिलो हक अपुताली पर्ने अवस्था स्पष्ट रहेको पाइन्छ । हकवालाको अपुताली पाउने हैसियत विवाहिता छोरीपश्चात् मात्र रहेको देखिँदा वादी चन्द्रावती हर्खुको छोरी भएकीले आफ्ना बाबुको अपुताली पाउँदिनन् भनी मान्नु पर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६९ साल जेठ ७ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको दे.पु.नं. CI-०५३६, अपुताली हक कायम दर्ता, *जोगकुमार राय वि. बलदेव राय*

पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादी अपुताली खाने हकदार भएको कुरामा विवाद छैन । खाली सो जग्गा पूर्व तर्फबाट प्राप्त हुनुपर्ने भन्ने कुरा दुबै पक्षहरूको माग दावी र जिकीर रहेको छ । शुरू जिल्ला अदालतले फैसला गर्दा वादीको साक्षीको भनाइलाई मात्र ग्रहण गरी दावीबमोजिम पूर्वतर्फबाट वादीको जग्गा वादीको नाममा अपुताली हक कायम भै दा.खा. समेत हुने उल्लेख गरेको पाइयो । तर्फको विवादका सहमतिबाट हुने र नभए गोलाप्रथाबाट दुबै पक्षलाई तर्फ पर्ने गरी फैसला गर्नुपर्ने हुन्छ । जग्गाको क्षेत्रफलका हिसाबले

उत्तर दक्षिण गरी जग्गा भाग गर्दा दुबै पक्षलाई पूर्व पर्ने हुन जान्छ। दबै पक्षलाई सहज हुने किसिमले भाग हिस्सा लगाई दिनुपर्ने।
इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६९ साल जेठ ७ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको दे.पु.नं. CI-०८९२, अंश चलन दर्ता, *कुमारी रेग्मी समेत वि. पार्वतीकुमारी रेग्मी*

प्रतिवादी पार्वतीकुमारी नाउँ दर्ताको कि.नं. १२३ को ०-२-१२ र कि.नं. ४०६ को ०-७-८ जग्गा मैयाँदेवीबाट मिति २०४८।१२।१६ को बकसपत्रको लिखतबाट पाएको भन्ने प्रतिवादी पार्वतीकुमारीको जिकीर रहेको र मिसिल संलग्न रहेका लिखतप्रमाणबाट उक्त जिकीर समर्थित भएको देखिन्छ। प्रतिवादीका दाता मैयाँदेवी छुट्टी भिन्न भै अलग बसेकी जेठानी नाताकी देखिन आएको र सगोलका अंशियार बाहेकका व्यक्तिबाट बकसपत्र पाएको देखिनाले सो सम्पत्ति अंशबण्डाको १० नं. ले बण्डा गर्न कर नलाग्ने।
इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६९ साल जेठ १० गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको दे.पु.नं. CI-०९५२, जग्गा खिचोला मेटाई चलन चलाइपाऊँ, *रामबेलास सिँह राजपुत समेत वि. जयमंगल दास बैरागी*

विवादित जग्गाको हक हस्तान्तरण हुँदाकै अवस्थामा दाताले नै वादीलाई पुजारीको रूपमा अंगीकार गरेको देखिएको र निज पुजारीले आफ्नो दायित्व पूरा नगरेको भनी दाता वा निजका हकदारले निजलाई मठको पुजारीबाट कानूनी प्रक्रिया पूरा गरी हटाएको देखिँदैन। पुजारीको नाताले भनी सार्वजनिक सरोकार देखाई मुलुकी ऐन, अ.बं. १० नं. को अनुमति समेत लिई वादीले प्रस्तुत मुद्दा दायर गरेको देखिँदा प्रस्तुत फिराद हकदैयाविहीन नदेखिँदा मठको प्रतिनिधिको रूपमा सम्म निजले वादीलाई फिराद दिने हकाधिकार नभएको मान्न नमिल्ने।

विवादित जग्गा दान गर्दाकै अवस्थामा प्रस्तुत मुद्दाको वादीको नाउँ पुजारीमा उल्लेख भएको र सो कुरा हालसम्म अन्यथा भएको नदेखिनाले दावी खारेज गर्ने गरी शुरू पर्सा जिल्ला अदालतबाट मिति २०६५।११।४ मा भएको फैसला मिलेको नदेखिँदा वादी दावीको जग्गामा प्रतिवादीले खिचोला गरेको र वादीले रामजानकी मठका नाउँमा चलन समेत पाउने।
इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६९ साल जेठ ७ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CR-०५४६, भ्रष्टाचार, *नेपाल सरकार वि. उत्तरा घिमिरे*

कसैले कुनै अपराध वा कसूरको सम्बन्धमा प्राप्त प्रारम्भिक सूचना मात्रै सो व्यक्ति विरूद्ध अभियोजनको पर्याप्त आधार बन्न सक्दैन। सूचना वा जानकारीका आधारमा प्रारम्भिक छानबीन गर्दा त्यस सम्बन्धमा थप अनुसन्धान गर्नुपर्ने देखिएमा मात्रै अनुसन्धान गर्ने निकायले अनुसन्धान अधिकृत तोकी अनुसन्धान कार्य प्रारम्भ गर्दछ। अन्यथा जो सुकैउपर जस्तोसुकै र निराधार उजूरी पर्ने बित्तिकै अनुसन्धान अधिकृत तोक्ने र त्यस्ता विषयमा विस्तृत अनुसन्धान गर्न सम्भव हुँदैन र आवश्यक पनि हुँदैन। अनुसन्धानयोग्य देखिएका विषयमा मात्रै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विधिवत रूपमा अनुसन्धान अधिकृत नियुक्त गर्ने र अनुसन्धान कार्य प्रारम्भ गर्नुपर्ने।

तत्काल प्रचलनमा रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क अनुसारको हदम्याद दुई वर्ष तथा हाल प्रचलनमा रहेको भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार पनि म्यादभित्र प्रस्तुत मुद्दाको आरोपपत्र दायर भएको देखिन आएबाट अनुसन्धान प्रारम्भ भएको मितिले दुई वर्षभित्र मुद्दा दायर नभएको भनी तथ्यभित्र प्रवेश नै नगरी अभियोग दावी खारेज गर्ने गरेको विशेष अदालत काठमाडौंको मिति २०६६।९।८ को फैसला कानूनसम्मत् नभएकोले उल्टी हुने हुँदा प्रस्तुत मुद्दामा जे जो प्रमाण बुझ्नु पर्ने हुन्छ बुझी तथ्यभित्र प्रवेश गरी इन्साफ गर्नु भनी तारिखमा

रहेका पक्षलाई विशेष अदालतमा हाजीर हुन तारिख तोकी प्रस्तुत मिसिल विशेष अदालतमा पठाई दिनुपर्ने ।
इजलास अधिकृतः ऋषिराम आचार्य
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६९ साल असार २६ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-CR-०७३३, कर्तव्य ज्यान, *निर्मला लामा वि. नेपाल सरकार*

प्रतिवादी निर्मला लामाले आफ्नो पति कृष्णबहादुर लामाले राम्रो व्यवहार नगर्ने, सधैंजसो मादक पदार्थ सेवन गर्ने, झगडा र कुटपीट गर्ने गरेको कारण त्यस्तो गाली, झगडा र कुटपीट सहेर बस्नु भन्दा मर्नु नै ठीक होला भन्ने सोची पतिलाई छ्याङमा विष हाली खुवाई आफूले समेत विषसेवन गरेको र त्यसै कारणबाट कृष्णबहादुरको मृत्यु भएको, उपचारबाट प्रतिवादी आफू बाँच्न सफल भएको भनी अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साविती बयान, जाहेरी दर्खास्त व्यहोरा तथा जाहेरवाली कान्छी तामाङको बकपत्र व्यहोरा, मिसिल संलग्न Autopsy Report, मृतक कृष्णबहादुर लामाको उपचारमा संलग्न डाक्टर मालिका शाक्यको बकपत्र व्यहोरा समेतका मिसिल संलग्न प्रमाणबाट समर्थित भएको देखिँदा प्रतिवादीको उक्त साविती बयान प्रमाण ग्रहणयोग्य रहेको देखिन आयो । यी पुनरावेदक प्रतिवादीले अदालतसमक्ष बयान गर्दा कसूरमा इन्कार रही बयान गरेको भए तापनि उक्त इन्कारी बयान मिसिल संलग्न कुनै पनि सबूद प्रमाणबाट समर्थित भएको नदेखिँदा केवल अदालतसमक्ष भएको इन्कारी बयानकै आधारमा मात्र यी पुनरावेदक प्रतिवादीलाई बेकसूर मान्न नमिल्ने हुँदा प्रतिवादी निर्मला लामालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

वारदातको घटनाक्रमलाई हेर्दा यी पुनरावेदक प्रतिवादीले पति पत्नीबीचमा भै रहने झै-झगडा तथा पतिबाट हुने कुटपीट सहन नसकी स्वयं पटक-पटक पीडित भै रहेको अवस्था पतिलाई विष खुवाई आफूले समेत विष खाएकोमा उपचारद्वारा आफूसम्म बाँच्न सफल भएको तथ्य मिसिलसंलग्न प्रमाणबाट देखिएको हुँदा वारदातको अवस्थालाई विचार गरी हेर्दा सर्वश्वहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने भनी अ.बं. १८८ नं. बमोजिम प्रतिवादीलाई आठ वर्ष कैदको सजाय गर्ने भनी व्यक्त भएको राय समेत मनासिब देखिँदा सदर हुने ।
इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
इति संवत् २०६९ साल असार २० गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८ सालको ०६८-CI-०५२१, अंश दर्ता, *बुधन महतो नुनिया वि. सीताराम महतो नुनिया समेत*

पुनरावेदक वादीले फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरिपाऊँ भनी यस अदालतमा पुनरावेदन गर्दा जिकीर लिए पनि शुरू जिल्ला अदालतमा फिराद गर्दा मिति २०३०।७६ लाई मानो छुट्टिएको मिति कायम गरिपाऊँ भन्ने जिकीर लिएको देखिँदा शुरूमा फिराद गर्दा आफैंले लिएको दावीविपरीत यस अदालतमा जिकीर लिन मिल्ने देखिएन । अर्कोतर्फ वादी प्रतिवादीहरूको बीचमा मानो छुट्टिएको मिति पहिले २०३० सालको अंश मुद्दामा कायम भएको मिति २०३०।७६ लाई मानिसकेपछि सोहीअनुसार तायदाती लिई सो मितिको आधारमा सम्पत्ति बण्डा गरिनुपर्ने ।

प्रतिवादी चनकलिया भन्ने चन्द्रकुमारीका पति सहदेव महतोको नाउँमा मानो छुट्टिएको मिति २०३०।७६ भन्दा पछि २०३६।११।१६ मा बकसपत्रको माध्यमबाट कायम हुन आएको कि.नं. ३७१ को १-१५-० जग्गामा वादीको हक लाग्ने अवस्था देखिँदैन । यसै प्रकार दरोगा महतोको नाम दर्ताको कि.नं. २८ को ०-०-९ घरजग्गामध्येबाट ०-०-४ जग्गा अन्यत्र बिक्री भै अर्काको नाउँमा गइसकेको देखिँदा सो जग्गामा समेत प्रस्तुत मुद्दाबाट अंश ठहर गर्नुपर्ने देखिएन । उक्त जग्गा बाहेक कि.नं. २८ को बाँकी ०-०-५ र अन्य तायदातीमा उल्लिखित सम्पत्तिबाट अंश छुट्याई लिन पाउने ।
इजलास अधिकृतः भोलानाथ ढकाल
इति संवत् २०६९ साल बैशाख २० गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६८ सालको ०६८-CI-०५२२, बकसपत्र लिखत बदर दर्ता, *बुधन महतो नुनिया वि. देवी नुनियाइन* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

९

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८ सालको ०६८-CI-०५२३, लिखत बदर दर्ता, *बुधन महतो नुनिया वि.लाखदेव महतो नुनिया समेत*

प्रस्तुत मुद्दासँग लगाउमा परेको दे.पु.नं. ०५२१ को अंश दर्ता मुद्दामा वादी प्रतिवादीहरूको बीचमा मिति २०३०।७६ लाई मानो चुलो छुट्टिएको मिति कायम हुने ठहरी फैसला भएको हुँदा सो मितिपश्चात् प्रतिवादी लाखदेव महतोले प्रतिवादी मोती महतो नुनियालाई मिति २०६४।६।१० मा राजीनामा लिखत गरिदिएकोले सो बदर गरिपाऊँ भनी दावी लिएको पाइयो । उक्त जग्गा लाखदेव महतोले उक्त अंश मुद्दामा मानो छुट्टिएको मिति २०३०।७६ पश्चात् अर्थात् मिति २०५३।१।३१ मा साविक कि.नं. ३१५ हाल नापीमा कायम कि.नं. २१८ ससोद्दिन मियाँबाट हालैको बकसपत्रबाट साविक कि.नं. ३१२ बाट कायम कि.नं. ५७५ को नयाँ नापीमा कि.नं. ४३५ कायम भएको जग्गा मिति २०५७।२।२४ मा नागा महतोबाट हालैको बकसपत्रबाट र हाल कायम कि.नं. ८१ को जग्गा मिति २०४६।७।२० मा प्रेममान सिँह राजभण्डारीबाट राजीनामाबाट प्राप्त गरेको देखिँदा यी सबै जग्गाहरू अंश मुद्दामा मानो छुट्टिएको मिति २०३०।७६ पश्चात् प्राप्त गरेको देखिँदा उक्त सम्पत्तिमा वादीको अंश हक पुग्ने देखिन आएन । त्यसैले प्रतिवादी लाखदेव महतोले प्रतिवादी मोती महतो नुनियालाई मिति २०६४।६।१० मा राजीनामा गरी दिएको लिखत बदर हुन नसक्ने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०५९ साल बैशाख २० गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८ सालको फौ.पु.नं. ०६८-CR-०७२३, सरकारी छाप कीर्ते गरी ठगी, *नेपाल सरकार वि. अनील श्रेष्ठ समेत*

प्रतिवादी कमल सिँहउपर ठगीको १ नं. को कसूरमा ४. नं. बमोजिमको सजायको माग दावी लिई अभियोगपत्र परेकोमा निजले ठगी नै गरेको अवस्था पुष्टि हुन सकेको पाइएन । यो यस प्रकारबाट ठगी गरेको भन्ने देखिने सम्मका कुनै प्रमाण अभियोग पत्र र हाल पुनरावेदन जिकीरमा समेत उल्लेख हुन सकेको पाइएन । कीर्ते गरेको भन्ने मात्र आधारमा ठगीतर्फ समेत मागदावी र सोहीअनुसारको पुनरावेदन जिकीर देखिन्छ । कीर्ते र ठगी फरक-फरक प्रकृतिका अपराध हुन् र कीर्ते मात्र गरेको अवस्थामा ठगी समेत गरेको भन्न मिल्दैन । ठगी समेत गरेको भन्ने कुराको आधार र सो सम्बन्धी प्रमाण समेत देखिनुपर्ने हुन्छ । त्यस्तै कुनै प्रमाण नभएको अवस्थामा ठगी समेतको कार्य गरेकाले ठगीको ४ नं. बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग माग दावी र वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

प्रतिवादीहरू सुशील श्रेष्ठ, विष्णु सुवेदी, उदय कर्णले अधिकारप्राप्त अधिकारी र अदालतमा समेत आरोपित कसूरमा इन्कार भै बयान गरेको र निजहरूका साक्षीले सो इन्कारीलाई समर्थन गरी बकपत्र गरेको देखिन्छ । अदालतमा उपस्थित भै बकपत्र गर्ने वस्तुस्थिति मुचुल्कामा बस्ने डगेन सुब्बाले प्रतिवादीहरूलाई दोषारोपण गर्न सकेको पाइँदैन । प्रतिवादी सुशीललालले प्रतिवादी विष्णु सुवेदीलाई पोल गरेको देखिए पनि त्यस्तो पोल समर्थित हुने अन्य प्रमाण देखिँदैन । केवल पोलसम्मको आधारले मात्र अन्य प्रमाणको अभावमा कसूरदार मान्न मिल्दैन । वादी नेपाल सरकारले आफ्नो पुनरावेदनमा लिएका अन्य जिकीरहरू मिसिल संलग्न प्रमाणबाट समर्थित हुने भन्दा अनुमानमा आधारित भएकोले प्रतिवादीहरूको कसूरमा संलग्नता देखिने तथ्यपूर्ण र आधार लिन सकिने कुनै प्रमाण देखाउन नसकी रहेको अवस्था हुँदा प्रतिवादीहरूले अभियोग दावीबमोजिमको कसूर गरेको मान्न नसकिने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल जेठ ९ गते रोज ३ शुभम् ।

११

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८ सालको दे.पु.नं. ०६८-CI-१२१९, अंश चलन *शान्तिदेवी शाह समेत वि. रनियादेवी साह समेत*

मूल पूर्खा जमाहिर साहको ३ छोरा वंशी, अनुपी र बच्ची भएकोमा माहिला अनुपीको श्रीमती मालतीदेवीको पनि मृत्यु भै निःसन्तान भएकी रहिछन् । यी वादी र प्रतिवादी जेठा वंशी साहका सन्तान भएको कुरामा स्वयं वादी एवं प्रतिवादीहरूको नाता, पुस्तामा विवाद देखिँदैन । जमाहिर साहका छोराहरू वंशी र अनुपी समेत कानूनबमोजिम छुट्टी भिन्न भएको प्रमाण नभएको र डोमी साह समेतले तोफी साहउपर दिएको अंश मुद्दा खारेज तामेलीमा रहेको कुरामा विवाद भएन । तर अंश जस्तो नैसर्गिक हका तोफी साहउपर दिएको उक्त अंश मुद्दाबाट अंश पाई सकेको नदेखिँदा डोमी साहका स्वास्नी छोरा नाताका वादीहरूले अंश नपाउने भनी भन्न सकिने भएन । अंश जस्तो नैसर्गिक अधिकारसँग जोडिएको हुँदा अंश छुट्टयाई लिन नपाउने भनी अर्थ गर्न नमिल्ने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल वैशाख २० गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री कमलनारायण दास,** ०६७-CR-१२५५, जीउ मास्ने बेच्ने, *नेपाल सरकार वि. महाप्रसाद आचार्य समेत*

पीडित भनिएकी ए कुमारी (नाम परिवर्तन) ले जिल्ला प्रहरी कार्यालयसमक्ष मिति २०४१।१।७ मा गरेको कागजको पृष्ठ ३ को प्रकरण १० मा आफूलाई फकाई लाने काली सर्किनी भएको र बिक्री गर्नेको नाम थर, वतन समेत निजै काली सर्किनीबाट खुलाईपाऊँ भन्नेसम्म उल्लेख गरेको देखिन्छ । तर यी प्रतिवादीहरूको नाम निज पीडितले आफ्नो कागजमा कहीं कतै उल्लेख गर्न सकेको देखिँदैन । वारदातमा संलग्न भएको भनिएका व्यक्तिको नाम स्वयं पीडितबाट गरिएको कागजबाट खुल्न नआउनुको अतिरिक्त काली सर्किनीबाट नाम खुलाउन निजले दावी गरेकोमा वादी पक्षबाट निज काली सर्किनीलाई पेश गर्नसम्म पनि असमर्थ रहेको पाइयो । जसबाट नाम खुलाई पाऊँ भनिएको छ सो व्यक्ति वादी पक्षले उपस्थित नै गराउन नसक्नु तथा पीडितले वारदातमा संलग्न भएका भनिएका व्यक्तिको नाम समेत उल्लेख गर्न नसकेको अवस्थामा केवल तेस्रो पक्षले दिएको एकमात्र जाहेरीलाई आधार मान्न मिल्ने देखिएन । ए मायालाई बम्बैमा लगी बिक्री गरेको हो भनी वादी पक्षले दावी लिए तापनि सो दावीलाई पुष्टि हुने गरी वादी पक्षबाट कुनै प्रमाण पेश गर्न सकेको समेत नपाइँदा केवल शंकाको आधारमा प्रतिवादीहरूलाई कसूरदार ठहऱ्याउन नमिल्ने हुँदा प्रतिवादीहरूले आरोपित कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल असार ३ गते रोज १ शुभम् ।

१३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री कमलनारायण दास,** ०६७-CI-१४१४, करारबमोजिम गरिपाऊँ, *रामशंकर साह वि. महोत्तरी जलेश्वर न.पा. वडा नं. १२ स्थित जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक रामस्वहाग मिश्र समेत*

विद्यालयको अधिनस्थमा रहेको जिल्ला महोत्तरी जलेश्वर नगरपालिका वडा नं. १२ कि.नं. ५०३ को ०-१९-१५ क्षेत्रफल भएको पोखरीमा माछापालनको लागि मिति २०६१।९।१ गतेदेखि २०६६ साल पुस मसान्तसम्मको लागि रू. ३,२५,०००।- ठेक्कामा लिने दिने गरी यी वादी र विद्यालयबीच मिति २०६१।८।२७ मा करारनामा भएको र ठेक्का लिँदा धरौटी बापतको रकम समेत पटक-पटक गरी जम्मा रू. १,५२,८९८।- बुझाएको भनी वादीले उल्लेख गरेका छन् । तर त्यसपछिका वर्षहरू २०६४, २०६५ र २०६६ सालको किस्ता रकम बुझाएको छु भनी भन्न सकेको देखिएन । मुख्य कुरा २०६२।४।१७, २०६४।४।१ र २०६६।४।५ गते बाढी आई पानी पोखरीमा पसी सम्पूर्ण माछा बगाई लगी क्षति भएको भनी उल्लेख गरेको देखिन्छ । बाढी आई दैवी प्रकोप परेको भए कुन-कुन सालमा के कस्तो दैवी प्रकोप परेको हो सो दैवी परेको तथ्यको पुष्टि हुने प्रमाण पनि उजूरकर्ताले उजूरसाथ पेश गरेको नदेखिँदा वादी दावी नपुग्ने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल असार ३ गते रोज १ शुभम् ।

**इजलास नं. ६**

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-०३०५, उत्प्रेषणमिश्रित परमादेश, *बाबुराज बलमपाकी वि.अर्थ मन्त्रालय समेत*

सरूवा भन्ने विषय समान पदका बीचमा मात्र हुने विषय हो । निजामती सेवा ऐनको दोस्रो संशोधन भएपश्चात् निवेदकको हालको पदमा नियुक्तिको लागि सिफारिश भएको देखिएबाट सो मितिले निजको सो पदको सेवा अवधि निजामती सेवा ऐनको संशोधित कानूनी व्यवस्थाअनुसार दश वर्ष वा सोभन्दा बढी भएको भन्न देखिन आउँदैन । त्यसैले राजपत्र अनंकित तहमा २०५५ सालदेखि कार्यरत् रही अहिले दश वर्ष भन्दा बढी सेवा अवधि भएकोले निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (७) को व्यवस्थाले सरूवा गर्न बाधा नपर्ने भन्ने निवेदकको जिकीर कानूनसंगत नदेखिने ।

कानूनबमोजिमको काम गर्नुपर्ने कुनै निकायले प्रशासकीय कार्यको सिलसिलामा कुनै निर्णय गर्दा कानूनको देखादेखी त्रुटि भएको आफैंले महसूस गर्दछ र उक्त निर्णय कार्यान्वयन भइसकेको अवस्था छैन भने त्यसरी हुन गएको गल्ती सच्याउन पुनः अर्को निर्णय गर्नु स्वाभाविक प्रक्रिया हो । त्यस्तो अवस्थामा त्यसरी हुन गएको गल्तीलाई आफैले सच्याउने गरी कानूनअनुकूलको अर्को निर्णय गर्न पाउँदैन भन्न मिल्दैन । यदि त्यस्तो निर्णय गर्न पाउने अधिकार नहुने हो भने गल्ती निर्णय कायम रहन र कार्यान्वयन हुन जान्छ । त्यसमा पनि कानूनको देखादेखी गल्तीबाट भएको कुनै निर्णयबाट कसैले आफ्नो कानूनी हकमा आघात भएको भनी प्रकारान्तरमा त्यस्तो गल्ती निर्णयलाई नै कायम गरी पाउन लिएको जिकीरलाई कानूनसंगत् मान्न मिल्ने अवस्था हुँदैन । किनकि कानूनविपरीत भएको निर्णयले कसैको कानूनी हकको सिर्जना गर्दैन । यदि यस्तो निर्णयलाई सच्याउन कसैले निवेदन पनि नदिने र निर्णय गर्ने निकायले पनि आफैंले त्यस्तो गल्ती निर्णयलाई सच्याउन नपाउने अर्थ गर्ने हो भने कानूनविपरीत भएको निर्णय कायम रहन र कार्यान्वयन हुन जान्छ, जुन कानूनी राज्यको लागि सुहाउने विषय नहुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६९ साल असार ५ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-WO-०८०१, उत्प्रेषणमिश्रित परमादेश, *वीरबहादुर लिम्बू वि. शिक्षा मन्त्रालय समेत*

शिक्षक छनौट समितिले गरेको काम कानूनअनुरूप नदेखिएमा सो परीक्षा नै बदर गर्नसक्ने अधिकार जिल्ला शिक्षा अधिकारीलाई रहे भएको देखिएकोले अनियमितता भएको स्पष्ट देखिएको अवस्थामा त्यसलाई सुधार्न जिल्ला शिक्षा अधिकारीले विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्ने अधिकार भएको एवं सोही निर्देशनबमोजिम विद्यालय व्यवस्थापन समिति एवं परीक्षा छनौट समतिबाट भएको कामकारवाहीमा कुनै कानूनी त्रुटि रहेको नदेखिने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६९ साल असार ७ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-WO-०१००, उत्प्रेषण परमादेश, *मीरा राजभण्डारी अमात्य वि. नेपाल इञ्जिनियरिङ्ग परिषद्, काठमाडौं समेत*

प्रस्तुत विवादमा विपक्षी अच्यूतप्रसाद कोइराला प्रशासकीय सहायक पदमा सिफारिश भैसकेको कुरा मिति २०६५।३।२ मा प्रकाशित सूचनाबाट देखिन आएको छ । नियुक्ति सिफारिश गर्दा सिफारिश गर्ने निकाय वा सिफारिशकर्ताले कानूनको उल्लंघन गरी सिफारिश गरेको देखिए मात्र त्यस्तो सिफारिश उत्प्रेषणको आदेशले बदर हुने हो । अतः पदपूर्ति समितिले प्रक्रियागतरूपमा विपक्षी अच्यूतप्रसाद कोइरालालाई प्रशासकीय सहायक पदमा नियुक्ति लिन आउनु भनी मिति २०६५।३।२ मा सूचना प्रकाशन गरेको र सोको आधारमा अख्तियारवालाले अच्यूतप्रसाद कोइरालालाई

नियुक्ति दिएको कार्य कानून तथा नियुक्ति सिद्धान्तको विपरीत नदेखिने ।

कुन-कुन विज्ञापनमा कुन-कुन उम्मेद्वारले लिखित परीक्षामा कति-कति अङ्क ल्याएको थियो र ती उम्मेद्वारलाई अन्तर्वार्तामा पदपूर्ति समितिले औसतमा के कति नम्बर प्रदान गरी नियुक्तिको लागि नतिजा प्रकाश गरेको थियो भनी प्रस्तुत रिट निवेदनको रोहबाट हेर्न नमिल्ने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल जेठ २८ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-WO-०४३८, उत्प्रेषण समेत, *गोपालभूषण पराजुली वि. जसबहादुर गुरुङ समेत*

मुद्दामा मातहत अदालतले सबूद प्रमाणको मूल्याङ्कन गरी हक बेहकमा बोल्नुपर्ने भएबाट सर्वोच्च अदालतबाट रिट क्षेत्रबाट बोल्न नमिल्ने मान्यता स्थापित गरिएको छ । नजीरको प्रयोग गर्दा सो कुन तथ्य र कानूनका आधारमा प्रतिपादित छ भन्ने कुरा पनि हेर्नुपर्ने ।

मुलुकी ऐन, अ.बं. १७१क नं. बमोजिम गरेको आदेशले कसैको हक समाप्त भई अरू कसैको हकको सिर्जना नहुने, यस अदालतबाट २०६२।६।९ मा भएको फैसलालाई नै बदर गर्ने मागका अतिरिक्त सो जग्गा सार्वजनिक कायम गरिपाउने माग गर्दै फिराद परी मुद्दा कारवाहीयुक्त रहेको अवस्थामा निवेदन मागबमोजिम आदेश जारी हुँदा कारवाहीयुक्त अवस्थामा रहेको मुद्दालाई असर पर्ने, निवेदकले पेश गरेको नजीर यस विवादमा आकर्षित नहुने र कास्की जिल्ला अदालतमा दायर भएको फिरादलाई फैसला कार्यान्वयन गर्न अवरोध पुऱ्याउने उद्देश्यले दायर भएको भनी मान्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल जेठ २४ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको फौ.पु.नं. CR-०२५०, २००६७ साधक नं. CR-००१४, कर्तव्य ज्यान र जवर्जस्ती करणी, *नेपाल सरकार वि. बुद्धि गौतम, नेपाल सरकार वि. बुद्धि गौतम*

प्रतिवादीले बयानमा खुलाएबमोजिम नै मृतक भीमकुमारीको लास बरामद भएको बरामदी मुचुल्काबाट देखिएको र जास सडी गली सकेकोले शव परीक्षणबाट मृत्युको कारण खुल्न नसके पनि स्वयं प्रतिवादीले गरेको बयान र निजउपरको किटानी जाहेरीलाई अन्यथा भन्न मिल्ने । निजले आपराधिक मानसिकताबाट ग्रस्त भै वर्ष ११ की बालिकालाई पैसा दिने प्रलोभन देखाई आफ्नो कोठमामा लगी जवर्जवस्ती करणी गरी आफूले गरेको कार्य अरूले थाहा पाउने डरले मनसायपूर्वक पासविक तवरले कर्तव्य गरी मारेको देखिन आएकोले प्रतिवादीलाई सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

जवर्जस्ती करणीको महलको १० नं. बमोजिम हकवालालाई समेत क्षतिपूर्ति भराई दिनुपर्ने भन्ने पुनरावेदक वादी नेपाल सरकारको जिकीर रहे पनि दावीबमोजिम कसूर कायम भै प्रतिवादीलाई सर्वश्वसहित जन्मकैद समेत हुने ठरहेको अवस्थामा सर्वस्व भैसकेको सम्पत्तिबाट क्षतिपूर्ति दिने भन्ने अर्थ गर्न नमिल्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल असार १२ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको दे.पु.नं. CI-०२४९, जग्गा खिचोला घर हटाई चलन, *योगेन्द्र साह कलवार समेत वि. सुमित्रादेवी सोनारिन*

अदालतमा मुद्दा परी भोग कायम भइसकेको घरजग्गामा फुसको घर जग्गामा फुसको घर भत्कन सक्ने अवस्थामा वादीको दावीबमोजिम प्रतिवादीहरूले कब्जा खिचोला गरी घर बनाएको भन्ने वादीको दावीलाई अन्यथा भन्न सकिएन । ऐलानी जग्गामा भोगाधिकार रहने भनी वादी दावीको १५ वर्ष अगाडिको पूर्व मुद्दाको मिलापत्रलाई नहेरी वादीको दावी पुग्न नसक्ने भन्न नमिल्ने हुँदा दावी पुग्न सक्ने ।

इजलास अधिकृतः श्री परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल असार १२ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-WO-०४१३, उत्प्रेषणयुक्त परमादेश समेत, *भूमिराज आचार्य वि. शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुर समेत*

जुन कामको लागि निवेदन माग दावी लिई रिट निवेदक अदालतमा आएको हो सो कार्य नै सम्पन्न भइसकेको अर्थात् बढुवा नै भइसकेको अवस्थामा कार्यसम्पादन मूल्याङ्कन फाराम यथासमयमा भरियो वा भरिएन भन्ने प्रश्नतर्फ प्रवेश गर्नु परेन । निवेदकले बढुवा नै पाइसकेको स्थितिमा रिट जारी गर्नुको औचित्य र अवस्था समेत नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल चैत २६ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८ सालको रिट निवेदन नं. ०६८-WH-००५६, बन्दीप्रत्यक्षीकरण, *चक्रबहादुर बुढा वि. कारागार कार्यालय, कञ्चनपुर समेत*

प्रतिवादी चक्रबहादुर बुढालाई जानी-जानी आफ्नो जग्गामा लागू औषध सञ्चय गर्न दिएको आरोपमा लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १५ अनुरूप ६ महिना कैद गर्ने भन्ने उल्लेख भएको पाइँदा माथिल्लो तहको अदालतको फैसलाको ठहर खण्डमा तल्लो अदालतले ठहर गरेको कैदको हकमा फरक पर्ने गरी स्पष्ट उल्लेख भई फैसला भएपछि तपसील खण्डमा तल्लो अदालतको फैसलाको लगत कट्टा वा संशोधन सम्बन्धमा तल्लो अदालतलाई कुनै निर्देशन दिएको नभए तापनि माथिल्लो तहको अदालतको फैसलाको ठहर खण्ड क्रियाशील हुने हुन्छ । प्रस्तुत रिट निवेदनमा सर्वोच्च अदालतको मिति २०६६।१२।१७ को फैसलाको ठहर खण्डमा यी रिट निवेदक चक्रबहादुर बुढालाई जम्मा ६ महिना मात्र कैद हुने स्पष्टसँग उल्लेख भएको अवस्थामा शुरू अदालतले राखेको २ वर्ष कैद र रू. १५,०००।- जरीवानाको लगत कट्टा गर्न नभनेकोसम्म आधारमा उक्त लगतबमोजिम थुनामा राख्नु कानूनसम्मत मान्न नमिल्ने हुँदा निवेदकलाई आजै कैदबाट छाडिदिने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल फागुन १६ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री कमलनारायण दास,** ०६८-RC-००९६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पूर्णबहादुर राई समेत*

मृतक बासुदेव खरेललाई प्रतिवादी छिरिङ्ग समेतले कुटपीट गरेका निज छिरिङ्गले समाती अर्का प्रतिवादी मनबहादुरले पैताला माथिको भागमा ठाडो पारी चिरेका र छिरिङ्ग, पूर्णबहादुर, मनबहादुर समेतले काटेको ठाउँमा खोर्सानी दलेका, मनबहादुरले बत्तीमा खर सल्काई मृतकको शरीरमा आगो झोसेका, मनबहादुर, कुलबहादुर समेतले हात खुट्टा बाँधी सुँगुर जस्तो गरी बाँधी मनकुमार राई, मनबहादुर राई, पहलमान राई छिरिङ्ग शेर्पा, कुलबहादुर राई, दिलबहादुर राई पूर्णबहादुर राई समेतले बोकी जंगलमा फाली आएको भन्ने व्यहोरा सहअभियुक्तहरू मनबहादुर राई, दिलबहादुर राई पहलमान राई समेतले अनुसन्धान अधिकारी र अदालतमा बयान गर्दा समेत उल्लेख गरेको देखिन्छ । २०५२।१।११ मा भएको लास जाँच मुचुल्कामा लासको टाउकोमा चोट भएको, बाँयातर्फको केश डढी खुइलिएको, गर्दनमा आगोले पोली छाला पाकेजस्तो देखिएको लगायतका घा चोटहरू मृतकको शरीरमा देखिएको भन्ने उल्लेख भएको पाइन्छ भने घाँटीको हड्डी भाचिई निस्सासिएको कारण मृतकको मृत्यु भएको भन्ने पोष्टमार्टम रिपोर्टबाट देखिँदा मृतकको मृत्यु कर्तव्यबाट भएको भन्ने पुष्टि हुँदा प्रतिवादीहरू पूर्णबहादुर राई, कुलबहादुर राई र छिरिङ्ग शेर्पालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं बमोजिम जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल जेठ १२ गते रोज ६ शुभम् ।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री कमलनारायण दास,** ०६८-RC-००९४, कर्तव्य ज्यान, *नेपाल सरकार वि.गंगा भट्टराई*

मृतकलाई प्रतिवादीले समेत कुटपीट गरेको भन्ने मिसिलबाट देखिन आएको र यी प्रतिवादी सरहका अन्य प्रतिवादीहरू दीपेन्द्रनाथ आचार्य र गंगा आचार्यलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई यसै अदालतबाट मिति २०६६।९।२७ मा फैसला भइसकेको समेतका अवस्था समेतलाई दृष्टिगत गर्दा प्रतिवादी गंगा भट्टराईलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

मृतक र प्रतिवादीबीच पूर्व रिसइवी नरहेको, मार्ने उद्देश्यले मृतकलाई कुटपीट गरेको पनि नदेखिएको, तत्काल विवाद उत्पन्न भई उठेका रिसका कारण आपसमा कुटपीट हुँदा टाउकोमा आग्लोले प्रहार गरेको गम्भीर चोट समेतका कारणबाट मृतकको मृत्यु भएको देखिएको र सहप्रतिवादीहरू दीपेन्द्रनाथ आचार्य र राधेश्याम आचार्यलाई अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद हुने ठहऱ्याई यस अदालतबाट मिति २०६६।९।२७ मा फैसला भैसकेको स्थिति समेतलाई दृष्टिगत गर्दा प्रतिवादी गंगा भट्टराईलाई पनि अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैदको सजाय हुने ।

इजलास अधिकृतः किशोर घिमिरे
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६९ साल जेठ १२ गते रोज ६ शुभम् ।

११

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री कमलनारायण दास,** २०६५ सालको CI-०६३५, अंश दर्ता, *गन्धियादेवी कनुइन वि. जगदेव साह कानू समेत*

ठहर खण्डमा प्रमाणहरूको मूल्याङ्कन पछि के कसले कति हक पाउने भन्ने सन्दर्भमा न्यायकर्ताको राय अभिव्यक्त भएको हुन्छ । विवादको निर्क्योल ठहर खण्डमा हुने हुँदा माननीय न्यायाधीशबाट के निर्णय भयो भन्ने कुरा ठहर खण्डबाटै प्रष्ट हुन आउँदछ । तपसील खण्ड भनेको फैसला कार्यान्वयन सन्दर्भमा सहज बनाउन विस्तृत रूपमा उल्लेख गरी प्रष्टता ल्याउनका लागि उल्लेख गरिने सम्म हो । तपसील खण्डको आधार नै ठहर खण्ड हो र ठहर खण्डभन्दा बाहिर तपसील खण्ड जान सक्दैन । अर्थात् ठहर खण्डमा सीमित रहेर नै तपसील खण्डमा प्रष्ट्याउने सम्म हो । ठहर खण्ड र तपसील खण्ड एकआपसमा बाझिन गएकोमा त्यस्तोमा ठहर खण्डले मान्यता पाउने ।

अड्डाबाट भएको भूलको कारण तपसील खण्डमा छूट हुन गएको हुँदा त्यस्तो अवस्थामा ठहर खण्डले ६ कित्ता जग्गाबाट वादीले पाउने अंश भागको जग्गा फैसलाको तपसील खण्डमा छूट भएको कारणबाट वादीको हक उक्त अंशमा नहुने भन्न मिल्दैन । हक बेहकको प्रश्न अदालतको फैसलाले ठहर खण्डबाट निस्पादित हुने विषय हो । ठहर खण्डमा हक कायम गरिएको सम्पत्तिमा हकभोग गर्ने अधिकारलाई तपसील खण्डमा उल्लेखन नभएकै कारणबाट निष्प्रयोजित वा निष्प्रभावी तुल्याउन नमिल्ने ।

ठहर खण्डबाट निष्पादित इन्साफको विषयलाई तपसील खण्डमा अधुरो रूपमा उल्लेख गर्नु भनेको सामान्य त्रुटि नै मान्नुपर्दछ । त्यस्तो त्रुटिलाई न्याय प्रशासन ऐन, २०४८ को दफा १९(२) ले सच्याउन कुनै निश्चित हदम्याद नभएकोले अदालतलाई त्यस्तो सामान्य भूल वा त्रुटि सच्याउन कुनै बाधा नदेखिने र दण्ड सजायको ६१ नं. कार्यान्वयनतर्फको विषयमा भएको कानून हुँदा सामान्य त्रुटि वा भूल सच्याउन ऐ. दण्ड सजायको ६१ नं. आकर्षित समेत नहुने ।

इजलास अधिकृतः आत्मदेव जोशी
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल माघ १८ गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको CI-०४३०, अपुताली हक कायम, *सीता अधिकारी समेत वि. गोपाल लम्साल*

नरनाथ लम्सालले अंश पाउने ठहर भएको जग्गालाई आधा नरनाथको गरी बाँकी आधाबाट ३ खण्ड गरी १ खण्ड यी वादीको अपुताली हक कायम हुने ।

इजलास अधिकृतः आत्मदेव जोशी
कम्प्युटरः चन्दा तिमल्सेना
इति संवत् २०६८ साल माघ १८ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६७ सालको CR-०२८६, जालासाज, *सीता अधिकारी समेत वि. गोपाल लम्साल* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**इजलास नं. ७**

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,**
२०६७ सालको रिट निवेदन नं. ०६७-WO-०१११, उत्प्रेषणयुक्त परमादेश, *एभरेष्ट पश्मिना निटिङ एण्ड विभिङ इण्डष्ट्रीका अख्तियारप्राप्त ऐ.का प्रशासकीय अधिकृत हरिश्चन्द्र देवकोटा वि. सावित्री थापा समेत*

ठेक्का वा करार सेवामा काममा लगाइएका कामदार कर्मचारीलाई अन्य स्थायी कर्मचारी वा कामदार सरह श्रम ऐन, २०४८ को दफा १० को सेवाको सुरक्षासम्बन्धी व्यवस्था लागू नहुने भनी यस अदालतबाट निवेदक खिम्ती सर्भिसेज प्रा.लि. विपक्षी श्रम अदालत समेत भएको उत्प्रेषणयुक्त परमादेशको रिट नं. ०६७-WO-०३६९, निर्णय मिति २०६८।८।२० (*नेकाप* २०६९, बैशाख, निर्णय नं. ८७४८, पृष्ठ २४) मा प्रतिपादन भएको सिद्धान्त प्रस्तुत विवादको सन्दर्भमा समेत आकर्षित भई निज विपक्षीहरू प्रतिष्ठानको स्थायी सरह नियमित कामदार कर्मचारी हुन् भनी मान्यता दिन सकिने अवस्था नहुँदा निजहरूलाई श्रम ऐन, २०४८ को दफा १० अनुसार सेवा सुरक्षाको अधिकारप्राप्त नहुने ।

निर्णय गर्ने निकायले निर्णय गर्दा वादी पक्षले दावी गरेका विषयमा पुष्टि हुने प्रमाण बुझी प्रमाणद्वारा पुष्टि भएमा मात्र दावी पुग्ने निष्कर्षमा पुग्नुपर्ने । वादीले कुनै दावी नै लिएको छैन भने त्यस्तो दावी नलिएको विषयमा निर्णय गर्ने निकाय स्वयंले दावी सिर्जना गरी दावीको सीमाभन्दा बाहिर गई निर्णय गर्नु न्यायको सर्वमान्य सिद्धान्तविपरीत हुने ।

विपक्षी कामदारहरू निवेदक उद्योगसँग पिसरेट वा ठेक्का समेतको रूपमा संलग्न रहे भएको निजहरूलाई निवेदक उद्योगले सोही रूपमा वा हैसियतमा काम लगाएको वा निजहरूको सेवा लिएको देखिएको र दक्ष व्यक्तिको सेवा प्राप्त गर्दा निवेदक उद्योगलाई पनि फाइदा नै हुने स्थिति हुँदा निवेदक उद्योगको उत्पादन क्षमता उत्पादनहरूको माग तथा आपूर्ति र आवश्यकताअनुसार विपक्षीहरूको सेवा लिन आवश्यक देखिएमा साविकबमोजिम ठेक्का वा पिसरेट जुन शर्तमा काममा लगाएको हो सोही शर्त र आधारमा विपक्षीहरूलाई काममा लगाउनु भनी निवेदकका नाममा आदेश जारी हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल चैत २१ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६६ सालको रिट निवेदन नं. ०६७-WO-०५८७, उत्प्रेषणयुक्त परमादेश, *एभरेष्ट पश्मिना निटिङ एण्ड विभिङ इण्डष्ट्रीका अख्तियारप्राप्त ऐ.का प्रशासकीय अधिकृत हरिश्चन्द्र देवकोटा वि.पविना थापा (गुरुङ) समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,**
२०६८ सालको रिट निवेदन नं. ०६८-WO-०४०४, उत्प्रेषणयुक्त परमादेश, *चन्द्रप्रकाश बस्नेत वि. लोकसेवा आयोग, के.का. समेत*

जुनसुकै परीक्षामा परीक्षार्थीले पालन गर्नुपर्ने केही अनिवार्य शर्त, मर्यादा र नियम रहेका हुन्छन् । परीक्षासम्बन्धी शर्त, मर्यादा र नियमको पालना भएन भने परीक्षामा शुद्धता र निष्पक्षता रहन सक्तैन । लोक सेवा आयोगले सरकारी सेवामा रोजगारीको लागि उपयुक्त उम्मेद्वार छनौट गर्न परीक्षा सञ्चालन गर्ने र त्यस्तो परीक्षाको नियम र शर्तहरू प्रवेश पत्र एवं उत्तरपुस्तिकाको अग्रभागमा समेत उल्लेख गरेको हुन्छ । परीक्षा भवनमा निषेधित वस्तु लैजाने, उत्तरपुस्तिका नबुझाई बाहिर लैजाने, होहल्ला गर्ने जस्ता कार्य परीक्षासम्बन्धी अनियमित कार्य मान्नु पर्ने हुन्छ । परीक्षा भवनमा उत्तरपुस्तिका नबुझाई बाहिर लैजाने कार्यलाई परीक्षासम्बन्धी अनियमित कार्य नमान्ने हो भने परीक्षाको शुद्धता, मर्यादा, निष्पक्षता कायम रहन नसक्ने हुन्छ । तसर्थ निवेदकले परीक्षा समाप्त भइसकेपश्चात् वस्तुगत उत्तरपुस्तिका नबुझाई बाहिर लगेको कार्य परीक्षासम्बन्धी अनियमित कार्य हुने ।

निलम्बन अवधिमा आयोगको कुनै पनि परीक्षा दिन नपाउने र दिएको भए पनि कायम रहन नसक्ने हुँदा निवेदकको नाम लिखित परीक्षा नतीजा सूचीबाट

हटाउने गरी आयोगबाट मिति २०६८।७।८ मा भएको निर्णय समेत कानूनसम्मत् देखिने।

इजलास अधिकृत: शिवप्रसाद खनाल
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल चैत २१ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको दे.पु.नं. ०६६-CI-०१८७, अबण्डा जग्गा बण्डा गरिपाऊँ, *उमेशचन्द्र बराल वि.जगदिशचन्द्र बराल*

शर्तनामाको लिखतले सम्पत्ति दिए लिएको नभई सोही दिन पारीत बण्डाको लिखतपछि अबण्डा रहेको जग्गाको बण्डासम्बन्धी कार्यान्वयन कसरी गर्नेसम्म भनेको पाइन्छ। उक्त शर्तनामाको कागजमा वादी प्रतिवादी दुबै पक्षले मञ्जूरी जनाई सहीछाप समेत गरेको देखिँदा त्यसको कार्यान्वयनमा विवन्धित हुने समेत देखिन्छ। यसबाट अबण्डा रहेको कि.नं. ११ को जग्गाको बाँडफाँड एवं बाटोको सम्बन्धमा मिति २०५४।१२।९ को शर्तनामाको लिखत जालसाजी भने तापनि वादी स्वयंले स्वेच्छाले सहीछाप गरी अस्तित्वमा रहेको लिखत जालसाजी हुन नसक्ने हुँदा जालसाजीको दावी पुग्न सक्दैन। जालसाजीमा दावी नपुग्नेतर्फ वादीलाई सजाय समेत गरिरहनु नपर्ने।

इजलास अधिकृत: शिवप्रसाद खनाल
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०६९ बैशाख २० गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको दे.पु.नं. ०६६-CI-०५२५, अंश, *विरजु पासी वि. नेतराम पासी समेत*

वादी प्रतिवादीहरू अशियार भएकोमा विवाद नदेखिएको, नेतरामले सुकदेवलाई गरिदिएको लिखतका हकमा विरजुले गरिदिएको भनिएको मिति २०३०।१२।१४ को लिखतको कानूनी परिणाम बारे केही नबोलिएको, कुल सम्पत्ति वादी प्रतिवादी र निजका परिवारबीच के कति रहेको तिनको स्रोत समेतको विश्लेषण नभएको यस परिप्रेक्ष्यमा अंशबण्डाको ३० नं. को अवस्था देखिन्छ देखिँदैन भन्ने समेत विषयमा केही नबोलिएको मुलुकी ऐन अंशबण्डाको महलको ३० नं. को परिप्रेक्ष्यमा विश्लेषण नगरी वादी दावी नपुग्ने ठहर भएको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई बदर हुने ठहर्छ। अब, आवश्यक बुझ्नुपर्ने प्रमाण बुझी उल्लिखित कुराहरूलाई सम्बोधन गरी फैसला गर्नु भनी प्रस्तुत मुद्दामा तारिखमा रहेका पक्षहरूलाई पुनरावेदन अदालत, बुटवलमा हाजीर हुन तारिख तोकी प्रस्तुत मुद्दा पुन: फैसला गर्न पुनरावेदन अदालत, बुटवलमा पठाउने।

इजलास अधिकृत: शिवप्रसाद खनाल
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०६९ साल बैशाख २० गते रोज ४ शुभम्।

- यसै लगाउको २०६७ सालको दे.पु.नं. ०६७-CI-०५२६, बकसपत्र दर्ता बदर हक कायम, *विरजु पासी वि. नेतराम पासी समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट निवेदन नं. ०६५-WO-०३८२, उत्प्रेषण समेत, *अशोककुमार शर्मा वि. ललितनारायण ठाकुर समेत*

बिना सूचना बिदा स्वीकृत समेत नगराई प्रतिष्ठानमा गयल हुने कामदार कर्मचारीलाई श्रम ऐन, २०४८ को दफा ५२(४) बमोजिम तथा श्रम नियमावली, २०५० को नियम ३७(२) बमोजिम सेवाबाट अवकाश दिने गरी भएको इष्टर्न सुगर मिल्सको मिति २०६१।१०।२५ को निर्णय र मिति २०६१।११।१ को पत्र कानूनबमोजिमको देखिने।

इजलास अधिकृत: शिवप्रसाद खनाल
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल चैत २१ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८ सालको साधक नं. ०६८-RC-००७६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुनसरी बुर्जा मगर*

महिलाले सतित्वरक्षाका लागि हरसम्भव प्रयास गर्दा पनि त्यो सफल हुन नसकेको अवस्थामा भएको हत्यालाई न्यायोचित हत्याका रूपमा ग्रहण गरेको छ। जवर्जस्ती करणीको ८ नं. स्वयंममा परिपूर्ण छ। यो कानून महिलाले आफ्नो सतित्व रक्षाका

लागि प्रतिकार गरेको र यसरी प्रतिकार गर्दा असफल भएको देखिएमा मात्र बात नलाग्ने हो ।

कुनै प्रकारको प्रतिकार नगरी स्वेच्छाले करणी गर्न दिएपश्चात् मृतकलाई कर्तव्य गरी मारी कसूर गरेको अवस्थामा जवर्जस्ती करणीको ८ नं. अनुसार त्यस्तो कसूरको सजायबाट उन्मुक्ति पाउन नसक्ने हुँदा सुनसरी बुर्जा मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको पूर्व रिसइवी, तयारी एवं योजना नभएको, मृतकको मनमा यौन इच्छा जागृत भई मध्यरातमा ढोका लगाई सुतिरहेकी यी प्रतिवादीसँग मृतकले यौनसम्पर्क स्थापित गरेको कारण नै हत्याको कारक रहेको, प्रतिवादीले कसूर स्वीकार गरी अदालतलाई न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएकी, प्रतिवादीले सामान्य होटेल सञ्चालन गर्दै तीनजना बच्चाहरूको पालन पोषणको दायित्व बहन गर्दै आएकी, प्रतिवादीको उमेर र अपराध हुँदाको कारण अवस्था र परिस्थितिलाई समेत विचार गर्दा प्रतिवादीलाई सर्वश्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा न्यायको दृष्टिबाट मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको १८८ नं. बमोजिम प्रतिवादी सुनसरी बुर्जा मगरलाई १०(दश) वर्ष मात्र कैदको सजाय हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६९ साल जेठ २६ गते रोज ६ शुभम् ।

## इजलास नं. ८

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री कमलनारायण दास,** २०६५ सालको रि.नं. ०६५-WO-०५४९, उत्प्रेषणयुक्त परमादेश, *उत्तमराज ओझा वि. नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय, दरवार मार्ग समेत*

निवेदकले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, र सिटरोलमा उल्लेख गरिएको विवरणबाट समेत निज निवेदकको जन्ममिति १० जुन, १९५३ (वि.सं. २०१०-२-२६) देखिइरहेको अवस्थामा निवेदकहरूलाई नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा नियमावली, २०६२ को विनियम ९३ बमोजिम सेवा प्रवेश गर्दा पेश गरेको मिति २०३९।८।४ मा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट लिएको नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र समेतका आधारमा निज रिट निवेदकको उमेर मिति २०६६।१।१ मा ५८ वर्ष पुग्ने भएबाट सोही मितिबाट अनिवार्य अवकाश पाउने हुँदा मिति २०६५।९।२० को निर्णयअनुसार जानकारी गराइएकोले रिट निवेदन खारेज गरिपाऊँ भन्ने विपक्षी नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय समेतको लिखित जवाफमा सहमत हुन सक्ने अवस्था नदेखिएकोले निवेदकलाई १० जुन १९५१ देखि जन्ममिति कायम गरी नियमबमोजिम उमेर सच्याउने निर्णय हुनुपूर्व जारी भएको नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित वर्षबाट गणना गरी ५८ वर्ष पुगेको भनी निवेदकहरूलाई मिति २०६६।१।१ बाट अनिवार्य अवकाश दिने भनी प्रत्यर्थी नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयबाट मिति २०६५।९।२० मा भएको निर्णय र निवेदकलाई मिति २०६५।९।२१ मा दिइएको जानकारीपत्र समेत कानूनसम्मत् नदेखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

परमादेशको हकमा विचार गर्दा यी रिट निवेदकको १० जुन १९५३ कै जन्म मितिका आधारमा मिति २०६८।२।२८ देखि लागू हुने गरी अनिवार्य अवकाश पाइसकेको कुरा नेपाल विद्युत प्राधिकरण जनसाधन विभाग कर्मचारी प्रशसान महाशाखाको च.नं. ७९१ मिति २०६८।२।२७ को पत्रबाट देखिएकाले उक्त मिति २०६८।२।२८ बाट अनिवार्य अवकाश पाएको अवस्थामा विपक्षी प्राधिकरणको कर्मचारी सेवा नियमावलीअनुसार अनिवार्य अवकाश प्राप्त गरेका कर्मचारीले प्राप्त हुने सबै सुविधा निजले लिन पाउने नै हुँदा यस सम्बन्धमा थप केही बोलिरहनु नपर्ने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६९ साल असार १७ गते रोज १ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५-WO-०७६५, उत्प्रेषणयुक्त परमादेश, *टेकबहादुर रोक्का वि. प्रहरी उपरीक्षक, केन्द्रीय प्रहरी विशेष कार्यदल, नक्साल समेत*

कानूनको रीत नपुऱ्याई बेरीतपूवर्पक तामेल भएको म्यादको आधारमा हाजीर हुन नआएकोले प्रहरी नियमावली, २०४९ को नियम ८९ को उपनियम २(ग) को प्रतिवन्धात्मक वाक्यांशअनुरूप सफाइको मौका दिइरहन नपर्ने भन्ने तर्क गर्नु न्यायोचित हुँदैन । बेरीतपूर्वक तामेल भएको म्यादलाई नै आधार मानी कुनै पनि व्यक्तिलाई नोकरीबाट बर्खास्त गर्नेसम्मको निर्णय गरिनु प्राकृतिक न्यायको सिद्धान्त समेतको विपरीत हुने हुन्छ । यसरी निवेदकले कार्यालयमा सम्पर्क राख्न आउनुहोला भनी पठाइएको म्याद नै प्राप्त गर्न सकेको नदेखिएको अवस्थामा त्यस्तो म्यादलाई आधार बनाई निवेदकलाई प्रतिवादको मौका नदिई नोकरीबाट हटाउने गरी भएको मिति २०६३।९।१४ को निर्णय र त्यसलाई सदर गर्ने गरी मिति २०६५।११।४ मा भएको निर्णय समेतका सम्पूर्ण कामकारवाही बदरभागी हुने देखियो । तसर्थ, रिट निवेदक टेकबहादुर रोक्कालाई प्रहरी उपरीक्षकले मिति २०६३।९।१४ मा गरेको निर्णय र त्यसलाई सदर गर्ने गरी केन्द्रीय प्रहरी विशेष कार्यदलका प्रहरी उपरीक्षकले मिति २०६३।९।१४ मा गरेको निर्णय र त्यसलाई सदर गर्ने गरी प्रहरी प्रधान कार्यालयका प्रहरी नायब महानिरीक्षकले गरेको मिति २०६५।११।४ को निर्णय समेत उत्प्रेषणको आदेशबाट बदर हुने ।

रिट निवेदकको नाममा पुनः म्याद जारी गरी रीतपूर्वक तामेल गरी गराई म्यादमा हाजीर हुन आए निजलाई हाजीर गराई वा नआए पनि प्रचलित कानूनबमोजिम जे जो बुझ्नुपर्ने बुझी कार्यालय समयमा नआएकोले कारवाही गर्नुपर्ने भए गरी कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली

इति संवत् २०६८ साल चैत १३ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८-WO-००४७, बन्दीप्रत्यक्षीकरण, *रामकुमार तामाङ वि. सैनिक विशेष अदालत, मुकाम नेपाली सेना जंगी अड्डा, काठमाडौं*

सैनिक इलाकाभित्र यी रिट निवेदकले गरेको कसूरको सम्बन्धमा सैनिक ऐनले प्रत्यायोजन गरेको क्षेत्राधिकारको सीमामा रही सैनिक अदालतले प्रमाणको मूल्याङ्कन समेत गरी यी रिट निवेदकले कसूर अपराध गरेको पुष्टि भइसकेपछि साधिकार निकायबाट कानूनको अख्तियारीभित्रै रही बाध्यात्मक रूपमा पालन गर्नुपर्ने कानूनी प्रक्रिया अवलम्बन गरी निवेदकलाई कैदको सजाय समेत हुने ठहरी फैसला गरेको देखिएको र फैसलाअनुसार रिट निवेदकले कैद भुक्तान गरिरहेको यस स्थितिमा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६९ साल जेठ २३ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८-WO-०४३४, उत्प्रेषणयुक्त परमादेश, *दिलबहादुर गौतम वि. सैनिक विशेष अदालत, मुकाम नेपाली सेना जंगी अड्डा काठमाडौं समेत*

यस्तै विवाद समावेश भएको निवेदक *मनोरथ गिरी विरूद्ध नेपाल सरकार समेत* भएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन (*नेकाप* २०६७, असार नि.नं. ६८६६ पृष्ठ १६२०) मा सैनिकले सैनिकको ज्यान मारेको आरोपमा सैनिकउपरको मुद्दा हेर्न पाउने अधिकार जनरल सैनिक अदालतलाई रहे भएकै देखिने भनी सिद्धान्त प्रतिपादन भइरहेको देखिँदा प्रस्तुत विवादमा समेत साधारण अदालतको क्षेत्राधिकार आकर्षित हुने नभै सैनिक अदालतको क्षेत्राधिकार रहने कुरामा विवाद गर्ने ठाउँ रहेन । यसरी प्रस्तुत विवादमा सैनिक र गैरसैनिकबीच हत्याको वारदात भएको अवस्था नभई सैनिक सैनिकका बीच सैनिक इलाकाभित्र नै हत्याको वारदात भएको र यस्तो वारदातमा सैनिक ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले गरेको कसूरसम्बन्धी मुद्दाको पुर्पक्ष, सुनुवाई, कारवाही र किनारा गरी सजाय

दिने अधिकार जनरल सैनिक अदालत तथा समरी सैनिक कानूनी व्यवस्थाबमोजिम सैनिक अदालतले यी रिट निवेदकलाई सजाय गरेको देखिएकोले सैनिक अदालतमा उक्त निर्णयहरू क्षेत्राधिकारविहीन भन्ने निवेदन दावी पुग्न नसक्ने ।

निवेदकलाई सैनिक ऐन, २०६३ अनुरूप साधिकार निकायबाट सजाय तोकेको सैनिक अदालतको निर्णयमा कुनै अधिकारक्षेत्रात्मक तथा कानूनी त्रुटि भए गरेको नदेखिँदा निवेदन मागबमोजिम रिट जारी गरिरहनु नपर्ने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६९ साल जेठ २३ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५-CR-०३७९, ३८०, ०४१०, ०४११, ०४५६, ०५०४, ००५५, गैंडा मारी खाग बिक्री व्यवसाय, *मीनबहादुर लामा वि. नेपाल सरकार, गोकुल पन्त वि. नेपाल सरकार, टुनुवा महतो वि. नेपाल सरकार, लक्ष्मण महतो वि. नेपाल सरकार, भीमबहादुर भुजेल समेत वि. नेपाल सरकार, भागीरथी चौधरी वि. नेपाल सरकार, मनिराम महतो वि. नेपाल सरकार*

पुनरावेदकहरूमध्ये बलिया भन्ने मनिराम महतो २०५८ साल र २०६२ सालको वारदातमा संलग्न रहेका र प्रतिवादीहरू लक्ष्मण महतो र भगरा भन्ने भाथिरथी चौधरी २०५८ सालमा वारदात घटाउन असफल भए पनि २०६२ सालको वारदात घटाउन सफल भएको भनी एकापसमा पोल गरी गरेको साविती बयानलाई घटनास्थल प्रकृति मुचुल्का र गैंडाको पोष्टमार्टम रिपोर्ट, घटनास्थल सर्जमीनका व्यक्तिहरूले गरेको बकपत्र समेतबाट पुष्टि भई यिनै पुनरावेदक प्रतिवादीहरूको संलग्नतामा चितवन राष्ट्रिय निकुञ्जक्षेत्रभित्रको विभिन्न क्षेत्रमा पटक-पटक गैंडा मारी खाग काटी लगी सोबाट आर्थिक लाभ समेत प्राप्त गरेको भन्ने देखिन आएकोले यी पुनरावेदक प्रतिवादीहरू लक्ष्मण महतो, बलिया भन्ने मनिराम महतो र भगरा भन्ने भागिरथी चौधरी गैंडा मार्ने र खाग बिक्री व्यवसाय गर्ने कार्यमा प्रत्यक्ष रूपमा संलग्न रहेको देखिने ।

प्रतिवादीहरू श्रीकृष्ण महतो, टुनुवा महतो, र शनिश्चरा महतोले गैंडा मार्नको लागि बन्दुक खरीद गर्ने कार्यमा सहयोग गरेका र प्रतिवादी कोपुवा भन्ने कोपबहादुर महतोले बन्दुकको गोली जम्मा गर्ने कार्य समेत सहयोग गरेका, प्रतिवादीहरू शिवनारायण महतो, पुष्पलाल भण्डारी, कर्म, गुरुङ, मनाङ्गे भन्ने राजेश घले, याक्चे भन्ने पेम्बा लामा, इन्द्रबहादुर गुरुङले गैंडाको खाग खरीद बिक्री गर्ने कार्यमा सहयोग गरेका, प्रतिवादी मीनबहादुर लामा, गुप्तबहादुर भन्ने भीमबहादुर भुजेल र गोकुल पन्तले गैंडाको खाग बिक्रीबाट आर्थिक लाभ लिएका, प्रतिवादी सानोकान्छा भन्ने एकबहादुर तामाङले गैंडा मार्न जाने व्यक्तिहरूलाई नारायणी नदी तारिदिएका भन्ने कुराहरूमा निज प्रतिवादीहरू सावित रहेका देखिन्छन् । यसरी निकुञ्जक्षेत्रभित्र अवैधरूपमा प्रवेश गरी विभिन्न स्थानमा गैंडा मार्न र खाग काटी बिक्री गर्ने कार्यमा यी प्रतिवादीहरू प्रत्यक्ष रूपमा संलग्न रहेको नदेखिए पनि सो कार्यमा यी प्रतिवादीहरूको विभिन्न भूमिका रही उक्त कार्यमा निजहरूको अप्रत्यक्ष संलग्नता रहेको देखिने ।

वारदातको प्रकृति र गाम्भीर्यता समेतलाई विचार गरी प्रतिवादीहरू लक्ष्मण महतो, बलिया भन्ने मनिराम महतो र भगरा भन्ने भागिरथी चौधरीलाई जनही कैद वर्ष १०(दश) र अन्य प्रतिवादीहरूलाई जनही कैद ५(पाँच) हुने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली
कम्प्युटरः शम्भुप्रसाद शाह
इति संवत् २०६९ साल जेठ २४ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६-CR-०४५५, गैंडा मारी खाग बिक्री व्यवसाय गरेको, *टीकाबहादुर भुजेल समेत वि. नेपाल सरकार*

आरोपित कसूरमा इन्कारी रही यी प्रतिवादीले बयान गरेको देखिए तापनि सहअभियुक्तहरू टीकाबहादुर भुजेल र सानोकान्छा भन्ने एकबहादुर तामाङले मौकामा बयान गर्दा आफूहरू र यी पुनरावेदक प्रतिवादी गुप्ते भन्ने भीमबहादुर भुजेल समेत भै निकुञ्ज एरियाको स्यालबास, हिरापुर र मेघौली क्षेत्रमा गई गैंडा मार्ने गरेको भनी मौकामा बयान गरेको देखिन्छ ।

गैंडा मार्न प्रयोग भएको बन्दुक बरामद हुँदाका अवस्थामा यी प्रतिवादी सो बरामदी मुचुल्कामा रही सनाखत समेत गरिदिएको पाइन्छ। आरोपित कसूरमा यी प्रतिवादी समेतको संलग्नता नरहेको भए सहअभियुक्तहरूले निजलाई पोल गर्नुपर्ने अवस्था रहने हुँदैन। यी पुनरावेदक प्रतिवादीले पनि सहअभियुक्तहरूले आफूलाई पोल गर्नु पर्नाको कारण उल्लेख गर्न सकेका देखिएन। यसबाट यिनै प्रतिवादी समेत भै प्रहार गरेको बन्दुकको गोली लागी सोही चोट पीडाबाट गैंडा भागी अन्यत्र पुगी सो गैंडा मरेको कारण मृत गैंडाको खाग र खुर प्रतिवादीहरूले निकाल्न नसकेको भन्ने घटनाक्रमबाट देखिन आई आरोपित कसूरमा यी पुनरावेदक प्रतिवादी गुप्ते भन्ने भीमबहादुर भुजेलको समेत संलग्नता रहेको देखिने।

आरोपित कसूरमा यी प्रतिवादीको समेत संलग्ता रहेको पुष्टि हुँदा ५ वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली

इति संवत् २०६९ साल जेठ २४ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** ०६३-CR-०५३४, करकाप, *हेमकुमारी राना वि. रामबहादुर गुरुङ*

करकापसँग गराएको भनिएको कागज हेर्दा केरमेट थपघट भएको स्थानमा सहीछाप परेको तथा वादीको हस्ताक्षर समेत अस्वाभाविक रहेको देखिँदैन। उक्त करकापसँग गराएको भनिएको तथा वादीको हस्ताक्षर समेत अस्वाभाविक रहेको देखिँदैन। उक्त करकापसँग गराएको भनिएको लिखतका अन्तरसाक्षी समेतले गरेको बकपत्रमा समेत वादीले प्रतिवादीसँग रूपैयाँ लिई निजले राजीखुशीले कागज गरिदिएको भनी उल्लेख गरेको देखिने।

प्रहरीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा कागज गराएको भनी वादीले जिकीर लिएकोमा मिति २०५५।१।१७ र १८ गतेको जिल्ला प्रहरी कार्यालय, काठमाडौं हनुमानढोकाको थुनुवा रेकर्डमा यी वादीको नाम नरहेको भनी सो कार्यालयको मिति २०६०।४।२२ को पत्रबाट देखिँदा वादीलाई थुनामा राखेको भन्ने वादीको कथन प्रहरी कार्यालयले उपलब्ध गराएको उक्त थुनुवाको रेकर्डबाट खण्डन हुने।

भिडियो रेकर्डबाट वादी प्रतिवादीबीच केही रकम लेनदेन भएको दृश्यसम्म देखिन्छ। प्रतिवादीले जिकीर लिएबमोजिम वादीले सोलाई स्वीकार नगरे पनि प्रतिवादीहरूबाट रू. ८,००,०००।- लिएको भन्ने केही हदसम्म स्वीकार गरेको देखिँदा वादी र प्रतिवादीबीच रकम लिनुदिनुको कार्य भएको तथ्य स्वाभाविक नै हुने हुँदा वादी दावी पुग्न नसक्ने।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल मंसिर ४ गते रोज १ शुभम्।

- यसै लगाउको ०६३-CR-०५३३, करकाप, *हेमकुमारी राना वि. भरतबहादुर जि.सी. समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

७

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CR-०००५, कुटपीट, मोहनबहादुर स्नेहीको *वारेस भई आफ्नो हकमा समेत विजयी स्नेही वि. सुरेन्द्र स्नेही समेत*

घाउ जाँच केश फाराम हेर्दा वादीमध्येको सुरेन्द्र स्नेहीको मात्र घाउ जाँच केश फाराम जिल्ला प्रहरी कार्यालय, बझाङले पठाएको देखिन्छ। घाउ जाँच केश फारामबाट वादीमध्येको सुरेन्द्र स्नैहीको शरीरमा २ x ३ c.m. को घाउचोट लागेको देखिन्छ। पीडितले नै किटान गरेको प्रतिवादीहरूको उपरोक्त आधार समेतको रोहमा कुटपीट गरेका हुन् भन्ने नै मान्नुपर्ने हुन्छ। कसैले कसैलाई हातहतियार उठाई कुनै प्रकारको रगतपच्छे वा चोट अंगभंग पारेमा वा जीउमा अरू पीडा नोक्सान हुने काम गरेमा कुटपीटको वारदात हुने हुँदा मिसिल संलग्न प्रमाण कागजातबाट यी प्रतिवादीहरू मोहनबहादुर स्नेही र विजय स्नेहीले वादीमध्येका सुरेन्द्र स्नेहीलाई चोट छाडी घाइते बनाइएकोले कुटपीटको वारदात निजहरूबाट नै घटित भएको देखिँदा प्रतिवादीहरूको पुनरावेदन जिकीर पुग्न नसक्ने।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल पुस ७ गते रोज ५ शुभम्।

**एकल इजलास**

१

**मा.न्या.श्री ताहिर अली अन्सारी,** रिट नं. ०६८-WO-१२३४, उत्प्रेषण परमादेश, *अयोध्या घिमिरे वि. मालपोत कार्यालय, चितवन समेत*

लिलाम भई लिलाम सकार गर्नेको नाममा दाखिल खारेज नामसारी भएको चौध वर्ष भन्दा बढी समयपछि सो लिलामी र दाखिल खारेज नामसारी कानूनविपरीत भएको भनी रिट निवेदिकाले यो निवेदन दायर गरेको देखिन्छ भने बिलम्ब गरी रिट निवेदन दिनुपर्ने मनासिब कारण पनि रिट निवेदनमा उल्लेख छैन । उक्त लिलामी समेतको कामकारवाहीबाट वास्तवमै यी निवेदिकालाई मर्का परेको भए वा निजको हकमाथि असर परेको भए यथाशीघ्र त्यसको निराकरणका लागि कानूनी उपचारको बाटो अवलम्बन गर्न सक्नु पर्ने थियो । यथासमयमा कानूनी उपचारको बाटो अवलम्बन नगरिएको अवस्थामा प्रस्तुत रिट निवेदनको औचित्यमा प्रवेश गरिरहनु पर्ने नै नदेखिँदा विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहनु परेन । प्रस्तुत रिट खारेज हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६९ साल असार १५ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-WO-००८९, उत्प्रेषण, *लालबाबु साह तेली समेत वि. रामप्रवेश कुम्हार समेत*

नागरिक अधिकार ऐन, २०१२ को दफा १७(२) ले जाँचबुझ गर्ने अधिकार अदालतलाई प्रदान गरेको छ । यसक्रममा नक्सा समेत गराउन सकिने नै हुन्छ । निषेधाज्ञाको निवेदन र लिखित जवाफबाट के कस्तो जाँचबुझ गर्नुपर्ने हो सो विवाद निरोपण गर्ने अदालतले हेर्नुपर्ने विषय हो । निषेधाज्ञा मुद्दाबाट हक बेहकको ठहर हुने वा फैसला सदर वा बदर हुने नभई केवल आशंकाको स्थिति छ छैन र सो छ भने निवेदकको हकको स्थिति के हो भन्नेसम्म निरोपण हुने ।

निषेधाज्ञा मुद्दामा भएको उक्त मिति २०६६।२।१८ को आदेशले उक्त अन्तिम भएर बसेका मुद्दाका फैसलालाई कुनै पनि असर पर्न सक्ने अवस्था देखिँदैन । विषेधाज्ञा मुद्दाबाट उक्त मुद्दाहरूमा भएको फैसलालाई कुनै प्रतिकूल प्रभाव पर्ने अवस्था देखिँदैन । तर, ती फैसलाहरूले ठहर गरी अन्तिम भएको विषय के हो त्यो हेर्न बुझ्न सकिने ।

निषेधाज्ञा मुद्दा विचाराधीन रहेको अवस्थामा जिल्ला अदालतबाट भएको आदेश अ.बं. १७ नं. अन्तर्गत परेको निवेदनबाट पुनरावेदन अदातलतबाट समेत परीक्षण भई रीतपूर्वक मानिएको सो आदेशबाट यी निवेदकको नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त कुनै पनि हक आघातित भएको अवस्था समेत नदेखिने ।

प्रस्तुत मुद्दामा रिट निवेदकको कुनै कानूनी वा संवैधानिक हक हनन् भएको स्थापित हुन नसकेको हुँदा यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुनसक्ने अवस्था नआएबाट प्रस्तुत रिट निवेदनमा विपक्षीको नाममा कारण देखाउ आदेश जारी गरी लिखित जवाफ मगाइरहनु पर्ने अवस्थाको विद्यमानता प्रथम दृष्टिमा नै देखिन नआएकोले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६९ साल २३ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती,** २०६८ सालको रिट निवेदन नं. ०६८-WO-०८९७, उत्प्रेषणयुक्त परमादेश, *लोकबहादुर थापा वि. मायादेवी के.सी. (शाह) समेत*

जग्गाको मूल्य कायम गर्दा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५ (५)(क) देखि (झ) सम्मका कुराहरूलाई आधार मान्नुपर्ने हुन्छ । त्यसमध्ये मालपोत कार्यालयको रजिष्ट्रेशन दस्तूरको लागि निर्धारण गरेको मूल्य पनि एउटा आधार मानिने हुन्छ । मालपोत कार्यालय, कास्कीले आ.व. ०६८/०६९ को रजिष्ट्रेशनको लागि निर्धारण गरेको उल्लिखित प्रकृतिको जग्गा देहाय (ख) मा डिल भीरमा पर्ने जग्गा प्रति रोपनी रू. ४,७५,०००।- मूल्य निर्धारण गरेको देखिन्छ । यसरी कास्की जिल्ला अदालत, तहसील शाखाले जिल्ला अदालत, नियमावली, २०५२ को नियम ७५(५) बमोजिम प्रक्रिया पूरा गरी सम्बन्धित जग्गाको नक्सा मुचुल्का समेत गरी नक्सा मुचुल्काबाट देखिएको प्रकृतिका

आधारमा उक्त जग्गालाई मालपोत कार्यालय, कास्कीले रजिष्ट्रेशनको प्रयोजनको लागि निर्धारण गरेको मूल्यअनुसार नै मूल्य कायम गरेको देखिँदा उक्त मूल्य कायम कानूनप्रतिकूल नहुने ।

प्रस्तुत रिट फैसला कार्यान्वयनको विषयसँग सम्बन्धित रहेको देखिन्छ । अदालतको अन्तिम फैसलाबमोजिम यी निवेदकले तिर्न बुझाउनु पर्ने बिगो तिर्नु बुझाउनु निवेदकको दायित्व हुन्छ । निवेदकले रकम बुझाउने दायित्व पूरा गरेमा निजको जग्गा लिलाम समेत नहुने र नबुझाएको अवस्थामा कानूनबमोजिमको प्रक्रिया पूरा गरी फैसलाको कार्यान्वयन गरिदिनु अदालतको प्राथमिक कार्य समेत हुन्छ । अदालतबाट नक्सा गराई मालपोत कार्यालयबाट रजिष्ट्रेशनका लागि तोकिएको मूल्य कायम गरिएको कार्यमा कुनै कानूनी त्रुटि नपाइएबाट केवल मुचुल्कामा बसी दिनेले बढी मूल्य लेखाई दिएको कुरालाई मान्यता दिइएन भन्ने आधारमै फैसला कार्यान्वयनको प्रक्रियामा असाधारण अधिकारक्षेत्रबाट हस्तक्षेप गर्नुपर्ने अवस्था देखिएन । यसरी कानूनसम्मत रूपमा आदेश भएको अवस्थामा प्रस्तुत फैसला कार्यान्वयनको विषयमा कारण देखाउ आदेश जारी गरी मुद्दालाई अगाडि बढाइरहनु पर्ने अवस्था समेत देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: शिवप्रसाद खनाल
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०६८ सा चैत २३ गते रोज ५ शुभम् ।

## रायबाझी फैसला

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४ सालको स.फौ.पु.नं. ०२६९, भ्रष्टाचार, *नेपाल सरकार वि. गोकर्ण पौडेल*

**मा.न्या.श्री वैद्यनाथ उपाध्यायको राय:**

प्रस्तुत मुद्दामा अनुसन्धान तहकीकात गर्ने सम्बन्धमा आयोगबाट मिति २०६०।४।९ को खानतलासी मुचुल्का गर्नुपूर्व प्रेमराज कार्कीलाई अनुसन्धान अधिकृत नियुक्त गरेको र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २० र सोको नियमावली, २०५९ को नियम १३ अनुसार शुरू अनुसन्धान अधिकृतमा प्रेमराज कार्की नियुक्त भै त्यसपछि चेतनाथ घिमिरे र चिरञ्जीवी खनाललाई हेरफेर गरिएको प्रष्ट हुन्छ । यसरी अनुसन्धान अधिकृत परिवर्तन गर्दैमा पहिले भएको अनुसन्धान अधिकृतबाट गरिएको अनुसन्धान शून्यमा नजाने नयाँ नयाँ हदम्याद थपिने वा कायम हुदै जाने नभई पहिले भएको मिति २०६०।४।९ को खानतलासीलाई नै शुरू अनुसन्धान कार्य भएको मान्नुपर्ने ।

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क अनुरूप प्रस्तुत मुद्दा सार्वजनिक सम्पत्ति वा श्री ५ को सरकारको स्वामित्व भएको संस्थाको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दा नभएको र प्रतिवादीलाई विभागीय कारवाही पनि नभएको अवस्थामा अच्यूतकृष्ण खरेलको मुद्दामा प्रतिपादित कानूनी सिद्धान्तअनुरूप अनुसन्धान अधिकृत नियुक्त भएको मितिबाट दुई वर्षको हदम्याद लाग्ने ।

प्रतिवादी गोकर्ण पौडेलको घरमा खानतलासी गरिएको मिति २०६०।४।९ बाट प्रस्तुत मुद्दामा अनुसन्धान कार्य प्रारम्भ भएको देखियो । सो मितिबाट २ वर्षभित्रमा प्रस्तुत मुद्दा दायर हुनुपर्नेमा अनुसन्धान तककीकातपश्चात् मिति २०६२।५।९ मा विशेष अदालतमा अभियोगपत्र दायर गरेको मिसिल संलग्न कागजातबाट देखिन्छ । यसबाट ऐनले तोकेको हदम्याद २ वर्ष नघाई प्रस्तुत मुद्दा दायर भएको देखिने ।

अत: प्रस्तुत मुद्दामा विभागीय कारवाही नभएको र मिति २०६०।४।९ बाट अनुसन्धान तहकीकात शुरू भै मिति २०६२।५।९ मा मुद्दा दायर भएबाट भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क को हदम्याद २ वर्ष नाघिसेकेको स्थितिमा निज गोकर्ण पौडेलउपर दायर भएको प्रस्तुत मुद्दा नेपाल सरकार वि. अच्यूतकृष्ण खरेल समेत भएको नि.नं. ८६६७ मा प्रतिपादित सिद्धान्तअनुरूप २ वर्षको हदम्याद नाघेको आधारमा खारेज हुने ।

**मा.न्या.श्री तर्कराज भट्टको रायः**

ऐनबमोजिम प्रारम्भिक छानबीनको क्रममा आयोगले अनुसन्धान अधिकृत नतोकी छानबीन गर्नसक्ने हुँदा त्यस्तो अवस्थामा अनुसन्धान अधिकृत नतोकी खानतलासी गर्ने, आयोगमा उपस्थित हुन पत्राचार गर्ने, बैंक ब्यालेन्स बुझ्ने लगायतका कार्य गर्न नसक्ने भन्न मिलेन । ती कार्यहरू गर्न प्रेमराज कार्की र चेतनाथ घिमिरेलाई प्रस्तुत मुद्दामा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २० बमोजिम अनुसन्धान अधिकृत तोकेको सबूद मिसिल प्रमाणबाट देखिन आएन । प्रेमराज कार्की र चेतनाथ घिमिरेले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १४ बमोजिम प्रारम्भिक छानबीनको सिलसिलामा निजहरूले अनुसन्धान अधिकृत भनी पत्राचार गरेको र खानतलासी मुचुल्कामा बसेको मात्र देखिन आयो । प्रारम्भिक छानबीन गर्दा पनि अनुसन्धान र तहकीकातको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई प्राप्त अधिकार निजहरूले प्रयोग गर्न सक्ने व्यवस्था दफा १४ को उपदफा २ ले प्रष्ट गरेको देखिनाले सोही दफाको प्रयोजनको लागि मात्र निजहरूले अनुसन्धान अधिकृत भनी उल्लेख गरेको देखियो । भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २० बमोजिम विधिवत् रूपमा अनुसन्धान अधिकृत तोकिएको मितिबाट नै हदम्यादको गणना हुने हुनाले मिति २०६२।४।३ मा चिरञ्जीवी खनाललाई अनुसन्धान अधिकृत तोकी मिति २०६२।५।२९ मा प्रस्तुत मुद्दा दायर भएको देखिनाले प्रस्तुत मुद्दा २ वर्षको हदम्यादभित्र दायर भएको देखिने ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ मा भ्रष्टाचार सम्बन्धमा कुनै हदम्याद कायम गरिएको भए तापनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यी प्रतिवादीउपर गरेको अभियोगपत्रमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१) र दफा १५ का साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) अनुसार मुद्दा दायर गरिएको भन्ने व्यहोरा उल्लेख गरेको पाइन्छ । विशेष अदालतबाट फैसला हुँदाका अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको काम, कर्तव्य तथा अधिकार र कार्यविधिलाई निश्चित् गर्ने सम्बन्धमा बनेको अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को आधार लिएको देखिन्छ । यस सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१) , १० र १५ को कसूर पछिको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अतर्गतको कसूर दुबै कसूर एकअर्काको निम्ति निरन्तर हुने भन्ने व्याख्या यसै सम्मानीत अदालतबाट नेपाल सरकार विरूद्ध ईश्वर पोखरेलको मुद्दामा (*नेकाप* २०६६, नि.नं. ८२००, पृष्ठ संख्या १२३५) भएको पाइने ।

प्रतिवादी राष्ट्रसेवक भएको हुँदा यस्तै मुद्दा विशेष अदालतबाट हदम्यादको आधारमा खरीद गरेको सन्दर्भमा राष्ट्रसेवक भई काम गर्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोग विरूद्ध अच्युतकृष्ण खरेल (२०६४-CR-०५८३) को गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा तथा अख्तियार अनुसन्धान आयोग विरूद्ध मोतिलाल बोहरा भएको गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको (०६४-CR-०१७८) मुद्दामा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिवन्धात्मक वाक्याँश आकर्षित नहुने भन्दै विशेष अदालतबाट हदम्यादको अभाव देखाई गरेको फैसलालाई बदर गरी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क को म्याद २ वर्षभित्र उजूर भएको हुँदा खारेज नगरी इन्साफ हुनुपर्ने ठहर भएको हुँदा प्रस्तुत मुद्दामा पनि प्रतिवादी राष्ट्रसेवक भएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क आकर्षित हुने हुँदा हदम्यादको आधारमा खारेज गरेको विशेष अदालत, काठमाडौंको मिति २०६४।४।११ को फैसला नमिलेको हुँदा बदर हुने ।

अब जे जो बुझ्नु पर्ने बुझी मुद्दाको तथ्यभित्र प्रवेश गरी ठहरेबमोजिम निर्णय गर्नु भनी उपस्थित प्रतिवादीलाई विशेष अदालतमा हाजीर हुन जानु भनी तारिख तोकी मिसिल विशेष अदालतमा पठाई दिने ।

प्रस्तुत मुद्दा ऐनले तोकेको २ वर्षको हदम्यादभित्र नरहेकोले खारेज गर्ने भन्ने माननीय न्यायाधीश वैद्यनाथ उपाध्यायको रायसँग सहमत हुन नसकिएकोले सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासमा पेश गर्ने ।

इजलास अधिकृतः हरिहर पौड्याल

इति संवत् २०६९ साल जेठ २ गते रोज ३ शुभम् ।

## रीत/वेरीत आदेश

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** प्र.नं. ०६८-RE-०३३१, फैसला बदर, *केशलक्ष्मी तुलाधर वि. मनोरमादेवी तुलाधर*

पुनरावेदन अदालत पाटनके

जिल्ला अदालतको अंश मुद्दाको फैसला बदरमा परेको प्रस्तुत मुद्दा देखिएको र उही मुद्दामा परेको पुनरावेदनमा पुनरावेदन अदालतको फैसलाउपर फैसला बदरमा जिल्ला अदालतमा फिराद परेको अवस्थामा जिल्ला अदालतबाट फैसला भएपछि एकसाथ निर्क्यौल हुनपर्ने एकै विषयमा हाललाई मुल्तवी राखी एकसाथ कारवाही गर्ने आसयकासाथ भएको त्यस अदालतको मिति २०६८।११।२ को आदेशलाई बेरितको भन्न नमिल्ने।

इति संवत् २०६९ साल भदौ १ गते रोज ६ शुभम्।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** प्र.नं. ०६८-RE-०२७१, जग्गा दर्ता हक कायम, *भक्तकुमारीको मु.स. गर्ने शिवबहादुर कार्की वि. दुर्गादेवी थापा समेत*

पुनरावेदन अदालत राजविराजके

त्यस अदालतबाट प्रस्तुत मुद्दा मुल्तवीमा राखेको देखियो। हक बेहकमा बोल्ने अधिकार अदालतलाई रहेको अवस्थामा मालपोत कार्यालयमा निवेदन परेको कारण देखाई मुल्तवीमा राख्नु त्रुटिपूर्ण देखिएकोले त्यस अदालतको मिति २०६८।२।२४ को आदेश बदर गरिदिएको छ। मुल्तवीबाट जगाई कानूनबमोजिम निर्णय फैसला गर्नु।

इति संवत् २०६९ साल भदौ १ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. तर्कराज भट्ट,** २०६८-RE-०२७९, ०३०४, ठगी, *नेपाल सरकार वि. पियूषबहादुर अमात्य समेत, रजत गुरुवाचार्य समेत वि. नेपाल सरकार*

काठमाडौं जिल्ला अदालत के,

प्रतिवादीहरूलाई मुलुकी ऐन, ठगीको महलको १ र ४ नं. को कसूरमा ऐ. को ४ नं. अनुसार सजाय गरिपाऊँ भन्ने अभियोग मागदावी रहेको पाइयो। मिसिल अध्ययन गर्दा जाहेरवाला आलोक रौनियार प्रथम पक्ष र रजत गुरुवाचार्य तथा सञ्जीव तुलाधर द्वितीय पक्ष रहेको मिति २०६५।२।२८ को करारनामाको कागजको शर्त नं. १३ मा यो करारनामा आवश्यक परेमा दुबै पक्षले कपाली तमसूक सरह प्रयोग गर्न दुबै पक्ष मञ्जूर जनाउँदछ र शर्त नं. १४ मा माथि लेखिएबमोजिम काम नगरेमा मर्का पर्न जाने पक्षले भाखा नाघेको मितिले करार ऐन, २०५६ को दफा ८९(२)(घ) को म्यादभित्र सम्बन्धित अदालतमा करार ऐन, २०५६ बमोजिम नालेश गर्न सकिने शर्त दुबै पक्षको मञ्जूरी भई तय भयो भनी उल्लेख भएको देखिन्छ। जाहेरवाला दीपबहादुर बस्नेत फुलबारी लिमिटेड र फिसटेल ग्यामिङ लिमिटेडबीच क्यासिनो सञ्चालित गर्न भएको सम्झौता साक्षी बसेको, उद्योग मन्त्रीलाई कम्पनीको प्रवन्धपत्रमा क्यासिनो व्यवसाय सञ्चालन गर्ने गराउने उद्देश्य थप गरिदिनु भन्ने आदेश कम्पनी रजिष्ट्रारको कार्यालयको नाममा जारी गरिपाऊँ भनी मिति २०६५।१०।८ मा फिसटेल ग्यामिङको सञ्चालकको हैसियतले पत्राचार समेत गर्नुको साथै जि फोर्स सेक्युरिटी प्रा.लि. सँग सुरक्षासम्बन्धी सम्झौता गरेको देखिन्छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन उद्योग महाशाखाबाट फिसटेल ग्यामिङले तोकिएको शर्त पालना नगरेको र कानूनबमोजिमको मान्यता प्राप्त नगरेका सञ्चालक नियुक्त गरेकोले क्यासिनो बन्द गर्ने सूचना प्राप्त भएको भनी फुलबारी लिमिटेडले जानकारी दिँदा त्यसको प्रतिउत्तरमा करोडौं लगानी भएको क्यासिनो व्यवसाय बन्द गर्दा मर्का पर्ने भनी प्रतिवादीमध्येका सञ्जीव तुलाधरले सञ्चालकको हैसियतले फुलबारी लिमिटेडलाई पत्राचार गरेको र अर्का प्रतिवादी पियूषबहादुर अमात्यको समेत लगानी रहेको फुलबारी लिमिटेडले प्रस्तुत मुद्दा चल्नु अगाडि नै आफ्नो हरहिसाबलाई लिएर जिल्ला प्रहरी कार्यालय, कास्कीमा निवेदन समेत दिएको देखिन्छ। फिसटेल ग्यामिङ र फुलबारी होटलबीच क्यासिनो सञ्चालनको लागि सम्झौता भएको मिति २०६५।३।१९ देखि सम्झौता रद्द भएको मिति २०६५।९।४ सम्म क्यासिनो सञ्चालनमा भएकोमा क्यासिनो सञ्चालन बन्द भएको करीब ३ वर्षपछि यस्तो व्यवहारको विषयमा ठगीको अभियोग लगाई जाहेरी परेको देखिन आयो।

प्रस्तुत मुद्दाको उपरोक्त तथ्यगत अवस्था विवादित विषयवस्तु अभियोग माग दावी एवं सम्बन्धित कानून समेतलाई मध्यनजर राख्दा दुई पक्षबीच भएको सम्झौता र व्यवहारअनुसार भएको लगानी, आम्दानी र खर्चका विषय व्यापारिक कारोवारको विषय भई सम्झौताअनुसार हुने वा मुलुकी ऐन, ठगीको महलअन्तर्गतको हुने भन्ने विषय सबूद प्रमाण बुझी न्यायिक मूल्याङ्कनबाट निरोपण गर्दा ठहरेबमोजिम हुनमा हाल ठगीको ४ नं. बमोजिमको कसूरमा प्रतिवादीहरूबाट धरौट माग भएकोमा पियूषबहादुर अमात्य र सञ्जीव तुलाधरबाट धरौट दाखिल भए पनि अर्का प्रतिवादी रजत गुरुवाचार्यले धरौट दाखिला गर्न नसकेको कारण थुनामा नै रही रहेको देखिँदा थुनछेकको आदेश गर्दा तत्काल प्राप्त प्रमाणहरूको आधारहरूबाट मुलुकी ऐन, अ.बं. ११८ को देहाय (४) बमोजिम धरौट माग गर्ने गरेको शुरू काठमाडौं जिल्ला अदालतको आदेश सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।११।५ मा भएको आदेश रीतपूर्वकको नदेखिँदा बदर गरिरिएको छ। मुद्दामा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल प्रतिवादीहरू पियूषबहादुर अमात्य, रजत गुरुवाचार्य र सञ्जीव तुलाधरलाई मुलुकी ऐन, अ.बं. ४७ नं. बमोजिम तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नुका साथै प्रस्तुत मुद्दाको किनारा समेत चाँडो गर्नू।

इति संवत् २०६९ साल भदौ ८ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** प्रतिवेदन नं. ०६८-RE-०२७७, अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान, *अशोक भन्ने आशवेन्द्रकुमार मण्डल वि. नेपाल सरकार*

प्रतिवादीमध्येका सीताराम मण्डलले अधिकारप्राप्त अधिकारीसमक्ष आफू सावित हुँदै निवेदक प्रतिवादी अशोक भन्ने आशवेन्द्रकुमार समेत भई षड्यन्त्र गरी वारदातको समयमा समेत मौजूद भै कर्तव्य गरेको भनी बयान गरेको देखिएको र सो आधारमा शुरूले मुद्दा पुर्पक्षको क्रममा गरेको थुनछेकको आदेश कायम राख्ने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६८।१२।९ मा भएको आदेशमा तत्काल परिवर्तन गर्नुपर्ने अवस्था नहुँदा कानूनबमोजिम गर्नू।

इति संवत् २०६९ साल भदौ १३ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री कमलनारायण दास,** २०६९ सालको प्रतिवेदन नं. ०६८-RE-०३७७, ज्यान मार्ने उद्योग र डाँका चोरी, *नेपाल सरकार वि. कृष्णसागर वली*

पुनरावेदन अदालत, तुल्सीपुर दाङबाट प्रस्तुत भएको कैफियत प्रतिवेदनको व्यहोरा पेश भयो। प्रस्तुत मुद्दामा अ.बं. ११८ देहाय दफा ५ को प्रयोग गरी रू. ४५ हजार धरौटी लिई तारिखमा छोडेको देखियो। अ.बं. ११८ को देहाय दफा ५ मा दफा २ वा ३ बमोजिम हुनेमा बाहेक तत्काल प्राप्त प्रमाणबाट कुनै अभियुक्त कसूरदार हो भन्ने विश्वास गर्ने कुनै आधार भएमा अड्डाले निजसँग धरौट वा जमानत लिई मुद्दाको पुर्पक्ष गर्नुपर्ने कानूनी व्यवस्था भएको पाइन्छ। ज्यान मार्ने उद्योग मुद्दामा ज्यानसम्बन्धीको १५ नं. मा ५ वर्षेदेखि १२ वर्षसम्म कैद हुने र चोरीको १४ नं. ले ६ वर्ष सजाय हुने मुद्दा हुँदा अ.बं. ११८ नं. को देहाय दफा २ ले प्रमाण पुग्ने देखिएमा थुनामा राखी विश्वास गर्ने मनासिब आधार नभएमा तारिखमा छाड्नु पर्नेमा असान्दर्भिक कानूनको प्रयोग गरी धरौटीमा राखी तारिखमा छाड्ने भनी आदेश भएको पाइएकोले अ.बं. १७ नं. ले पुनरावेदन अदालत, तुल्सीपुरको मिति २०६९।२।४ को आदेश बदर गरिदिएको छ। मिसिल सामेल सबूदको मूल्याङ्कन गरी अ.बं. ११८ नं. को देहाय दफा २ को परिधिभित्र रही पुनः आदेश गर्नु भनी आदेशको जानकारी पुनरावेदन अदालत, तुल्सीपुरमा पठाई दिनू।

इति संवत् २०६९ साल भदौ १ गते रोज ६ शुभम्।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी,** ०६९-AP-००४५, अपहरण तथा शरीर बन्धक उद्योग, *माधव रायमाझी समेत वि. नेपाल सरकार*

निवेदक प्रतिवादीहरू दुबै जनालाई प्रतिव्यक्तिबाट रू. ७५,०००।- नगद धरौटी वा सो बराबर जेथा जमानी लिई तारिखमा राख्ने भन्ने काठमाडौं जिल्ला अदालतको आदेशअनुसार यी दुबैजनाले सोहीबमोजिम धरौटी दाखिल गरेकाले तारिखमा रूजु हाजीर रहेको भन्ने कुरा काठमार्डौ जिल्ला अदालतबाट मिति २०६८।१२।१२ मा भएको फैसलाको तपसील खण्डमा उल्लेख भएको देखिन्छ। यस्तो अवस्थाको प्रतिवादीलाई अदालती बन्दोबस्तको १९४ नं. को कानूनी

व्यवस्थाअनुरूप धरौट वा जमानी दिई पुनरावेदन गर्न पाउने वा नपाउने भन्ने सम्बन्धमा कानूनी आधारयुक्त स्पष्ट आदेश गर्नु पर्नेमा सो गरेको देखिएन ।

"मुद्दाको विषयवस्तुको कारणबाट" भन्ने शब्दावली प्रयोग गरी अ.बं. १९४ नं. को सुविधा नदिएको पुनरावेदन अदालत, पाटनको एक न्यायाधीशको मिति २०६९।४।२८ को आदेश कानूनअनुरूप नभएकोले बदर गरिदिएको छ। अब मुद्दाको विषयवस्तुको कारणबाट होइन, पुनरावेदन दिन पाउने प्रचलित ऐन विशेष गरी अ.बं. १९४ नं. को कानूनी व्यवस्थाको आधारमा यी निवेदकहरूको पुनरावेदन गर्न एवं अ.बं. १९४ नं. को सुविधा पाउने, नपाउने भन्ने सम्बन्धमा कानूनबमोजिम आदेश गर्नू ।

इति संवत् २०६९ साल भदौ ६ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी,** ०६९-AP-००४१, उत्प्रेषण, *हरिहरदेव पन्त वि. पुनरावेदन अदालत, पाटन समेत*

अंश मुद्दामा प्रतिबादीहरूबाट अंशको तायदाती दाखिल गराउने भनी मिति २०६९।३।२१ मा भएको पुनरावेदन अदालत, पाटनको आदेश सो मुद्दाका सम्बन्धमा अन्तरकालीन आदेश हो । सो आदेशले जिल्ला अदालतबाट उक्त मुद्दामा हुने फैसलालाई निर्देशित गर्ने नभई फैसला गर्दासम्म उपलब्ध प्रमाण कागजको विवेचना र मूल्याङ्कन भई फैसला हुने हो। जिल्ला अदालतको फैसलापछि पुनरावेदकको तहबाट पनि सो फैसला मिले, नमिलेको भनी हेर्न मिल्ने हुन्छ। यसरी अंश मुद्दाको सम्बन्धमा जिल्ला अदालतबाट र अ.बं १७ अन्तर्गत पुनरावेदन अदालतबाट भएको आदेश समेतको विवेचना र नियमित प्रक्रियाअन्तर्गत सोही मुद्दाको रोहबाट हुने नै हुनाले अ.बं. १७ नं. अन्तर्गत पुनरावेदन अदालतबाट भएको आदेशउपर अदादतको असाधारण अधिकारक्षेत्र अन्तर्गत रिट दायर गर्नु र त्यसमा यस अदालतले कारवाही निर्णय गरेबाट जिल्ला अदालतमा विचाराधीन अंश मुद्दा समेतको कारवाही निर्णयमा अनावश्यक विलम्ब हुन जाने देखिन्छ।

यस्तो अवस्थामा पुनरावेदन अदातल उक्त मितिको आदेशउपर रिट क्षेत्र अन्तर्गत यस अदालतले कारवाही निर्णय गर्नु उचित र आवश्यक नदेखिएकोले रिट निवेदन दरपीठ गर्ने भनी यस अदालतको रजिष्ट्रारबाट भएको मिति २०६९।४।२९ को आदेश बेरीतको नदेखिँदा बदर गर्नु नपर्ने ।

इति संवत् २०६९ साल भदौ १२ गते रोज ३ शुभम् ।

८

**मा.न्या. श्री गिरीश चन्द्र लाल,** ०६८-RE-०३०९, उत्प्रेषण समेत, *रोलिङ्ग लिभर डिष्टिलर्स प्रा.लि. का अ.प्रा. गुरुप्रसाद अधिकारी वि. मन्त्रिपरिषद्को सचिवालय समेत*

यस अदालतको विशेष इजलासबाट संवत् २०६० सालको रिट नं. ३२ को निवेदनमा मिति २०६८।८।२२ मा भएको आदेशउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) (ख) बमोजिम पुनरावलोकन गरिपाऊँ भनी परेको निवेदनमा यस अदालतका सहरजिष्ट्रारबाट मिति २०६८।११।५ मा भएको दरपीठ आदेश बदर गरी पुनरावलोकनको दिवेदन दर्ता गरी पाउन निवेदन पेश भएको देखियो ।

न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) (ख) बमोजिम पुनरावलोकन गरी पाऊँ भनी परेको निवेदक आन्तरिम राजश्व कार्यालय, भरतपुर समेत विरूद्ध मोहनलक्ष्मी मास्के भएको पु.नि.नं. ०६६-RV-०४९२, ०६७-RV-०१६५ र ०६७-RV-०१९६ को मुद्दामा यस अदालतको पूर्ण इजलासबाट मिति २०६८।८।२३।६ मा भएको आदेशमा "न्याय प्रशासन ऐन, २०४८ को दफा ११(२)(ख) का सम्बन्धमा व्याख्या गर्दै यस अदालतको पूर्ण इजलासबाट भएको फैसला वा अन्तिम आदेशको पुनरावलोकन गरिपाऊँ भन्ने निवेदन नै लाग्न नसक्ने भनी निवेदक रामकृष्ण निराला विरूद्ध अख्तियार अनुसन्धान आयोग समेत भएको २०६१ सालको पु.नि.नं. ५१३ को उत्प्रेषण मुद्दामा मिति २०६५।४।१७ मा पुनरावलोकनको निवेदन खारेज हुने ठहऱ्याई भएको व्याख्यासँग सहमत हुन नसकिएको र यससम्बन्धी अभ्यासमा एकरूपता समेत नदेखिएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(ख) र ३(२) बमोजिम प्रस्तुत निवेदन तीन जनाभन्दा बढी संख्या रहेको पूर्ण इजलासमा पेश गर्नु" भनी आदेश भैरहेको देखिन्छ ।

प्रस्तुत निवेदनसँग सम्बन्धित मुद्दामा समेत न्यायिक विवेचनाको अवस्था देखिनुको साथै यस प्रकारको निवेदन दर्ता हुनुपर्ने, नपर्ने सम्बन्धमा समेत एकरूपता कायम हुनुपर्ने देखिँदा यस अदालतको सहरजिष्ट्रारबाट

भएको मिति २०६८।११।५।६ को दरपीठ आदेश बदर गरिदिएको छ। अब, निवेदन मागबमोजिम पुनरावलोकन गरिपाऊँ भनी गरेको निवेदन कानूनको रीत पुऱ्याई दर्ता गर्नू।

इति संवत् २०६९ साल भदौ १ गते रोज ६ शुभम्।

९

**मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-AP-०४४२, लागू औषध चरेश, *नरेन्द्रबहादुर सिँह वि. नेपाल सरकार* सर्वोच्च अदालत रजिष्ट्रार के

दरपीठ आदेशमा उल्लेख भएबमोजिम थुनामा बसी मुद्दाको पुर्पक्ष गर्नुपर्ने अवस्थाका प्रतिवादीका हकमा अ.बं. १९४ (२) नं. को सुविधा दिन नमिल्ने भनी पुनरावेदक प्रतिवादी गौधन राई विपक्षी वादी धनकुमार घतानेको जाहेरीले नेपाल सरकार भएको जवर्जस्ती करणी मुद्दामा यस अदालतको एकल इजलासबाट मिति २०६७।५।२८ मा भएको आदेश तथा पुनरावेदक चक्रबहादुर कार्की विपक्षी नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा यस अदालतको संयुक्त इजलासबाट मिति २०६३।९।७ मा आदेश भैसकेको देखिँदा उक्त मिति २०६८।१२।१६ को दरपीठ आदेश मिलेकै देखिँदा बदर गर्नु नपर्ने।

इति संवत् २०६९ साल भदौ ३ गते रोज १ शुभम्।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WO-००६४, उत्प्रेषण समेत, *नमिता न्यौपाने समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकहरूलाई कोशी अञ्चल अस्पताल विकास समिति (गठन) आदेश २०४३ मा भएको व्यवस्थाबमोजिम मिति २०६८।४।४ मा विकास समितिको सदस्यहरूमा दुई वर्षको लागि नेपाल सरकार (मन्त्रिस्तर) को निर्णयअनुसार मनोनयन गरिएको कुरामा विवाद नरहेको र सो अनुसार निजहरूको पदावधि समेत बाँकी रहेको देखिन्छ। मिति २०६९।३।१८ गते नेपाल राजपत्रमा प्रकाशित नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सूचनामा नेपाल सरकारले कोशी अञ्चल अस्पताल विकास समिति गठन आदेश, २०४३ को दफा ३ को उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी सोही दफाको उपदफा (२) को खण्ड (ङ) बमोयिजम कोशी अञ्चल अस्पताल विकास समितिको सदस्यमा विराटनगर १३ मोरङमा लक्ष्मीरमण झा र कदमाहा-९ मोरङका आशाकुमारी गोठीलाई मनोनीत गरी हेरफेर गरेको छ भनी भनिए पनि मनोनीत सदस्यहरू रहेका यी निवेदकहरूका सम्बन्धमा सो सूचनामा केही उल्लेख नगरिएकोबाट निजहरूले मनोनीत सदस्यको हैसियतले काम गर्न केही बाधा परेको अवस्था देखिँदैन। त्यसकारण अर्को आदेश नभएसम्म निवेदकहरूलाई कोशी अञ्चल अस्पताल विकास समितिको सदस्यहरूको रूपमा काम गर्न कुनै बाधा व्यवधान नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०६९ साल भदौ १२ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ,** निवेदन नं. ०६९-WO-०१८४, उत्प्रेषणयुक्त परमादेश, *कर्म फुन्जो गुरुङ वि. पुनरावेदन अदालत पाटन समेत*

मुद्दा विचाराधीन नरहेको अवस्थामा अ.बं. १७ नं. अन्तर्गत निवेदन ग्रहण गरी मुद्दा फिर्ता लिएको बदर गर्ने आदेश गरेको देखिएकोले अधिकारक्षेत्रात्मक प्रश्न विद्यमान देखिएकोले प्रस्तुत मुद्दाको अन्तिम किनारा नभएसम्म पुनरावेदन अदालतको मिति २०६९।३।१५।६ को आदेश कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०६९ साल भदौ ११ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-WO-०१३०, उत्प्रेषण, *महन्थ साह तेली वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*

निवेदकलाई नेपाल सरकारको मिति २०६८।७।७ को निर्णयानुसार जिल्ला वन पैदावार आपूर्ति समिति, बाराको सदस्य पदमा बढीमा २(दुई) वर्षको लागि नियुक्ति गरिएको भन्ने निजले निवेदनसाथ पेश गरेको वन तथा भू-संरक्षण मन्त्रालयको मिति २०६८।७।७ को पत्रबाट देखिन आएको र हाल निवेदकको तोकिएको अवधि समाप्त भइसकेको नदेखिएको तथा "कुनै अवधि तोकी दिएको नियुक्ति पत्रमा तोकिएको अवधिसम्म काम गर्न पाउने वैध अपेक्षा राख्न पाउने हक भएको व्यक्तिका हकका बिना कानूनी प्रक्रिया नियुक्तिकर्ताको

ईच्छाअनुकूलताको सिद्धान्त (Doctrine of Pleasure) क्रियाशील हुन सक्दैन" भनी यस अदालतको पूर्ण इजलासबाट मिति २०६८।१२।१७ मा *सुरेशप्रसाद यादव विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको उत्प्रेषणयुक्त परमादेश मुद्दामा *(सर्वोच्च अदालत बुलेटिन* २०६८, चैत २) सिद्धान्त प्रतिपादन भएको समेतका कारणबाट अन्तरिम आदेश जारी नभएमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिएकोले प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म वन तथा भू-संरक्षण मन्त्रालयको मिति २०६९।३।४ को पत्र कार्यान्वयन नगर्नु, नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल भदौ ५ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. ०६९-WO-०१४२, उत्प्रेषण समेत, *ठाकुरप्रसाद पुडासैनी वि. क्याम्पस सञ्चालक समितिको कार्यालय, नुवाकोट आदर्श बहुमुखी क्याम्पस, बट्टार समेत*

यिनै पक्ष विपक्ष भएको उत्प्रेषण रिटमा यस अदालतको मिति २०६९ साल असार २४ मा भएको आदेशको विपरीत विपक्षी नारायणमान डंगोललाई मिति २०६९-३-२६ मा का.मु. क्याम्पस प्रमुख नियुक्त गरेको देखिएकोले यस अदालतको आदेश विपरीतको मिति २०६९।३।२६ को पत्र र सोसँग सम्बन्धित निर्णय कार्यान्वयन नगर्नु, नगराउनु र यो रिटको अन्तिम किनारा नभएसम्म विपक्षी नारायणमान डंगोललाई कुनै पनि व्यहोरा र हैसियतमा नुवाकोट आदर्श बहुमुखी क्याम्पस प्रमुखको जिम्मेवारी नदिनु भनी विपक्षीहरूको नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम यो अन्तरिम आदेश जारी हुने ।

साथै विपक्षीहरूले अदालतको अपहेलना गरेकोमा विविध दायरीमा दर्ता गरी यस अदालतको मिति २०६९।३।२४ को आदेशविपरीत निर्णय गर्ने, गराउने कार्यमा संलग्न विपक्षीमध्येका बसन्तलाल श्रेष्ठ र का.मु. क्याम्पस प्रमुखमा नियुक्त भएका भनिएका नारायणमान डंगोललाई सर्वोच्च अदालतको आदेशको अपहेलनामा किन कारवाही गर्न नपर्ने हो ? सोको लिखित जवाफ यो आदेश प्राप्त भएको मितिले बाटाका म्यादबाहेक ७ दिनभित्र लिई आफैं यस अदालतमा उपस्थित हुन आउनु भनी निज विपक्षीहरूलाई म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ लिई विपक्षी उपस्थित भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू ।

इति संवत् २०६९ साल भदौ ३ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०२६९-WO-००१२, उत्प्रेषण, *रामचन्द्र प्रसाद कलवार वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ को नियम ५, ६, ७ र ८ को व्यवस्थाले निवेदकको मौलिक हक हनन् गरेकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम बदर घोषित गरिपाऊँ भन्ने निवेदन माग रहेको देखिन्छ । यस अघि यस्तै विषय सम्बन्धमा मूल ऐन अर्थात् सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ७(१)(ख) ९(१), ११(१) र ११(३) बदर घोषित गरी पाउन निवेदक समेत पक्ष भई ०६८ सालको WS-००२४, WS-००३७ तथा WS-००२७ समेतमा रिट निवेदन दर्ता भई अन्तरिम आदेश जारी भइरहेको भन्ने निवेदन भनाई र निवेदनसाथ प्रस्तुत भएको आदेशको छायाँ प्रतिहरूबाट देखिन आउँछ । उल्लेखित रिट निवेदनहरूमा जारी भएको अन्तरिम आदेश समेतलाई दृष्टिगत गर्दा सुविधा र सन्तुलन निवेदकको पक्षमा रहेको देखिएकोले यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उल्लिखित नियम ५, ६, ७ र ८ लाई हाल कार्यान्वयन नगर्नु, नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल भदौ १३ गते रोज ४ शुभम् ।

६

**मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** रिट नं. ०६९-WO-०१५८, उत्प्रेषण समेत, *बिन्द्रा हाडा भट्टराई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदिका मिति २०६४।६।२४ देखि निजामती सेवाको विशिष्ट श्रेणीमा बढुवा भई हाल सिँचाई मन्त्रालयमा सचिव पदमा कार्यरत् रहँदै आएको र

निज २०६९।६।२४ देखि निजामती सेवा ऐन, २०४९ को दफा ३३ बमोजिम अनिवार्य अवकाश पाउने स्थितिमा रहेकोमा निजलाई निजामती सेवा नियमावली, २०५० को नियम ३६(१२) को विपरीत निवेदिकालाई सिँचाई मन्त्रालयको सचिव तथा बहालवाला सचिवहरूमध्ये वरिष्ठतम् ब्याचको सचिव भएकोमा निज भन्दा कनिष्ट रहेको अर्थ मन्त्रालयको सचिव मातहतको महालेखा नियन्त्रक रा.प. विशिष्ट श्रेणी पदमा निजले माग नगरेको अवस्थामा सरूवा गरी मन्त्रिपरिषद्को कार्यालयमा काजमा खटाइएको भन्ने बारेको ऐ. निजामती सेवा नियमावलीको नियम ३८(२)(क) को विपरीत सरूवा गर्नुपर्ने कारण समेत नखोली प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०६९।५।१ को पत्रबाट निजलाई जानकारी गराएको देखिन्छ। उक्त २०६९।५।१ को पत्रमा उल्लिखित मन्त्रिपरिषद्को निर्णयमा निजामती सेवा ऐन, २०४९ को दफा १८(२) मा उल्लिखित सामान्य प्रशासन मन्त्रीको अध्यक्षतामा नेपाल सरकारको मुख्य सचिव र सामान्य प्रशासन मन्त्रीको अध्यक्षतामा नेपाल सरकारको मुख्य सचिव र सामान्य प्रशासन मन्त्रालयका सचिव सदस्य रहेको समितिको सिफारिशमा मात्र सरूवा गर्नुपर्नेमा सो गरिएको नदेखिएकोले अवस्था छ।

अत: निवेदन मागबमोजिम प्रस्तुत रिट निवेदनमा अन्तरिम आदेश जारी नहुने हो भने विपक्षीको उक्त मिति २०६९।५।१ को साथै प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त हुने देखिएकोले सुविधा, सन्तुलनको दृष्टिकोणले समेत यो रिट निवेदनको अन्तिम किनारा नलागेसम्म विपक्षीको उक्त २०६९।५।१ को निर्णय र पत्र कार्यान्वयन नगर्नु, नगराउनु यथास्थितिमा राख्नु तथा निवेदिकलाई हाल कार्यरत् भएको सिँचाई मन्त्रालयको सचिव पदमा नै यथावत रूपमा कामकाज गर्न दिनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०६९ साल भदौ ७ गते रोज ५ शुभम्।

७

**मा.न्या.श्री कमलनारायण दास,** रिट नं. ०६९-WO-०१९३, उत्प्रेषण समेत, डा. *ताराप्रसाद पोखरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपाल राजपत्र भाग ५, खण्ड ६२, संख्या ७ मिति २०६९।२।१५ मा नेपाल सरकार, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको प्रकाशित सूचनामा नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी स्वदेशमा उत्पादित तथा विदेशमा आयात हुने चुन पदार्थ तथा सिमेन्टलाई उक्त सूचनाले नेपाल राजपत्रमा ऐ सूचना प्रकाशित भएको मितिले एकानब्बे दिनदेखि लागू हुने गरी ल्यामिनेशन गरेको बोरामा प्याकिङ गरेर मात्र बजारमा ल्याउनुपर्ने निर्णय गरेको भनी सूचना प्रकाशित गरिएको र सोही सूचनालाई आधार बनाई मिति २०६९।३।१६ को गोरखापत्रको पृष्ठ ३ मा नेपाल सरकार, उद्योग मन्त्रालय उद्योग विभागको अन्यन्त जरूरी सूचना प्रकाशित भएको पाइयो। नेपाल सरकारको मिति २०६९।२।१५ को नेपाल राजपत्रमा प्रकाशित सूचनामा अधिकारको स्रोत देखाइएको वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (२) लाई हेर्दा ऐ. उपदफा (१) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको स्थितिमा शर्त तोक्ने वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्ने कानूनी व्यवस्था भएको पाइन्छ। ल्यामिनेशन नभएको बोरामा सिमेन्ट प्याक गर्दा ऐ. दफा ७(१) अन्तर्गत वातावरणमा के कस्तो उल्लेखनीय प्रभाव पारेको वा जनजीवन वा जनस्वास्थ्यलाई के कस्तो असर पारेको हो सो सम्बन्धमा ऐ. दफा २(ड) अन्तर्गत तोक्ने नियम नबनाई ठाडो निर्णय र सूचनाद्वारा शर्त तोक्ने र बन्देज लगाउने कार्य र सूचना दफा ७(१) र (२) को कानूनी व्यवस्थाको प्रतिकूल देखिनुका साथै निवेदक सहितका सम्पूर्ण स्वदेशी उद्योग एवं उपभोक्तामा गम्भीर असर पार्ने प्रकृतिको सूचनाहरू देखिएकोले नेपाल सरकार, वातावरण विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०६९।२।१५ को नेपाल राजपत्रमा र नेपाल सरकार, उद्योग मन्त्रालय, उद्योग विभागको गोरखापत्रमा मिति २०६९।३।१ मा प्रकाशित यस सम्बन्धी सूचनाको वैधता र कानूनी संपरीक्षण यस निवेदनपत्रमा अन्तिम निर्णय हुँदा हुने नै हुनाले हाल प्रस्तुत निवेदनपत्रमा अन्तिम आदेश नभएसम्मका लागि सुविधा सन्तुलनको दृष्टिकोणले कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी विपक्षीहरूको नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) अन्तर्गत अन्तरिम आदेश जारी हुने।

इति संवत् २०६९ साल भदौ १३ गते रोज ४ शुभम्।

# सर्वोच्च अदालत गतिविधि

## इजलास अधिकृतहरुसँगको एकदिने अन्तरक्रिया कार्यक्रम सम्पन्न

सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूको प्रमुख आतिथ्य एवं सम्पादन तथा प्रकाशन समितिका अध्यक्ष माननीय न्यायाधीश श्री प्रकाश वस्तीज्यूको समुपस्थितिमा सर्वोच्च अदालत, सम्पादन तथा प्रकाशन समितिको आयोजनामा सर्वोच्च अदालतका इजलास अधिकृतहरूका लागि निर्णय लेखन समस्या र समाधानका उपाय तथा सम्पादन र प्रकाशनसँग सम्बन्धित विविध विषयका सम्बन्धमा एकदिने अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । २०६९ भदौ १ गते शुक्रवार सम्पन्न उक्त कार्यक्रममा सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूबाट फैसला लेखनका सन्दर्भमा शव्द चयन र शुद्धता कायम गर्ने जस्ता कुरामा इजलास अधिकृत, न्यायाधीशसँगको आन्तरिक छलफललाई कसरी व्यवस्थित बनाउन सकिन्छ भन्ने कुरामा विशेष ध्यान जान सक्नु पर्दछ । न्यायाधीश र इजलास अधिकृतबीच सौहाद्रपूर्ण वातावरण कायम रहन सकेमा मात्र फैसला लेखनमा गुणस्तरीयता आउन सक्दछ ।

फैसलाको स्तर वढेमा मात्र अदालतको गरिमा वढ्ने हुन्छ । इजलास अधिकृतहरूका निमित्त आजको सीप विकास भोलिको लागि उपयोगी समेत हुन्छ । आफ्नो कर्तव्यप्रति गम्भीरतापूर्वक लागेमा चुनौतीलाई विस्तारै परास्त गर्न सकिन्छ । अहिलेको युग नयाँ सोच, शैली, प्रविधि र विषयको समीक्षाको समय भएकाले भोलिका पुस्ताका लागि अनुकरणीय फैसला लेख्नु अहिलेको चुनौती समेत हो । सर्वोच्च अदालतको प्रकाशन शुद्ध, वोधगम्य, स्पष्ट र प्रकाशनयोग्य समेत हुनु पर्दछ । वर्तमानलाई हेरेर भविष्यको निर्धारण गरिने गरी सम्पूर्ण अधिकृतहरू व्यक्तित्व विकासतर्फ ऊर्जावान हुनुपर्ने र चुनौतीलाई सामना गर्न सक्नुपर्ने आजको आवश्यकता हो । लगनशीलतापूर्वक काम गरेमा अदालतबाटै पनि कतिपय व्यवहारोपयोगी कामहरू सिक्न सकिन्छ । यसो गर्दा आत्मविश्वास समेत वढ्ने हुन्छ । यस्ता कार्यक्रमले एक अर्काबीचको भावना बुझ्न तथा दूरी कम गर्न सहयोगी भूमिका निर्वाह गर्ने हुँदा समय समयमा यस्ता कार्यक्रम हुनु पर्ने कुरामा जोड दिनु हुँदै कार्यक्रमको सफलताको लागि शुभकामना व्यक्त गर्नु भएको थियो ।

त्यसैगरी सम्पादन तथा प्रकाशन समितिका अध्यक्ष सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री प्रकाश वस्तीज्यूले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै सर्वोच्च अदालतबाट प्रकाशन हुने बुलेटिन खवर पत्रिकाको रुपमा लिइएकाले अदालतका सवै निर्णयहरू सम्पादनमा आवोस् भन्ने हाम्रो चाहना र अपेक्षा हो । फैसला / आदेशहरू मात्र होइन, मार्गनिर्देशक अन्तरिम आदेशहरू, १७ नं. का निवेदनमा व्याख्या भएका आदेशहरू, रायवाझी फैसला / आदेशहरू, पुनरावलोकनका निस्सा / आदेशहरू र दरपीठ आदेशहरू पनि प्रकाशन हुन् भन्ने हाम्रो चाहना हुँदा यस प्रकारका सामग्री सम्पादन शाखामा उपलव्ध गराउनु हामी सवैको कर्तव्य हो । सम्पादन तथा प्रकाशन समितिको तर्फबाट यहाँहरूले राख्नु भएको अपेक्षा समेत यस कार्यक्रममा उजागार हुन सकेमा हाम्रो लागि मार्गदर्शक हुनेछ भन्ने हाम्रो अपेक्षा छ । यस कार्यक्रममा सम्पादन तथा प्रकाशन शाखाको तर्फबाट बढी बोल्नु भन्दा पनि यहाँहरूकै वोली सुन्नको लागि यस कार्यक्रमको आयोजना गरिएको हो भन्दै सहभागीहरूको सक्रिय सहभागिताको अपेक्षासहित छलफलका लागि समय प्रदान गर्नु भएको थियो ।

यस अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल बार एशोसिएशनका अध्यक्ष तथा सम्पादन तथा प्रकाशन समितिका सदस्य श्री प्रेमबहादुर खड्काले सवै इजलास अधिकृतहरूलाई कार्यकक्षको यथोचित् व्यवस्था, कार्य वातावरणको प्रवन्ध तथा स्रोत सामग्रीको प्रवन्ध मिलाउन सकेमा मात्र फैसलामा गुणस्तरीयता आउने हुन्छ । यसका लागि सर्वोच्च प्रशासनले ध्यान दिनु जरुरी छ । इजलास अधिकृतहरूको वृत्ति विकासको समेत समयमा नै ध्यान दिन सकेमा कामप्रतिको लगावमा अझ चुस्तता आउने हुन्छ । यस कार्यक्रमले संस्थाभित्रका विविध शाखाहरू बीचमा अन्तरक्रियात्मक सम्वाद भई कार्यसम्पादनमा गुणस्तरियता कायम गर्न सफल होस् भन्ने शुभकामना व्यक्त गर्नु भएको थियो । अन्तरक्रिया कार्यक्रममा व्यवस्थापकीय तवरबाट सम्पन्न गर्नुपर्ने काममा कुनै कसर वाँकी नराख्ने कुरा सर्वोच्च अदालतका रजिष्ट्रार श्री लोहितचन्द्र शाहज्यूले वताउनु भयो भएको थियो भने आ-आफ्ना महाशाखाअन्तर्गत पर्ने कामहरू आफ्नो तर्फबाट सम्पन्न गर्ने प्रतिवद्धता प्रशासन महाशाखा प्रमुख श्री विपुल न्यौपानेज्यू र मुद्दा महाशाखा प्रमुख श्री नहकुल सुवेदीज्यूले प्रतिवद्धता जनाउनु भएको थियो । उक्त कार्यक्रममा समितिका सदस्य तथा अनुसन्धान महाशाखा प्रमुख श्री लालबहादुर कुँवरज्यूले कार्यक्रमको औचित्यतामाथि प्रकाश पार्नु भएको थियो भने सम्पादन तथा प्रकाशन समितिका सचिव श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटाद्वारा उक्त कार्यक्रम सञ्चालन भएको थियो । यस कार्यक्रममा सम्पादन तथा प्रकाशन समितिका पदाधिकारीज्यूहरू, सर्वोच्च अदालतका रजिष्ट्रारज्यू, सहरजिष्ट्रारज्यूहरू तथा इजलास अधिकृतहरूको उपस्थिति रहेको थियो ।

- **हामी सर्वोच्च अदालतबाट भएका सबै निर्णय, महत्वपूर्ण अन्तरिम आदेश, रीत वेरीतका आदेश, पुनरावलोकनमा निस्सा भएका आदेशहरु यस बुलेटिनमा प्रकाशित गर्दछौं ।**
- **सम्बन्धित इजलास अधिकृतबाट सबै निर्णयका सबै प्रतिलिपिहरु प्राप्त हुन्छन् भन्ने हामी विश्वास गर्दछौं ।**
- **यहाँ प्रकाशित निर्णयहरु केवल सूचना सम्प्रेषण गर्ने प्रयोजनका लागि हुन् । यिनको रीतपूर्वक नक्कल लिन सकिन्छ ।**
- **यहाँहरुको जानकारीमा भएका प्रकाशन योग्य महत्वपूर्ण फैसलाहरु *नेकाप*मा प्रकाशित हुन छुटेका छन् भने त्यस्ता फैसलाहरुको प्रतिलिपि सम्पादन शाखामा उपलव्ध गराई दिनु भएमा प्रकाशन गर्नेछौ ।**

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**– सर्वोच्च अदालत, मेलमिलाप समिति**